आयुर्वेद आदि नाकका रोगहरू

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

थोरै कुरा

आजभोली जसलाई हामी नाकको एलर्जी भन्ने गर्दछौं, आयुर्वेदमा त्यसको ठेट अर्थ पाईंदैन । लक्षणहरूका आधारमा अध्ययन गर्दा क्षवथु, भ्रशथु, प्रतिश्याय आदि रोगमा त्यसका लक्षणहरू पाइन्छ ।

यो सानो पुस्तिकामा नाकका रोगका सम्बन्धमा सम्भव भएसम्म धेरै प्राचीन आयुर्वेदीक जानकारी सङ्ग्रह गर्ने प्रयाश गरेको छु । विशेषतः पिनासका बारेमा बढी जानकारी दिइएको छ ।

कुरा उस्तै तर कुनै श्लोकको पाउ, शब्द र अक्षर फरक भएपनि सबै ग्रन्थका कुरा समेट्न प्रयाश गरिएको छ । कतै भूलवश दोहोरो परेको पनि सक्छ । सकेसम्म मिलाएर विषयगत सङ्कलनलाई सजिलो पार्ने प्रयाश गरेको छु ।

आयुर्वेद एक महासागर जस्तो हो भने मेरो क्षमता एक चम्चा जस्तो हो । मैले जतिसकेँ जसरी सकेँ समेटेर यहाँहरूका अगाडि राखिदिएको छु । गोरेटो कोरिदिएको छु कति फराकिलो बनाउने र कसरी बनाउने भन्ने जिम्मा तपाईँहरूको हो ।

रोगी, चिकित्सक, ओखती निर्माता कम्पनी र विद्यार्थीलाई तथा आयुर्वेदप्रति श्रद्धा हुने सबैलाई यो सानो प्रयाशले धेरै नै सहयोग पुग्नेछ भन्ने आश राखेको छु ।

सबै शब्दका अर्थ समेट्न सम्भव छैन र कतिपय शब्दको अर्थ मैले थाहा पाउन सकेको छैन । सङ्कलनको क्रम जारिरहेकोले सम्पादन राम्ररी गर्न मन लागेन । कतिपय विषय अंग्रेजीमा अनुवाद भएका पुस्तकबाट नेपालीमा अनुवाद गर्नुपरेको पुनः तिनै शब्द यहाँ राख्न सकिएन । असजिलो शब्द वा वाक्य उद्धरण गरेर प्रश्न गरिए, सम्भव भएसम्म बुझाउन प्रयाश गर्नेछु । भएका त्रुटीलाई एक विद्यार्थीको त्रुटी भनी सुध्रन अवश्य मद्दत गर्नुहुनेछ नै ।

पुस्तिका भित्रका कुरा यहाँ राखेर लम्ब्याउन चाहिन ।

अस्तु ।

मोहन प्रसाद सापकोटा

नस्य खण्ड

नस्यको परिभाषा

(क) शार्ङ्गधर संहिता :

नस्यं तत्कथ्यते धीरैर्नासाग्राह्यं यदौषधम् । नावनं नस्यकर्मेति तस्य नामद्वयं मतम् ॥

नाकमा हालिने ओखतीलाई नस्य भनिन्छ । यसलाई नावन वा नस्यकर्म : यी दुई नामले पनि चिनिन्छ ।

नस्यका प्रकार

(क) काश्यप संहिता :

बृंहणं कर्शनं चैव द्विविधं नस्यकर्म तु ।

बृंहण र कर्षण गरी नस्य दुई प्रकारका हुन्छन् ।

शोधनं पूरणं चैव द्विविधं नस्यमुच्यते ।

शोधन र पूरण (बृंहण) गरी नस्य दुई प्रकारको हुन्छ ।

(ख) शार्ङ्गधर संहिता :

नस्यभेदो द्विधा प्रोक्तो रेचनं स्नेहनन्तथा (नस्तथा) । रेचनं कर्षणं प्रोक्तं स्नेहनं बृंहणं मतम् ॥

नस्यका रेचक र स्नेहन गरी दुई विधि हुन्छन् । यिमध्ये रेचकले वात आदि विकारलाई टुक्रा पार्दछ भने स्नेहन विधिले धातुलाई बढाउँदछ ।

अवपीडः प्रधमनं द्वौ भेदावपरौ स्मृतौ ॥ शिरोविरेचनस्यात्र तौ तु देयौ यथायथम् ।

टाउका सफा गर्ने नस्य अवपीड र प्रधमन गरी दुई प्रकारका हुन्छन् । आवश्यकता अनुसार टाउको सफा गर्न यी दुई नस्य दिनू ।

नस्य दिने उमेर

(क) शार्ङ्गधर संहिता :

अष्टवर्षस्य बालस्य नस्यकर्म समाचरेत्॥ अशीतिवर्षादूर्ध्वञ्च नावनं नैव दीयते ।

नस्यकर्म आठ वर्षको बालकको गर्नू (यसभन्दा कम उमेरका बालकलाई नस्य नदिनू) । अस्सी वर्षभन्दा माथिकालाई नस्य दिइन्न ।

नस्य दिने समय

(क) शार्ङ्गधर संहिता :

कफपित्तानिलध्वंसे पूर्वमध्यापराह्णके । दिने तु गृह्यते नस्यं रात्रावप्युत्कटे गदे ॥

कफका रोग नाश गर्न बिहान, पित्तका रोग नाश गर्न मध्याह्नमा र वातका रोग नाश गर्न अपराह्नमा नस्य दिनू । रोग कडा भए रातमा नस्य दिनू ।

नस्यकर्ममा ओखतीको मात्रा

(क) शार्ङ्गधर संहिता :

नस्यकर्ममा ओखतीको मात्रा

नस्यकर्मणि दातव्यं शाणैकं तीक्ष्णमौषधम्॥ हिङ्गुस्याद्यावमात्रन्तु माषैकं सैन्धवं स्मृ(म)तम्। क्षीरं चैवाष्टशाणं स्यात् पानीयञ्च त्रिकार्षिकम्॥ कार्षिकं मधुरं द्रव्यं नस्यकर्मणि योजयेत्।

नस्यकर्मका तिक्खर ओखती भए एक शाण, हिङ हाल्ने भए एक यव, सिधेनुन दुई मासा, दूध आठ शाण, पानी तीन कर्ष र दारिम आदि गुलिया कुरा एक कर्ष हाली नस्य तयार पार्नु पर्दछ।

नस्य दिन नहुने अवस्था

(क) शार्ङ्गधर संहिता :

नस्यं त्यजेद्भोजनान्ते दुर्दिने चापतर्पणे । तथा नवप्रतिश्यायी गर्भिणी गरदूषितः ॥
अजीर्णी दत्तवस्तिश्च पीतस्नेहोदकासवः । क्रुद्धः शोकाभिभूतश्च तृषार्तो वृद्धबालकौ ॥
वेगावरोधी स्नातश्च स्नातुकामश्च वर्जयेत् ।

खाना खानासाथ नस नहाल्नू । आकाश बादलले ढाकेको दिन नाकमा नस नहाल्नू । भर्खर पिनास लाग्न शुरु भएका, गर्भवती, विषविकारका रोगी, अजीर्णका रोगी, वस्तिकर्म गरेका मानिस, नियमित चिल्लो र मदिरा पिउने मानिस; रिस, शोक र तिर्खाले ग्रस्त मानिस; वृद्ध र बालक; वायु, मल मूत्र आदि वेग रोकिएका मानिस तथा भर्खर नुहाएको वा नुहाउनु पर्ने मानिसले नाकमा नस नहाल्नू ।

नस्यका फाइदा

(क) काश्यप संहिता :

ते गुणा बृंहण... । ...नस्यमुच्यते॥

उल्लेखित गुणको बृंहण.. तथा कर्षण नस्य हितकर मानिएको छ ।

रोगशान्तिः प्रमोदश्च देहयात्रानुवर्तनम् । स्मृतिमेधाबलाग्न्याप्तिरिन्द्रियाणां प्रसन्नता॥
विद्धि सम्यक्कृते नस्ये दुर्योगस्तदलक्षणैः ।

राम्ररी वा विधिपूर्वक दिइएको नस्यले रोग शान्त हुन्छ, आनन्द हुन्छ र शरीरको यात्रा ठिक तरिकाले हुन्छ । रोगीको दिमागको ग्रहण गर्ने क्षमता, सम्झनाशक्ति, बल र पाचनशक्ति बढ्दछ तथा इन्द्रियहरू प्रसन्न हुन्छन् ।

नस्य हाल्ने विधि

(क) काश्यप संहिता :

**कफानिलाधिकत्वे ष ...
कवृश्चीकापिप्पलीक्ष्वाकुक्षवकप्रवरकशिग्रबीजशिरीषबीजापामार्गबीजनक्तमालबीज-
लसुनबीजमयूरकसैन्धवसौवर्चलवराङ्गत्वग्ज्योतिष्मतीविश्वभेषजाद्यन्यतमं द्वे त्रीणि ...
धौतायां दृषदि बीजपूरकस्वरसमूर्च्छितमार्द्रकस्वरसमूर्च्छितं वा
तयोर्वाऽन्यतमं क्षौद्रमृद्वीकासंयुतमाङ्कूके समवाप्येषदुष्णं
कृत्वाऽऽतुराय प्राक्शिरसे शयानायोन्न तनासाग्राय ...
गलधमनीमुखललाटनासिकाशिरःश्मश्रुमुखमन्यादेशानर्हतः
स्वेदयित्वा भिषग्भिषगनुमतो वा वामेनाङ्गुष्ठेनावनम्य नासिकाग्रं शिरस्तो भवेद् दक्षिणे ...
त्वन्यत्राल्पशोऽल्पशो दत्त्वा श्लेष्माणमाकर्षयेदभीक्ष्णं च
हृदयादीनङ्गावयवान् स्वेदयेत् परिमृद्नीयादनु त्वल्पकफप्रसेचनात् ।
त्रिचतुष्पञ्च कृत्वेति वा ... तः शुष्कचूणर्नैनि प्रधमनानि जिघ्रतो वस्त्रपुटिकाबद्धानि भवन्ति ।
क्षौद्रयुतानि त्ववपीडः स्यात् । मुखनासिकयोरलं कफं विघातयतीति परिषत्॥**

कफ तथा वायु बढी हुँदा...पृश्निपर्णी, पिप्ला, डल्ले लौका, छिउँके झार, अगर, सजवनका बीज, शिरीषका बीज, दतिवनका बीज, राजवृक्षका बीज, लसुनका बीज, दतिवन, सिँधेनुन, सौँचर नुन, अम्लवेत, दालचिनी, मालकागुनु, सुठो आदिओखतीमध्ये उपलब्ध दुई वा तीन ओखती पानीमा पखालेर सिलौटामा पिसी बिमिरोको रसमा वा अदुवाको रसमा भिजाएर मह र मुनक्का मिसाई एउटा शङ्खका आकारको भाँडामा हाली केही तताउनू । यसपछि रोगीलाई पूर्वतिर सिरान पारी नाक मास्तिर पर्ने गरी सुताउनू । ...त्यसपछि रोगीको घाँटीका (बाहिरी) नसा, मुख, निधार, नाक, टाउको, दाह्रीजुँगा, मुख र गर्धनलाई आवश्यकता अनुसार सेकी पसिना बगाउनू । यसपछि वैद्य वा वैद्यको अनुमती दिएको अरु कसैले बायाँ हातको बूढीऔंलाले नाकको टुप्पो टाउकोभन्दा केही तल झुकाएर दायाँ हातले पिचकारीका माध्यमले ...अलिअलि गरेर चिल्लो नाकभित्र हाल्दै जानू र सिङान लगातार बाहिर निकाल्दै जानू । यसपछि बचेको सिङान पखालेर छाती वा मुटु आदि अङ्गलाई पटकपटक स्वेदन गर्नू र विस्तार विस्तार मालिस गर्नू । यस्तो विधि तीन, चार वा पाँच पटक गर्नू । ...त्यसपछि कपडामा पोको पारेको ओखतीको सुकेको धूलोले प्रधमन नस्य दिनू । त्यसैमा मह मिसाएर अवपीड नस्य दिनू । यसो गर्नाले मुख र नाक भित्र रहेको कफ नाश हुन्छ । यस्तो विज्ञहरूले बताएका छन् ।

तैरेव कटुतैलमज्जामूत्रसिद्ध...। (इति ताडपत्रपुस्तके १४९ तमं पत्रम् ।) । बालाय धात्र्यङ्कगताय बलादुपगृह्य देयं; व्याधिर्ह्युपेक्ष्यमाणो विषवत् परिणमति, तस्मान्नातिद्रुतं नातिविलम्बितं नातिघनं नातितनुं नात्युष्णं नातिशीतं ...द्वा पिपासतः पीतवतो वा नापक्वे प्रतिश्याये नाजीर्णे न वातशिरोरोगज्वरयोर्न श्रमे न शिरःस्नातुकामस्य न सद्यःशिरःस्नातस्य न रजस्वलायाः ...कर्म विदध्यादन्यत्रात्ययात् । तस्यातिद्रुतं दत्तमौषधं प्राणानुपरुणद्धि, खानि चास्योपतप्यन्ते, श्वासकासहिक्कालालास्रावसवाग्ग्रहायासाश्चोत्पद्यन्ते । ...वाऽत्युष्णं दाहं व्रणान् दिवाकरावर्तं चोत्पादयति । अतिशीतं विष्टम्भयति । अतिबहु सकृदाशु प्रत्यागच्छति । अल्पं शश्वदावेजयति । अतिबहुशो वातप्रको...अतितीक्ष्णमजस्रं स्मृतिभ्रंशोन्मादवातादीन् प्रकोपयति । एतेनैवोपचारो व्याख्यातः ॥

उपर्युक्त ओखतीहरू नै सर्सिउँको तेल, मासी तथा गहुँत आदिमा हालेर (नस्य द्रव्य) तयार पारी...त्यसको नस्य बालकलाई आमाका काखमा बसाएर उसलाई बलियोसँग समाती दिनुपर्दछ । रोगलाई बेवास्ता गर्नाले विषले जसरी नतिजा दिन्छ । यसैले बालकलाई धेरै चाँडो नगरी, धेरै ढिला नगरी, न धेरै बाक्लो, न धेरै पातलो, न धेरै तातो न धेरै चिसो : यस्तो नस्य दिनुपर्दछ ।...तथा यो नस्यकर्म अत्यन्त अति आवश्यक पर्दा बाहेक सामान्यतः तिर्खा लाग्दा, पानी पिएपछि, भर्खर प्रतिश्याय हुँदा, अजीर्णमा, वातका रोगमा, टाउकाका रोगमा, जरो आउँदा, थकाई लागेका बेलामा, टाउको सहित नुहाउने मन हुँदा, टाउको सहित भर्खर नुहाएका बेलामा तथा रजस्वला...लाई दिन हुँदैन । अति चाँडो दिइने नस्यले उसको प्राणवायुलाई रोक्दछ र उसका स्रोतलाई पीडा दिन्छ । उसलाई दम, खोकी, बाडुली, राल बहने, बोलीमा समस्या र थकान जस्ता समस्या हुन्छ । ...अति तातो नस्य दिँदा डाह, खटिरा र सूर्यावर्त हुन्छ । अति चिसो नस्य दिँदा कब्जियत हुन्छ । एकैपटक धेरै नस्य दिँदा तुरुन्त बाहिर निस्कन्छ । थोरै नस्य दिँदा लगातार पीडा हुन्छ । पटकपटक नस्य दिँदा वायु विकृत हुन्छ । ...अति तिक्खर नस्य दिँदा सम्झनाशक्ति लगातार कम हुँदै जान्छ, पागलपन निस्कन्छ र वात आदि विकृत हुन्छन् । यिनै कुराबाट उपचार विधि बताइएको छ ।

अथ पीतवतो नस्यकर्मणा नासास्रावशिरोरोगगौरवकफप्रसेका ...पक्वे प्रतिश्याये घ्राणोपघातपूतिनाससोर्मीरमिन्मिन नासार्शांसि । अजीर्णप्रतिश्याये पार्श्वोपरोधकण्ठो-द्ध्वंसकासश्वासच्छर्दिज्वरारोचकारतयः । शिरःस्नातस्य... ऽर्धावभेदकज्वराग्निनाशाः । वातज्वरादिषु तानेव रोगान् संतनोति । रजस्वलाया ऋतुर्व्यापद्यते । शुद्धस्नाताया योनिरुपशुष्यति । गर्भिण्या हीनाङ्गस्य...पघातारोचकौ । बुभुक्षितस्य क्लमारुची । तृषितस्य कासश्वासकफच्छर्दयः । अथ खल्वेषां यथार्थमौषधमुपदेक्ष्यामः- रूक्षं स्निग्धं वोभयं हि नस्तःकर्म ...तेषां स्वं स्वं चिकित्सितमविरुद्धम् । अयं चात्र विशेषः-मृद्वीकादाडिमजम्ब्वाम्रमुस्तशृतं कषायं शीतं स्रुतं पूतं सक्षौद्रशर्करं पाययेच्छर्द्याम् । पूर्ववच्च...प्रशस्यते । रक्तशालिमुद्गमण्डसैन्धवोष्णभोजनं च स्वेदलङ्घनकवलग्रहावपीडष्ठीवनानि च धूपनधूमपाने च प्रतिश्याये लङ्घनमिति परिषत्॥ जीर्णे ...। (इति ताडपत्रपुस्तके १५० तमं पत्रम् ।) ।

पानी पिएपछि नस्यकर्म गर्नाले नाकबाट पानी बहने, टाउकाका रोग हुने, शरीर भारी हुने र कफ आइरहने जस्ता समस्या हुने गर्दछ । ...पाकेको पिनासमा नस्यकर्म गर्नाले नाकको गन्ध सुँघ्ने क्षमता नाश हुन्छ, नाक गनाउन थाल्दछ, सोर्मीर (?), नाकेबोली हुने , नासार्श हुने जस्ता समस्या देखिन्छ । भर्खर लागेको पिनासमा नस्यकर्म गर्दा कोखो असजिलो हुने, घाँटी बिग्रने, खोकी लाग्ने, दम हुने, वाकवाकी लाग्ने, जरो आउने, अरुचि हुने, केही गर्न मन नलाग्ने जस्ता समस्या देखा पर्दछ । टाउको समेत नुहाएका बखतमा नस्यकर्म गर्नाले...अधा दुख्ने, जरो आउने र अग्नि नाश हुने समस्या देखिन्छ । वातज्वर आदिमा नस्यकर्म गर्दा तिनैरोग झन बढ्ने गर्दछ । रजस्वलालाई नस्यकर्म गराउनाले महिनावारी सम्बन्धी रोग हुन्छ । महिनावारी भएर नुहाई चोखिएकी स्त्रीलाई नस्यकर्म गराउनाले उनको जननेन्द्रिय सुक्दछ । गर्भवतीलाई नस्यकर्म गराउनाले जन्मने बालक अङ्गहीन हुन्छ ...र उनलाई समेत अरुचि हुन्छ । भोक लाग्दा नस्यकर्म गराउनाले मानसिक थकाई लाग्ने, र अरुचि हुने गर्दछ । तिर्खा लाग्दा नस्यकर्म गराउनाले खोकी, दम र कफ बान्ता हुने गर्दछ । अब म यसको लागि उचित ओखती बताउँदछु । नस्यकर्म रुखो र चिल्लो दुवैथरी गर्न सकिन्छ । ...यिनको आआफ्नो अविरोधी उपचार गरिन्छ । यसमा निम्न विशेषता हुन्छ-वाकवाकीमा मुनक्का, अनारदाना, जामुनु वा फणिर तथा आँपको कोया र नागरमोथे आदि ओखती हालेर पकाइएको काँढापानी सेलाएपछि, तिर्यक्पातित (?), छानेर त्यसमा मह र मिस्री मिसाएर पिउन दिनुपर्दछ ।

...प्रतिश्यायमा रातोमार्सी, मुगीको मण्ड, सिँधेनुन सहितको तातो भोजन, पसिना निकाल्ने कार्य, भोको राख्ने कार्य, मुखमा ओखती पानी लिइरहने कार्य, अवपीड नस्य, थुक्ने कार्य तथा धूप र धूमपान दिनु भने विज्ञहरूले बताएका छन् ।

कफप्रसेके त्रिफलाचूर्णं ससैन्धवं सक्षौद्रं वा लिह्यात् । चक्षुषोरुक्तं सैन्धवमरीचरसाञ्जनमनःशिला वाऽजाक्षीरपिष्टा वर्त्यः कण्डूतिमिरोपदेहदूषिकाशमन्यो भवन्ति । रसक्रिया वा स ...शिरोविरेचनधूमपानावपीडवमनविरेचननिरूहपथ्यभोजनानि शस्यन्ते । देवदारुतालीसमांसीमुस्तशिग्रुगन्धर्ववासकपुनर्नवाकल्कैः सक्षौद्रैस्तैलं पक्वमभीक्ष्णमुपचार्यमाणमस्य योऽतिनस्या...र्य तृष्णालोः शीततो वेपमानस्य तीक्ष्णं शिरोविरेचनमनिलशङ्खहनुस्तम्भदिवाकरावर्तातिमोहानुपज नयति ज्वरं वा सोपद्रवं; तेषु कुमारतैलं यष्टीमधुकतैलं पुनर्नवातैलं घृतं वा तद्वत्संस्कृतं वा ...त्रकं प्रशस्यते, जाङ्गलश्च संस्कृतो रसः । निद्रानाशे मत्स्यमांसदधियवगोधूमशालिषष्टिकान्नगुडसंस्कृतानि स्नेह लवणवेषणोपदंशयुक्तान्यानयन्ति निद्राम् । रजस्वलायाः स्नाताया गर्भिण्याश्च पुष्पाध्याययूषाध्याय ...येभ्योऽध्यायेभ्यो भेषजं विदद्ध्यात् । क्षीरं वा जीवनीयोपसिद्धमिति परिषत् ॥

पुरानो...कफ बग्दा त्रिफलाको धूलोमा सिँधेनुन वा मह मिसाएर दिनुपर्दछ । आँखाका रोगमा सिँधेनुन, मरिच, रसाञ्जन तथा मनसिलालाई बाख्रीको दूधमा पिसेको सुप्लो; आँखा चिलाउने, तिमिर, उपदेह आदि रोग यसले शान्त पार्दछ भनिएको छ । अथवा यिनै ओखतीको रसक्रियाको प्रयोग गरिन्छ । ...तथा त्यसपछि शिरोविरेचन, धूमपान, अवपीडन नस्य, वमन, विरेचन, निरूहवस्ति र पथ्य भोजन आदिको प्रयोग गर्नु हितकर मानिएको छ । नस्य धेरै प्रयोग गरी हुने हानी वा सह-रोगमा देवदार, तालीशपत्र, जटामसी, नागरमोथे, सजिवन, सेतो अँडिर, असुरो, पुनर्नवा र महसँग तेल पकाएर त्यो तेल लगातार पिउने गर्नुपर्दछ । ...तिर्खा र जाडोले कामिरहेको रोगीलाई तीक्ष्ण शिरोविरेचन दिनाले वायुका कारण कञ्चटको भाग र चिउँडो लाटो हुन्छ, सूर्यावर्त, अतिमोह र सह-रोग सहितको जरो आउँदछ । यस्तो अवस्थामा कुमारतैल, यष्टीमधुतैल, पुनर्नवा तैल वा यिनै कुरा हालेर पकाइएको घिउ तथा...जाङ्गल जीवजन्तुको मासुको रस पिउन दिनु हितकर हुन्छ भनिएको छ । निद्रा नपर्दा विधिपूर्वक पकाइएको चिल्लो, सिँधेनुन, त्रिकटु, साँधिएको (उपदंश) माछाको मासु, दही, जौ, गहुँ, मार्सीचामल, सठिया चामल, सक्खर आदि प्रयोग गर्नाले निद्रा लाग्दछ । रजस्वला, रजस्वला स्नान गरेकी र गर्भवतीको पुष्पाध्याय, यूषाध्याय... आदि अध्यायमा बताइएको ओखतीले उपचार गर्नू । अथवा जीवनीय ओखती हालेर पकाइएको दूध पिउन दिनू । यस्तो विज्ञहरूको राय छ ।

तत्र श्लोकाः...
कुमारतैलमेतेषां व्याधीनां शमनं परम् । नस्ये पाने तथाऽभ्यङ्गे पुराणं घृतमेव च ॥
लङ्घनं धूमधूपौ च स्वेदोष्णपरिषेचनम् । उपनाहोऽवपीडश्च श ... ॥

उपर्युक्त रोगहरूमा नस्य, पान तथा मालिसका माध्यमले कुमारतैल वा पुराणघृतको प्रयोग गर्नाले यी रोग शान्त हुन्छन् । अथवा भोको राख्ने, धूमपान गराउने, धूप दिने, पसिना निकाल्ने, तातो पानीले शेचन गर्ने र अवपीड नस्य दिने कार्य गर्नुपर्दछ ।

यवान्नं शालयो मुद्गधात्रीदाडिमसैन्धवम् । हितं नस्यविधौ भोज्यं तदा ह्यार्तस्य विभ्रमे ॥

नस्यकर्म गर्दा रोगीलाई रिँगटा लागेमा (विभ्रम भएमा) जौको भात, मार्सी चामल, मुगी, हर्रो, अनारका दाना र सिँधेनुन खुवाउनु पर्दछ ।

नस्यकर्मणि बालानां स्तनपानां विशेषतः । कटुतैलं प्रयुञ्जीत घृतं वा सैन्धवान्वितम् ॥
बिन्दुं बिन्दुमथो द्वौ द्वौ त्रींस्त्रीन् वा रोगदर्शनात् । अङ्गुल्या नासयोर्दद्यादपिदध्यात् क्षणं ततः ॥
तेनास्य पच्यते श्लेष्मा श्लेष्मणा न च बाध्यते ।

नस्य कर्ममा विशेषगरी दूध पिउने बालकलाई सर्सिउँको तेल अथवा सिँधेनुन मिसाइएको घिउ प्रयोग गर्नुपर्दछ । यसका लागि जबसम्म रोग रहन्छ तबसम्म औँलाका माध्यमले नाकभित्र दुईदुई अथवा तीनतीन चिल्लोको थोपा हाली केहीबेर नाक बन्द गर्नू । यसो गर्नाले उसको कफ पाक्दछ र त्यो कफले उसलाई कुनै हानी गर्दैन ।

स्नानादीन् परिहारांश्च यथोक्तानुपचारयेत् ॥

यसपछि नुहाउने आदि जस्ता उचित बार्ने कुरा बार्नू ।

(ख) शार्ङ्गधर संहिता :

नस्य हाल्ने विधि

अथ नस्यविधिं वक्ष्ये नस्यग्रहणहेतवे ॥ देशे वातरजोमुक्ते कृतदन्तनिघर्षणम् ।
विशुद्धं धूमपानेन स्विन्नभालगलन्तथा ॥ उत्तानशायिनं किञ्चित् प्रलम्बशिरसं नरम् ।
आस्तीर्णहस्तपादञ्च वस्त्राच्छादितलोचनम् ॥ समुन्नमितनासाग्र(ग्रं) वैद्यौ नस्येन योजयेत् ।
कोष्णमच्छिन्नधारञ्च हेमतारादिशुक्तिभिः ॥ शुक्त्या वा यन्त्रयुक्त्या वा प्लोतैर्वा नस्यमाचरेत् ।

अब नस हाल्ने तरिका बताउँदछु । जुन ठाउँमा हावा चल्दैन, धुलो उड्दैन त्यहाँ नस हाल्ने व्यक्तिलाई दाँत माझी धूमपान गराएर, कपाल र घाँटी शुद्ध पार्न लगाएर, पसिना निकाल्न लगाई उत्तानो पारेर सुताउनू । टाउको केही तन्काउन लगाउनू । गोडा पसार्न लगाउनू । कपडाले आँखा छोप्नू । त्यसपछि वैद्यले नाक केही ठाडो पारी हल्का तातो नसको धारा (वा थोपा) नाकमा एकनासले खसाल्नू । धारो हाल्दा सुन, चाँदी, सिपी वा कौडीका भाँडाले वा कपडाका टुक्राले हाल्नू ।

नस्य लिएपछिका नियम र नियम पालना नगर्दाको असर

नस्येष्वासिच्यमानेषु शिरो नैव प्रकम्पयेत् ॥ न कुप्येन्न प्रभाषेत नोच्छिन्देन्न हसेत्तथा ।
एतैर्हि विहितः स्नेहो नैवान्तः सम्प्रपद्यते ॥ ततः कासप्रतिश्यायशिरोऽक्षिगदसम्भवः ।

नाकमा नस हालेपछि टाउको नहल्लाउनू, नरिसाउनू, कसैसँग नबोल्नू, बल गरी गरी हाच्छिउँ नगर्नू, नहाँस्नू । यदि यी काम गरियो भने हालिएको नसको चिल्लो टाउकाको भित्रसम्म पुग्दैन । यसबाट उल्टो खोकी लाग्ने, पिनास हुने (वा बढ्ने) तथा टाउको र आँखा दुख्ने जस्ता समस्या देखिन्छन् ।

शृङ्गाटकमभिप्लाव्य स्थापयेन्न गिलेद् द्रवम्॥ पञ्च सप्त दशैव स्युर्मात्रा नस्यस्य धारणे ।
उपविश्याथ निष्ठीवेन्नासावक्त्रगतं द्रवम्॥ वामदक्षिणपार्श्वाभ्यां निष्ठीवेत्सम्मुखे न हि ।

नस दिएपछि नसलाई वा कपास आदिमा भिजाइएको नसलाई दुई आँखीभुइँको बीच चारपाटे परेको भागमा राख्नू । यो राख्ने अवधि पाँच, सात वा दश मात्राको हुन्छ । यसपछि नस दिएको मानिसलाई बस्न लगाउनू र नाकमुखबाट झरेको पदार्थलाई दायाँ वा बायाँ थुक्न लगाउनू, सोझै अगाडि थुक्नु हुन्न ।

नस्य पछि गर्न नहुने कुरा

नस्ये नीते (नीते नस्ये) मनस्तापं रजः क्रोधञ्च सन्त्यजेत्॥
शयीत निद्रां त्यक्त्वा च उत्तानो वाक्छतं नरः । तथा वैरेचनस्य(श्च)ान्ते धूमो वा कवलो हितः॥

नस हालेपछि मनमा पीर नलिनू, धुलो उड्ने ठाउँमा नबस्नू, नरिसाउनू, ननिदाउने गरी सय गनिन्जेलसम्म उत्तानो सुत्नू । विरेचन नस्य हालिएको भए नस्यको अन्तमा धूमपान र मुख कुल्ला नगराउनू ।

नस्यका तीन लक्षण

नस्ये त्रीण्युपदिष्टानि लक्षणानि प्रयोगतः । शुद्धिहीनातियोगानि विशेषाच्छास्त्रचिन्तकैः॥

शास्त्र जान्ने विद्वान् वैद्यहरूले नस्यकर्ममा शुद्धि, हीनयोग र अतियोग गरी तीन लक्षण हुन्छन् भनी बताएका छन् ।

शुद्धिका लक्षण

लाघवं मनसः शुद्धिः स्रोतसां व्याधिसङ्क्षयः । चित्तेन्द्रियप्रसादश्च शिरसः शुद्धिलक्षणम्॥

नस हाली टाएको सफा भए शरीर हलुका हुन्छ, नसाहरु शुद्ध भई खुल्दछन्, मुख-नाक-कान र मलद्वार आदि मल उत्सर्जन हुने द्वारहरु शुद्ध भई खुल्दछन्, टाउकाका रोगहरू नाश हुन्छन् र मन तथा इन्द्रिय प्रसन्न हुन्छन् ।

हीनयोगका लक्षण

कण्डूपदेहो(हौ)गुरुता स्रोतसां कफसंस्रवः । मूर्ध्नि हीनविशुद्धे तु लक्षणं परिकीर्तितम्॥

नस हालेर टाउको राम्ररी सफा नभए शरीर चिलाउने, भारी हुने र च्याटच्याट लाग्ने हुन्छ । यसका साथै मुख र नाकबाट कफ बग्न थाल्दछ ।

हीनयोग र अतियोग भएको उपचार

हीनातिशुद्धे शिरसि कफवातघ्नमाचरेत् । सम्यग्विशुद्धे शिरसि सर्पिर्नस्ये निषेचयेत्॥

हीनयोग अतियोगको नस्यमा कफवात नाशक नस्य दिनू । अतियोगमा भने घिउको नस हाल्नू ।

नस हालेपछि टाउकोमा धेरै चिल्लो भएको लक्षण

कफप्रसेकः शिरसो गुरुतेन्द्रियविभ्रमः । लक्षणं तदतिस्निग्धे तत्र रूक्षं प्रदापयेत्॥

नस हालेर टाउको भित्र चिल्लो बढी भए सास फेर्दा नै कफ मिसिएर आउन थाल्दछ । टाउको भारी हुन्छ । इन्द्रिय भ्रमित हुन्छन् । यस बेला उसलाई रुखो पदार्थको नस दिनु पर्दछ ।

नस हालेपछि खान हुने कुरा

भोजयेच्चानभिष्यन्दि नस्याचारिकमादिशेत् ।

नस हालेपछि भैंसीको दही आदि अभिष्यन्दी वा कफवर्धक पदार्थ नखानू । नस लिनेले शिष्टजनका कुरा मानेर त्यस अनुसार आचरण गर्नु पर्दछ ।

नस्यको मात्रा

(क) शार्ङ्गधर संहिता :

नस्यको मात्रा

नासिकारन्ध्रयोरष्टौ षट् चत्वारश्च बिन्दवः॥ प्रत्येकं रेचने योज्या मुख्यमध्यान्त्यमात्रया ।

रेचनका लागि नाकका दुवै प्वालमा ओखतीको आठ थोपा हाल्नु उत्तम, छ थोपा हाल्नु मध्यम र चार थोपा हाल्नु अल्प मात्रा हो । (यो कालमा दुई दुई थोपा दिनु हितकर हुन्छ) ।

विन्दु (वा थोपा) को परिभाषा

स्नेहे ग्रन्थिद्वयं यावन्निमग्ना चोद्धृता ततः । तर्जनी यं स्रवेद्बिन्दुं सा मात्रा बिन्दुसंज्ञिता॥
एवं विधैर्बिन्दुसंज्ञैरष्टभिः शाण उच्यते । स देयो मर्शनस्ये तु प्रतिमर्शो द्विबिन्दुकः॥

घिउ तेल आदि चिल्लोमा दुई आँख्ली डुब्ने गरी चोर औंलो डुबाएर बाहिर निकाली चुहाउँदा एक पटकमा जति झर्दछ त्यसलाई एक बिन्दु भनिन्छ । यस्तो आठ बिन्दुको एक शाण हुन्छ । यस्तो एक शाण नस्य मर्श नस्यमा दिनू । प्रतिमर्श नस्यमा भने दुई बिन्दु मात्र दिनु पर्दछ ।

नस्यको अतियोग

(क) काश्यप संहिता :

उन्मादवातपित्तौँश्च...॥ ...हृद्द्रवौ । सूर्यावर्तो न तृप्तिश्च नस्येनात्यपतर्पिते ॥

नस्यको अतियोग हुँदा रोगीमा पागलपन, वायु र पित्त दूषित हुने, हृद्द्रव रोग (Palpitation of the heart)। सूर्यावर्त रोग र तृप्ति नहुने जस्ता लक्षणहरू देखिन्छन् ।

(ख) शार्ङ्गधर संहिता :

मस्तुलुङ्गागमो वातवृद्धिरिन्द्रियविभ्रमः । शून्यता शिरसश्चापि मूर्ध्नि गाढं विरेचिते ॥

नस हालेर टाउको अति धेरै सफा भए गिदी समेत पग्लेर नाक आदिबाट बाहिर निस्कन थाल्दछ, शरीरमा वातविकार बढ्दछ, इन्द्रियलाई भ्रम हुन थाल्दछ र टाउको पनि लाटो हुन्छ ।

नस्यमा प्रयोग गरिने चिल्लो

(क) शार्ङ्गधर संहिता :

नस्या...मूर्धकर्णाक्षितर्पणे(णैः) । तैलं घृतं वा युञ्जीत दृष्ट्वा दोषबलाबलम् ॥

नस हाल्न र टाउकामा दल्न वात आदि विकार विचार गरेर तेल अथवा घिउको प्रयोग गर्नू ।

रोग अनुसारका नस्य

(क) काश्यप संहिता :

बृंहणं वातरुक्प्राये कफाधिक्ये तु कर्शनम् ॥

वायुविकारको प्रमुखता हुने रोगमा बृंहण र कफविकारको प्रमुखता हुने रोगमा कर्षण नस्य दिइने गरिन्छ ।

(ख) शार्ङ्गधर संहिता :

ऊर्ध्वजत्रुगते रोगे कफजे स्वरसङ्क्षये॥ अरोचके प्रतिश्याये शिरःशूले च पीनसे । शोफापस्मारकुष्ठेषु नस्यं वैरेचनं हितम्॥ भीरुस्त्रीकृशबालानां नस्यं स्नेहेन दीयते(शस्यते) ।

घाँटी (खँगाल्नु) भन्दा माथिका रोगमा, कफजन्य स्वरसम्बन्धी रोगमा, अरुचीमा, रुघामा, पिनासमा, सुजनमा, अपस्मारमा र कुष्ठरोगमा रेचक नस्य दिनु लाभदायक हुन्छ । डराएको मानिस, स्त्री, दुब्लो र बालकलाई चिल्लो मिसाइएको नस्य दिनू ।

अवपीड नस्य

(क) शार्ङ्गधर संहिता :

कल्कीकृतादौषधाद्यः पीडितो निःसृतो रसः ॥ सोऽवपीडः समुद्दिष्टस्तीक्ष्णद्रव्यसमुद्भवः ।

तिक्खर खालको ओखती (सुठो, मरिच आदि) पिसी लेदो बनाएर निचोर्नू । यस्तो रसलाई "अवपीड" भनिन्छ । (यस्तो रसले दिइने नस्यलाई अवपीड नस्य भनिन्छ) ।

प्रतिमर्श नस्य

(क) शार्ङ्गधर संहिता :

प्रतिमर्श नस्यको मात्रा

प्रतिमर्शस्य मात्रा तु द्विद्विबिन्दुमिता मता । प्रत्येकशो नयन(नस्तक)योः स्नेहेनेति विनिश्चितम् ॥

घिउ आदि चिल्लो पदार्थका दुई दुई थोपा एक एक नयनमा (वा नाकका प्वालमा) हाल्नुलाई प्रतिमर्श नस्यको विन्दुरुपी मात्रा भनी थाहा पाउनु पर्दछ ।

प्रतिमर्श नस्य हाल्ने समय

समयाः प्रतिमर्शस्य बुधैः प्रोक्ताश्चतुर्दश । प्रभाते दन्तकाष्ठान्ते गृहान्निर्गमने तथा ॥
व्यायामाध्वव्यवायान्ते विण्मूत्रान्तेऽञ्जने कृते । कवलान्ते भोजनान्ते दिवासुप्तोत्थिते तथा ॥
वमनान्ते तथा सायं प्रतिमर्शः प्रयुज्यते ।

प्रतिमर्श नस्य हाल्ने समय चौध वटा हुन्छन् । बिहान, दाँत माझेपछि, घर बाहिर जाने बेलामा, कुनै परिश्रम गर्दा त्यसको अन्तमा, कतै डुलेर आएपछि, ग्राम्यधर्म पछि, दिसा गरि सकेपछि, पिसाब गरि सकेपछि, आँखामा गाजल आदि लगाइ सकेपछि, सुतेर उठेपछि, मुखमा ओखती पानी लिएर थुकेपछि, खाना पछि, दिनमा सुतेर उठेपछि, बान्ता गरि सकेपछि र साँझमा । यी समयमा प्रतिमर्श नस्य दिइन्छ ।

प्रतिमर्श नस्यले काम गरेको लक्षण

ईषदुच्छिक्कनात्स्नेहो यदा वक्त्रं प्रपद्यते ॥
नस्ये निषिक्तं तं विद्यात्प्रतिमर्शप्रमाणतः । उच्छिन्दन्न पिबेच्चैतन्निष्ठीवेन्मुखमागतम् ॥

नस हालेपछि हलुका हाच्छिउँ आई हालिएको नस मुखबाट बाहिर आए प्रतिमर्श नस सफल भयो भनी थाहा पाउनू । नस लिनेले नस लिएपछि मुखमा आएको चिल्लो ननिल्नू, खकारेर थुक्नू ।

प्रतिमर्श नस्य दिन हुने मानिस

क्षीणे तृष्णास्यशोषार्ते बाले वृद्धे च युज्यते । प्रतिमर्शेन शाम्यन्ति रोगाश्चैवोर्ध्वजत्रुजाः ॥
वलीपलितनाशश्च बलमिन्द्रियजं भवेत् ।

शरीरका धातु खिइएका मानिस, तिर्खाले वा मुख सुकेर आकुल भएका मानिस तथा बालक र वृद्धलाई प्रतिमर्श नस्य दिनू । घाँटीभन्दा माथिका रोग हुने, छाला शिथिल हुने, उमेर नपुग्दै कपाल फुल्ने

जस्ता रोगमा प्रतिमर्श नस्य दिनाले रोग निको हुन्छ । यो नस्यले आँखा आदि इन्द्रियमा बल समेत आउँदछ ।

प्रधमन नस्य

(क) शार्ङ्गधर संहिता :

षडङ्गुला द्विवक्त्रा वा नाडी चूर्णन्तया धमेत्॥ तीक्ष्णं कोलमितं वक्त्रवातैः प्रधमनं हि तत्।

छ अमल लामो र दुई मुखे नली बनाई त्यस मार्फत तिक्खर ओखतीको धुलो एक कोल हाली मुखले फुकेर नाक भित्र छिराउनुलाई प्रधमन नस्य भनिन्छ ।

प्रधमन नस्य दिन योग्य मानिस

अत्यन्तोत्कटदोषेषु विसंज्ञेषु च दीयते॥ चूर्णं प्रधमनं धीरैस्तद्धि तीक्ष्णतरं यतः ।

अति कडा खालका मूर्छा, छारेरोग तथा होस हराउने जस्ता रोगमा तिक्खर खालका ओखतीको धुलोले प्रधमन नस्य दिनु पर्दछ ।

रोग खण्ड
नाकमा हुने रोगहरू

(क) भावप्रकाश संहिता, माधव निदान, वङ्गसेन आयुर्वेद :

अर्बुदं सप्तधा शोथाश्चत्वारोऽर्शश्चतुर्विधम् । चतुर्विधं रक्तपित्तमुक्तं घ्राणेऽपि तद्विदुः ॥

वातार्बुद, पित्तार्बुद, कफार्बुद, सन्निपातार्बुद, रक्तार्बुद, मांसार्बुद र मेदोर्बुद गरी नाकमा सात प्रकारका अर्बुद हुन्छन् । वातशोथ, पित्तशोथ, कफशोथ र सन्निपातशोथ गरी नाकमा चार प्रकारका सुजन हुन्छन् । वातार्श, पित्तार्श, कफार्श र सन्निपातार्श गरी नाकमा चार प्रकारका अर्श हुन्छन् । वातजन्य, पित्तजन्य, कफजन्य र सन्निपातजन्य गरी नाकमा चार प्रकारका रक्तपित्त रोग हुन्छन् ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

आदौ च पीनसः प्रोक्तः पूतिनस्यस्ततः परम् । नासापाकोऽत्र गणितः पूयशोणितमेव च ॥
क्षवथुर्भ्रंशथुर्दीप्तिः प्रतीनाहः परिस्रवः । नासाशोषः प्रतिश्यायाः पञ्च सप्तार्बुदानि च ॥
चत्वार्यर्शांसि चत्वारः शोथाश्चत्वारि तानि च । रक्तपित्तानि नासायां चतुस्त्रिंशद्गदाः स्मृताः ॥

पीनस, पूतिनस्य, नासापाक, पूयशोणित, क्षवथु, भ्रंशथु, दीप्ति, प्रतीनाह, परिस्रव, नासाशोष, पाँच प्रकारका प्रतिश्याय, सात प्रकारका अर्बुद, चार प्रकारका अर्श, चार प्रकारका सुजन र चार प्रकारका रक्तपित्त गरी नाकमा चौंतीस प्रकारका रोग हुन्छन् ।

(ग) रसरत्न समुच्चय :

षट् पीनसाश्च मलसञ्चयरक्तदुष्टैः पूयास्रदीप्तपिटिकार्बुदपूतिनासाः ।
आस्रावनाहपरिशोषभृशक्षवार्शः पाकैरपीनसयुतैश्च गदा नसि स्युः ॥

वातजन्य, पित्तजन्य, कफजन्य, त्रिदोषजन्य, मलजन्य र रक्तजन्य गरी छ प्रकारका पिनास; पूयरक्त, दीप्त, पिटिका, अर्बुद, पूतिनासा, नासास्राव, प्रतीनाह, नासाशोष, भृशथु, क्षवथु, अर्श, नासापाक र अपीनस जस्ता रोगहरू नाकमा हुने गर्दछन् ।

(घ) शार्ङ्गधर संहिता :

...तथा नासाभवा गदाः ॥ अष्टादशैव सङ्ख्याताः प्रतिश्यायास्तु तेष्वपि ।
वातात्पित्तात्कफाद्रक्तात्सन्निपातेन पञ्चमः ॥ अपीनसः पूतिनासो नासाऽर्शो भ्रंशथुः क्षवः ।
नासानाहः पूतिरक्तमर्बुदं दुष्टपीनसम् ॥ नासाशोषो घ्राणपाकः पूय(पुट)स्रावश्च दीप्तकः ।

नाकमा हुने रोगहरू अठार प्रकारका हुन्छन् । ती वातजन्य पिनास, पित्तजन्य पिनास, कफजन्य

पिनास, रक्तजन्य पिनास, सन्निपातजन्य पिनास, अपीनस, पूतिनास, नासार्श, भ्रंशथु, क्षव, नासानाह, पूतिरक्त, अर्बुद, दुष्टपीनस, नासाशोष, घ्राणपाक, पूयस्राव र दीप्तक हुन् ।

(ङ) सुश्रुत संहिता :

अपीनसः पूतिनस्यं नासापाकस्तथैव च । तथा शोणितपित्तं च पूयशोणितमेव च ॥
क्षवथुर्भ्रंशथुर्दीप्तो नासानाहः परिस्रवः । नासाशोषेण सहिता दशैकाश्चेरिता गदाः ॥
चत्वार्यर्शांसि चत्वारः शोफाः सप्तार्बुदानि च । प्रतिश्यायाश्च ये पञ्च वक्ष्यन्ते सचिकित्सिताः ॥
एकत्रिंशन्मितास्ते तु नासारोगाः प्रकीर्तिताः ॥

अपीनस, पूतिनासा, नासापाक, रक्तपित्त, पूयरक्त, क्षवथु, भ्रंशथु, दीप्त, नासानाह, परिस्रव र नासाशोष गरी एघार नाकका रोगहरू हुन् । यस बाहेक चार नासार्श, चार नासाशोफ, सात नासार्बुद र पाँच प्रतिश्यायलाई पनि नाकका रोग भनिन्छ । यो रोगका बारेमा उपचार सहित बताइनेछ । यसरी नाकका रोग जम्मा एकतीस थरी हुन्छन् ।

दोषैस्त्रिभिस्तैः पृथगेकशश्च ब्रूयात्तथाऽर्शांसि तथैव शोफान् ।
शालाक्यसिद्धान्तमवेक्ष्य चापि सर्वात्मकं सप्तममर्बुदं तु ॥

वात आदि तीन दोषले हुने बेग्लाबेग्लै तीन र सन्निपातले हुने गरी अर्श चार प्रकारका र शोफ चार प्रकारका हुन्छन् । शालाक्य सिद्धान्तका विचारले निदान अध्यायमा बताइएका छ किसिमका अर्बुद बाहेक सातौं सन्निपातजन्य अर्बुद पनि हुन्छ ।

नासार्बुद (नाकमा पलाउने ट्युमर)

शरीरको कुनै भागमा बढेको दोषले गर्दा मासु र रगत समेत दूषित हुन गई गोला, स्थिर, कम दुख्ने, ठुला, गहिरा, ढिलो बढ्ने र नपाक्ने खालका मासुका डल्ला जस्ता सुजन निकाल्दछ, यसैलाई विद्वानहरू अर्बुद भन्दछन् । यो वातजन्य, पित्तजन्य, कफजन्य, रगतजन्य, मासुजन्य र बोसोजन्य गरी छ किसिमको हुन्छ । यसका लक्षण ग्रन्थिका जस्तै हुन्छन् । नाकमा हुने यस्तो सुजनलाई **"नासार्बुद"** भनिन्छ ।

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

अर्शोऽर्बुदानि विभजेद्दोषलिङ्गैर्यथायथम् । सर्वेषु कृच्छ्रोच्छ्वसनं पीनसः प्रततं क्षवः ॥
सानुनासिकवादित्वं पूतिनासः शिरोव्यथा ।

नाकका प्वाल भित्र उत्पन्न हुने मासुको टुसा, मुसा र अर्बुदका बारेमा अर्शोरोग अध्यायमा तथा अर्बुद रोग अध्यायमा बताए अनुसार दोष र लक्षण हुन्छ । सबै नासार्श र नासार्बुदमा नाकले सास फेर्न कठिन हुने, पिनास हुने, लगातार हाच्छिउँ आउने, नाकेस्वर हुने, नाकबाट गन्ध आउने र टाउको दुख्ने जस्ता लक्षणहरू हुन्छन् ।

(ख) चरक संहिता :

घ्राणे तथोच्छ्वासगतिं निरुध्य मांसास्रदोषादपि चार्बुदानि ।

कफ आदि दोषले नाक भित्र रहेका मासु र रगतलाई दूषित पारी सासको गतिलाई रोक्दै अर्बुद निकाल्दछ ।

(ग) वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

शालाक्यसिद्धान्तमवेक्ष्य चापि सर्वात्मकं सप्तममर्बुदं तु ॥

(नाकमा) शालाक्य सिद्धान्तका विचारले निदान अध्यायमा बताइएका छ किसिमका अर्बुद (वातजन्य, पित्तजन्य, कफजन्य, रगतजन्य, मासुजन्य र बोसोजन्य) बाहेक सातौं सन्निपातजन्य अर्बुद पनि हुन्छ ।

(स्रोतःपथे यद्विपुलं कोशवच्चार्बुदं भवेत् ॥)

(नाकको प्वालभित्र हुने ठूलो कोश (डल्लो) जस्तो रोगलाई अर्बुद भनिन्छ) ।

नासार्बुदको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

अर्बुदं बडिशेन गृहीत्वा मण्डलाग्रेण मूले समं छिन्द्यात्। छिन्नं चोच्छिङ्घ्येत्। चलप्रमृष्टं च व्रणं शलाकया दहेत्तैलेन वा। अग्निदग्धं म्रक्षयेत्ततः शिशिरैः प्रदेहैः॥

नासार्बुद रोगमा बढिश नामको औजारले समातेर मण्डलाग्र नामक औजारले त्यसको जरामा छिनाल्नू। खिल सहित बाहिर निकाल्नू। घाउमा किला तताएर वा तातो तेलले डाम्नू। आगोले डामेका स्थानमा शीतल लेप दल्नू।

उपरूढव्रणस्य लोध्रावापं तीक्ष्णोष्णलवणद्रव्यगोमूत्रयुक्तं सार्षपं कारञ्जं वा तैलं नावनम्। पित्तजे रक्तजे वार्बुदे गोदन्तसैन्धवालकासीसकांस्यनीलैरम्बुपिष्टैरालेपः। ततश्च शीताः प्रदेहसेकाः। शीतैरेव च साधितानि घृतान्यभ्यञ्जनस्यपानानि॥

जब नासार्बुद रोग ठिक हुन थाल्दछ तब तिक्खर, तातो, सिँधेनुन र गहुँत हालेर पकाइएको सर्सिउँको वा करञ्जको तेलको नस्य हाल्नू। पित्तजन्य र रक्तजन्य नासार्बुद रोगमा गोदन्त, सिँधेनुन, हरिताल, हिराकसी, कांस्यभस्म र नीर वा पुष्पकसी पानीमा पिसेर दल्नू। त्यसपछि शीतल लेप दल्नू र शीतल पदार्थले सेक्नू। शीतल पदार्थ हालेर तयार पारिएको घिउ दल्नू, नस्य लिनू र पिउनू।

मांसमेदः सन्निपातार्शोर्बुदानि चैवं साधयेदिति। भवति चात्र॥

मासु र बोसो जमेर हुने सन्निपातजन्य नासार्श र नासार्बुदको पनि यसरी नै उपचार गर्नू।

हीनच्छेदात् पुनर्वृद्धिरतिच्छेदात् स्वरक्षयः। गन्धाज्ञानं च वीसर्पो मूर्च्छा छिन्द्यादतः समम्॥

नासार्श वा नासार्बुदमा कम चिरिएमा पुनः रोग बल्झन्छ, बढी चिरिएमा स्वर नै नाश हुन्छ। नाकको सुँघ्ने क्षमता हराउँदछ। वीसर्प र बेहोसी जस्ता रोग हुन्छन्। त्यसैले ठिक्क मात्रामा चिर्नुपर्दछ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली :

शेषाणां तु विकाराणां यथास्वं स्याच्चिकित्सितम्॥

नासार्बुद, नासार्श आदि अन्य नाकका रोगमा विकार हेरी उचित क्रमले अर्बुद, अर्श रोगको जसरी उपचार गर्नू।

(ग) चरक संहिता :

क्षारोऽर्बुदाधिमांसेषु क्रिया शेषेष्ववेक्ष्य च॥

अर्बुद, अधिमांस आदि रोगमा त्यसलाई डढाउन क्षारको प्रयोग गरिन्छ । बाँकी रोगमा दोष आदि जाँची उपचार गर्नुपर्दछ ।

(घ) भावप्रकाश संहिता :

रक्तपित्तानि शोथांश्च तथाऽर्शांस्यर्बुदानि च । नासिकायां स्युरेतेषां स्वं स्वं कुर्याच्चिकित्सितम्॥

नाकमा रक्तपित्त, सुजन, अर्श वा अर्बुद भएमा त्यसका लागि त्यो त्यो रोगको जे जे उपचार बताइएको छ ती ती उपचार गर्नू ।

(ङ) योग रत्नाकर :

क्षारोऽर्बुदेऽर्शमांसे च क्रिया शेषेऽप्यवेक्ष्य च । स्थितिर्निर्वातनिलये प्रगोढोष्णीषधारणम्॥
गण्डूषो लङ्घनं नस्यं धूमश्छर्दिः शिराव्यधः॥

नासार्बुद र नासार्श रोगमा क्षारको प्रयोग गर्नू । बाँकी उपचार रोगको अवस्था र असर हेरी ती ती रोगको (बताइए अनुसारको) उपचार गर्नू । रोगी हावाले नहान्ने स्थानमा बस्नू, टाएकामा बाक्लो पगरी गुथ्नू, मुखका ओखती पानी लिने गर्नू, उपजास बस्नू, नस हाल्नू, ओखतीको धूमपान गर्नू, ओखती खाएर बान्ता गर्नू र टाउकाको नसा छेड्नू ।

(च) वङ्गसेन आयुर्वेद :

शेषाणान्तु विकाराणां स्वयं कुर्य्याच्चिकित्सितम् ।
घ्राणार्बुदेऽधिमांसे च क्रियां शेषेषु वीक्ष्य च॥

नाकमा हुने अरु रोगमा दोष विचार गरी वैद्यले उपचार गर्नू । नासार्बुद र नासार्श र अन्य रोगमा दोष हेरी उपचार गर्नू ।

नासार्श

वात, कफ आदि दोषले मलद्वार, कान, नाक आदिका छाला, मासु र भित्री बोसो दूषित पारी अनेक आकारका मासुका टुसा उत्पन्न गर्ने रोगलाई नै अर्श वा अल्काई भनिन्छ । यसलाई हर्सा वा पाइल्स पनि भनिन्छ । नाकमा पलाउने हर्साका लक्षण भएका यस्तामासुका टुसा पलाउने रोगलाई “नासार्श” भनिन्छ ।

(क) वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

दोषैस्त्रिभिर्वा पृथगेकशश्च ब्रूयात्तथाऽर्शांसि ... ।

वात आदि तीन दोषले हुने बेग्लाबेग्लै तीन र सन्निपातले हुने गरी नासार्श चार प्रकारका हुन्छन् ।

(ख) वङ्गसेन आयुर्वेद :

शिरोलल्लाटताल्वूनां गौरवं दुःखनिद्रता । अर्शसामर्बुदानाञ्च दोषकोपाकृतिः समा ॥

टाउको, निधार र तालु भारी हुनु, दुःखले निद्रा पर्नु जस्ता दोष, कोप र आकार नासार्श र नासार्बुदका समान हुन्छन् ।

अर्शांसि गोस्तनाकाराण्यर्बुदं कोलसन्निभम् ॥

नाकमा आउने हर्सा गाईको स्तन जस्तो र नाशार्बुद बयर जस्तो हुन्छ ।

(ग) सुश्रुत संहिता :

निदानेऽर्शांसि निर्दिष्टान्येवं तानि विभावयेत् ।
शोफास्तु शोफविज्ञाना नासास्रोतो व्यवस्थिताः ॥

नाकमा हुने अर्शलाई अर्श निदान खण्डमा बताइएका लक्षण अनुसार पहिचान गर्नू ।

नासार्शको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

अर्शांसि विधिवत् क्षारेणाग्निना वा दहेत् । स्थूलानि तु शस्त्रेण स्पृष्ट्वा दाहानन्तरं शीतां क्रियां योजयेत् ॥

नासार्शमा विधिपूर्वक क्षारले वा अग्निले पोल्नू । मोटो टुसा भए हतियारले काटेर पोल्नू र त्यसपछि शीतल उपचार गर्नू ।

वर्तिं च नासायां कुम्भनिकुम्भाग्निकसैन्धवपिप्पलीमनश्शिलालकल्कमधुघृतप्रदिग्धाम् ॥

गोकुलधूप, वज्रदन्तीविशेष, चितू, सिँधेनुन, पिप्ला, मनसिला र हरिताल पिसिएको लेदोमा मह र घिउ मिसाई सुप्लोमा दलेर नाकमा राख्नू ।

तुवरिकाबिभीतकहरिद्रालोध्रप्रियङ्गुकरञ्जिकाकल्कगुडोदकविपक्वं तैलं नावनम् । करञ्जकलोध्रोत्पलमधुकतिन्दुकास्थित्रिफलाखदिरसारविपक्वं वा ॥

रहर, बर्रो, हलेदो, लोध, दहीगुयैँलो, करञ्ज र सक्खर हालेर पकाइएको तेलले नस्य दिनू । करञ्ज, लोध, चन्द्रकमल, जेठीमधु, तिँदुको बीज वा चुरो, त्रिफला र खयर हालेर पकाइएको तेलले नस्य दिनू ।

यथादोषं च स्नेहवमनविरेकादीन् प्रणिदध्यात् ॥

दोष हेरी चिल्लो खुवाउने, बान्ता गराउने, दिसा लगाउने जस्ता विधिको प्रयोग गर्नू ।

(ख) अर्कप्रकाश :

गृहधूमकणादारुनक्ताह्वसैन्धवैः समैः ॥ अपामार्गेण जातोऽर्को नासार्शोघ्नो दिनत्रयात् ।

घरको आगो बालेर जमेको ध्वाँसो, पिप्ला, देवदार, हलेदो र सिधे नुन बराबर मात्रामा लिई दतिवन मिसाएर निकालिएको अर्कको नस लिनाले नाकभित्र मासु पलाएको (नासार्श) तीन दिनमै ठिक हुन्छ ।

(ग) चक्रदत्त :

रक्तकरवीरपुष्पं जात्यशनकमल्लिकायाश्च । एतैः समं तु तैलं नासार्शोनाशनं श्रेष्ठम् ॥

रातो करवीरको फूल, चमेली, विजयसाल र लहरेबेलीको फूल हालेर विधिपूर्वक पकाइएको तेलले नासार्श नाश पार्दछ ।

चित्रकचविकादीप्यकनिदिग्धिकाकरञ्जबीजलवणार्कैः ।
गोमूत्रयुतं सिद्धं तैलं नासार्शसां विहितम्॥

चितूको जरा, चाभो, ज्वानु, कण्टकारी, बलु, सिँधेनुन र आँकको लेदो अनि गहुँत हालेर विधिपूर्वक पकाइएको तेल नासार्शका लागि हितकर हुन्छ ।

(घ) चक्रदत्त, भावप्रकाश संहिता, रसरत्नाकर, शार्ङ्गधर संहिता :

गृहधूमकणादारुक्षीरनक्ताह्वसैन्धवैः । सिद्धं शिखरिबीजैश्च तैलं नासाऽर्शसां हितम्॥

आगो बाल्ने चुलो माथिको ध्वाँसो, पिप्ला, देवदार, जवाखार, कुबेराक्षको बोक्रा, सिधेनुन र गुनाभाका गेडा बराबर जम्मा पारी कुटेर धुलो बनाउनू । धुलोको चौबर तिलको तेल र तेलको चौबर पानीमा हाली तेलमात्र बाँकी नहुँदासम्म पकाउनू । तयार भएपछि झिकेर छान्नू । यो तेलको नस हाल्नाले नाक भित्र पलाएको मासु झर्दछ ।

(ङ) भैषज्य रत्नावली :

चित्रकचविकादीप्यकनिदिग्धिकाकरञ्जबीजलवणार्कैः ।
गोमूत्रयुतैः सिद्धं तैलं नासार्शसां शान्त्यै॥

चितू, चाभो, ज्वानु, कण्टकारी, करञ्जका बीज र सिँधेनुन तथा आँकको दूध मिसाएर पिसी लेदो बनाएर गहुँत हाली सर्सिउँको तेलमा तेलपाक गर्नू । यो तेल नासार्श शान्त पार्न नस्यका लागि प्रयोग गर्नू ।

(च) योग रत्नाकर, वङ्गसेन आयुर्वेद : गृहधूमादितैल

गृहधूमकणादारुक्षीरनक्ताह्वसैन्धवैः । सिद्धं शिखरिबीजैश्च तैलं नासाऽर्शसे हितम्॥

आगो बाल्ने चुलो माथिको ध्वाँसो, पिप्ला, देवदार, जवाखार, कुबेराक्षको बोक्रा, सिधेनुन र गुनाभाका गेडा बराबर जम्मा पारी कुटेर धुलो बनाउनू । धुलोको चौबर तिलको तेल र तेलको चौबर पानीमा हाली तेलमात्र बाँकी नहुँदासम्म पकाउनू । तयार भएपछि झिकेर छान्नू । यो तेलको नस हाल्नाले नाक भित्र पलाएको मासु झर्दछ ।

करवीरपुष्पतैल

रक्तकरवीरपुष्पं जात्यं वा तथा मल्लिकायाः । एतैः समं तिलतैलं नासार्शोनाशनं परमम्॥

रातो करवीरको फूल, चमेली (वा जूही) र लहरेबेलीको फूल हालेर विधिपूर्वक पकाइएको तिलको तेलले नासार्श नाश पार्दछ ।

(छ) रसरत्नाकर :

करवीरस्य नक्तस्य मालत्यास्फोतयोरपि । पुष्पकल्कैः शृतं तैलं नासार्शो नाशनं परम्॥

करवीर, चमेली र अपराजिताको फूल हालेर विधिपूर्वक पकाइएको तेल हाल्ने गर्नाले नासार्श नाश पार्दछ ।

चित्रकचविकादीप्यकनिदिग्धिकाकरञ्जबीजलवणार्कैः ।
गोमूत्रयुक्त सिद्धं तैलं नासार्शसां हितं परम्॥

चितूको जरा, चाभो, ज्वानु, कण्टकारी, बलु (बीज), सिँधेनुन र आँकको लेदो अनि गहुँत (आठ सेर) हालेर विधिपूर्वक पकाइएको तेल (दुई सेर) नासार्शका लागि हितकर हुन्छ ।

(ज) वङ्गसेन आयुर्वेद : व्योषाद्यतैल

व्योषं धान्यकुसुमं गण्डीरकमवल्गुजं बीजम् । एभिस्तैलं पक्वं नासार्शो नाशनं सिद्धम्॥

त्रिकटु, धनियाँ (फूल), सुथनी र बकुचीका बीज पिसेर हाली पकाइएको तेल प्रयोग गर्नाले नासार्श नाश हुन्छ ।

नासाशोथ (नाकमा हुने सुजन)

वातशोथ, पित्तशोथ, कफशोथ र सन्निपातशोथ गरी नाकमा चार प्रकारका सुजन हुन्छन् । भित्री कारणले नाकमा हुने यस्तो सुजन वा सुन्निने अवस्थालाई “नासाशोथ” वा “नासाशोफ” भनिन्छ । शोथरोग खण्डमा शोथरोगको विस्तृत विवरण बताइएको पाइन्छ । नासाशोथ नै भनेर किटान गरिएका विषयमात्र यहाँ समेट्ने प्रयाश गरिएको छ ।

(क) चरक संहिता :

घ्राणाश्रितासृक्प्रभृतीन् प्रदूष्य कुर्वन्ति नासाश्वयथुं मलाश्च ॥

वात आदि दोषले नाक भित्र रहेको रगत आदि धातुलाई दूषित पारी नासाशोथ रोग निकाल्दछ ।

(ख) वङ्गसेन आयुर्वेद :

... तथैव शोफान् ।

(वात आदि तीन दोषले हुने (वातजन्य, पित्तजन्य र कफजन्य) बेग्लाबेग्लै तीन र सन्निपातले हुने एक गरी) शोफ चार प्रकारका हुन्छन् ।

(ग) सुश्रुत संहिता :

दोषैस्त्रिभिस्तैः पृथगेकशश्च ब्रूयात्तथाऽर्शांसि तथैव शोफान् ।

वात आदि तीन दोषले हुने (वातजन्य, पित्तजन्य र कफजन्य) बेग्लाबेग्लै तीन र सन्निपातले हुने एक गरी शोफ चार प्रकारका हुन्छन् ।

निदानेऽर्शांसि निर्दिष्टान्येवं तानि विभावयेत् ।
शोफास्तु शोफविज्ञाना नासास्रोतो व्यवस्थिताः ॥

नासास्रोतमा हुने शोफलाई शोफका लक्षण अनुसार पहिचान गर्नू ।

नासाशोथको उपचार

(क) चरक संहिता :

...कार्यं शोफे च शोफजित् ।

नासाशोथमा शोथ नाशक उपचार गर्नुपर्दछ ।

(ख) योग रत्नाकर :

नासाशोफे क्षीरसर्पिः प्रधानं तैलं सिद्धं चाणुकल्केन नस्यम् ।
सर्पिष्पानं भोजनं लाङ्गलैश्च स्नेहस्वेदैः स्नैहिकाश्चात्र धूमः ॥

नाकमा सुजन हुँदा दूध, घिउ र अणुकल्क (क्षुद्रधान्यको धूलो) हालेर पकाइएको घिउले नस्य दिनू । भोजनसँग घिउ खुवाउनू । गुन्यामधुरा हालेर पकाइएको तेल वा घिउ दलेर सेक्न लगाउनू । चिल्लो मिसाइएका ओखतीको धूमपान गराउनू ।

नासा-रक्तपित्त

के.यन.स्वामी : मुख, आँखा, नाक, कान, मलद्वार वा जननेन्द्रियबाट रगत बग्ने एक रोग । यो धपेडी वा मैथुन गर्नाले, दु:ख, चिन्ता वा ज्यादै परिश्रम गर्दा, खुर्सानी, अमिलो, जवाखार आदि धेरै खानाले वा धेरै आगो ताप्नाले हुने गर्दछ । (शार्ङ्गधर संहिता) ।

यो रोगको विस्तृत विवरण रक्तपित्त रोगमा बेग्लै पछि दिइनेछ । यस खण्डमा भने नाकबाट रगत बह्ने रोग जसलाई नाथ्री फुट्नु पनि भनिन्छ त्यसलाई मात्र समेट्ने प्रयाश गरिएको छ ।

(क) सुश्रुत संहिता :

चतुर्विधं द्विप्रभवं द्विमार्गं वक्ष्यामि भूयः खलु रक्तपित्तम्॥

वात, पित्त, कफ, सन्निपात गरी चार प्रकारका तथा कलेजो र फियोका कारण हुने दुई अनि मथि र तल गरी दुई तिरबाट हुने रक्तपित्तका बारेमा पछि विस्तारपूर्वक बताउनेछु ।

नासा-रक्तपित्तको उपचार

(क) अग्निपुराण :

नासारक्तहरो नस्याद् दुर्वारस इहोत्तमः ।

दूबोको रसको नस्य हाल्नाले नाकबाट रगत बहने रोगलाई उत्तम तरिकाले शान्त पार्दछ ।

(ख) अर्कप्रकाश :

अर्को दाडिमपुष्पोत्थो मृद्वकासम्भववोऽपि वा । पानान्नस्याद्धरेर्नासारक्तमाम्रास्थिजोऽपि वा ॥

दारिमको फूलको अथवा अङ्गूरको अथवा आँपको कोयाको अर्क पिउनाले र नस हाल्नाले नाकबाट रगत आउन (रक्तपित्त) बन्द् हुन्छ ।

(ग) अष्टाङ्ग हृदय :

घ्राणगे रुधिरे शुद्धे नावनं चानुषेचयेत् । कषाययोगान् पूर्वोक्तान् क्षीरिक्ष्वादिरसाऽऽप्लुतान् ॥
क्षीरादीन्ससितांस्तोयं केवलं वा जलं हितम् । रसो दाडिमपुष्पाणामाम्रोत्थः शाद्वलस्य वा ॥
कल्पयेच्छछीतवर्गं च प्रदेहाभ्यञ्जनादिषु ।

नाकबाट शुद्ध रगत बग्दछ भने तब निम्नलिखित रसले नाक पखाल्नू र नस्य लिने गर्नू । पहिले बताइएका रक्तपित्त नाशगर्ने खालका काँढापानीले, त्यस्तो काँढापानीमा दूध, उखुको रस आदि मिसाएर, मिश्रीको धूलो मिसाइएको दुध, मिश्रीको धूलो मिसाइएको पानी, पानी मात्र, अनारको फूलको रस, आँपको कोयाको रस अथवा दूबोको रसले नाक पखाल्ने र नस्य लिने गर्नू । टाउकोमा लेप दल्न र मालिस गर्न शीतवीर्य र शीतस्पर्श पदार्थको प्रयोग गर्नू ।

(घ) चरक संहिता :

रक्ते प्रदुष्टे ह्यवपीडबन्धे दुष्टप्रतिश्यायशिरोविकाराः ।
रक्तं सपूयं कुणपस्य गन्धः स्याद् घ्राणनाशः कृमयश्च दुष्टाः ॥

यदि (रक्तपित्त रोगमा नाक आदि घाँटीभन्दा माथिका अङ्गबाट) खराब रगत बगिरहेको अवस्थामा अवपीडन नस्यको प्रयोग गरी त्यसलाई रोकियो भने पिनास बिग्रने (दुष्ट प्रतिश्याय) र टाउकाका रोग हुने गर्दछ । (पछि) पीप मिसिएको रगत निस्कन थाल्दछ । त्यसबाट लाशको जस्तो गन्ध आउँदछ । नाकको सुँघ्ने क्षमता नाश हुन्छ । नाकमा दुष्ट कीरा पर्न थाल्दछन् ।

शुद्ध र अशुद्ध रगतका सम्बन्धमा लामो व्याख्या गरिएको पाइन्छ । सारमा भन्नुपर्दा प्राकृतिक गन्ध, रूप, रङ आदि नहुने खालको रगतलाई बिग्रेको रगत भनिन्छ ।

(ङ) योग रत्नाकर :

रक्तपित्तानि शेथाश्च तथाऽर्शांस्यर्बुदानि च । नासिकायां स्युरेतेषां स्वं स्वं कुर्याच्चिकित्सितम् ॥

रक्तपित्त, शोथ, अर्श र अर्बुद नामका यदि नाकमा हुन्छ भने यी रोगको प्रकरणमा जे जे कुरा बताइएको छ सोही अनुसार उपचार गर्नू ।

(च) शार्ङ्गधर संहिता :

नाक आदिबाट रगत बहने रोगमा लोकनाथ रस नामको ओखती दारिमको फूलको रससँग खानू । दुबोको रसमा मिस्री मिसाएर लोकनाथ रस नाकमा हाल्नाले वा नस लिनाले पनि नाकबाट रगत बहन बन्द हुन्छ ।

(छ) सुश्रुत संहिता :

घ्राणप्रवृत्ते जलमाशु देयं सशर्करं नासिकया पयो वा ।

नाकबाट रगत बहने रक्तपित्त रोगमा मिश्रीको धूलो घोलेको पानी वा दूध नाकमा हाल्नू वा नाकले पिउनू ।

द्राक्षारसं क्षीरघृतं पिबेद्वा सशर्करं चेक्षुरसं हिमं वा ॥

अथवा दाखको रस वा दूधबाट सोझै निकालिएको घिउमा मिश्रीको धूलो वा उखुको रस मिसाएर नाकले पिउनू ।

क्षुत (हाच्छिउँ आइरहने रोग)
(Sneezing)

(क) अमरकोश :

क्षुत्, क्षुत र क्षव : यी हाच्छिउँका पर्यायवाची नाम हुन् । (क्षवथु खोकीको पर्यायवाची शब्द पनि हो) ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

तीक्ष्णाऽऽघ्राणोपयोगार्करश्मिसूत्रतृणादिभिः । वातकोपिभिरन्यैर्वा नासिकातरुणास्थनि ॥
विघट्टितेऽनिलः क्रुद्धो रुद्धः श्रृङ्गाटकं व्रजन् । निवृत्तः कुरुतेऽत्यर्थं क्षवथुं स भृशक्षवः ॥

मरिच आदिजस्ता तिक्खर पदार्थ नाकमा प्रयोग गर्नाले, सूर्यको किरण नाकभित्र छिर्नाले वा सूर्यतिर नाक उठाएर हेर्नाले अथवा कुनै डोरो, सुप्लो, घाँसपात आदिले नाक भित्र रहेको कोमल (तरुण) हाड छुनाले अथवा पिनास आदिजस्ता वातविकारका कारणले रिसाएको र विकृत भएको वायु रोकिएर श्रृङ्गाटक नामक मर्मस्थलतिर जाँदै फर्केर आई धेरै मात्रामा हाच्छिउँ निकाल्ने गर्दछ । यसलाई "भृशंक्षव" भनिन्छ ।

(सामान्य अवस्थामा एकदुई पटक हाच्छिउँ आउनु निरोगिताको लक्षण हो । तर धेरै पटक आउनु रोग हो । कसैकसैलाई पचासौं पटक त कसैकसैलाई सैयौं पटक लगातार हाच्छिउँ आउने गरेको देखिएको छ) ।

(ग) चरक संहिता :

संस्पृश्य मर्माण्यनिलस्तु मूर्ध्नि विष्वक्पथस्थः क्षवथुं करोति ।

टाउकामा सबै बाटामा रहेको वायुले नाकको मर्मस्थललाई छोएर क्षवथु (हाच्छिउँ) निकाल्ने गर्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

घ्राणाश्रिते मर्मणि सम्प्रदुष्टे यस्यानिलो नासिकया निरेति ।
कफानुयातो बहुशोऽतिशब्दस्तं रोगमाहुः क्षवथुं गदज्ञाः ॥

नाकका कोमल हाड वा श्रृङ्गाटक नामक मर्मस्थलमा दूषित भएको कफसहितको वायुले शब्द सहित धेरै पटक हाच्छिउँ निकाल्ने गर्दछ । यो रोगलाई वैद्यजन दोषजन्य "क्षवथु" भन्दछन् ।

तीक्ष्णोपयोगादतिजिघ्रतो वा भावान्कटूनर्कनिरीक्षणाद्वा ।
सूत्रादिभिर्वा तरुणास्थिमर्मण्युद्घर्षितेऽन्य क्षवथुर्निरेति ॥

रायो आदि जस्ता तिक्खर पदार्थ प्रयोग गर्नाले वा तिखो पदार्थको गन्ध सुँघ्नाले, सूर्यतिर हेर्नाले, कफ पग्लनाले अथवा डोरो आदिले नाक भित्र रहेको कोमल हाड रहेको मर्मस्थलमा रगडिनाले हाच्छिउँ आउने गर्दछ । यसलाई "आगन्तुक क्षवथु" भनिन्छ ।

(घ) राज निघण्टु :

क्षुतन्तु क्षवथुः क्षुच्च...।

क्षवथु, क्षुत र क्षुत् : यी हाच्छिउँ रोगका पर्यायवाची नामहरू हुन् ।

(ङ) हंसराज निदान :

यदा घ्राणमर्मस्थले सम्विकारे कफेनावलिष्टो मरुन्नासिकायाः ।
तदा याति बाह्यान्तराच्छब्दयुक्तो निरुक्तो भिषग्भिर्वरिष्ठैः क्षवोयम्॥

नाकमा वात विकृत भएर नाकका मर्मस्थललाई पीडा दिँदै कफसँग मिसिएर आवाज निकाल्दै बाहिर निस्कने रोगलाई वैद्यजनले "क्षवथु" नाम दिएका छन् ।

क्षवथुको उपचार

(क) अर्कप्रकाश :

शुण्ठी कुष्ठ कणाबिल्वद्राक्षार्कः क्षवथुं हरेत्॥

सुठो, कूट, पिप्ला, बेल र दाख मिसाएर बनाइएको अर्कले हाच्छिउँ आइरहने नाकको रोग ठिक गर्दछ ।

(ख) अष्टाङ्ग सङ्ग्रह :

...क्षवथौ ...च निम्बकट्फलकुष्ठमरिचचूर्णैः क्लेदनाय प्रधमनम् ।
पिप्पलीकुष्ठशुण्ठीविडङ्गमृद्वीकाकषायकल्कविपक्वं तैलं घृतं वा नावनम्॥

क्षवथु रोगमा नीम, काफल, कूट र मरिचको धूलो मिसाएर प्रधमन नस्य दिनू । पिप्ला, कूट, सुठो, वायुविडङ्ग र मुनक्का हालेर पकाइएको काँढापानी, तेल वा घिउका थोपा नाकमा हाल्नू ।

(ग) अष्टाङ्ग हृदय :

क्षवथौ ... तीक्ष्णैः प्रधमनं हितम् । शुण्ठीकुष्ठकणाविल्लद्राक्षाकल्क कषायवत्॥
साधितं तैलमाज्यं वा नस्यं क्षवपुटप्रणुत् ।

क्षवथु नामक नाकका रोगमा तिक्खर ओखतीले प्रधमन (सुँघ्ने) नस्य दिनू हितकर हुन्छ । अनि सुठो, कूट, पिप्ला, वायुविडङ्ग र दाखको धूलो एवं काँढापानीमा पकाइएको तेल वा घिउको नस हाल्नू ।

(घ) भावप्रकाश संहिता, योग रत्नाकर :

घृतगुग्गुलुमिश्रस्य सिक्थकस्य प्रयत्नतः । धूमं क्षवथुरोगघ्नं भ्रंशथुघ्नञ्च निर्दिशेत्॥ (वङ्गसेन)
शुण्ठीकुष्ठकणाबिल्वद्राक्षाकल्ककषायवत् । तैलं पक्वमथाज्यं वा नस्यात्क्षवथुनाशनम्॥

घिउ, गोकुलधूप, र मैन मिसाएर यसको प्रयत्नपूर्वक धूमपान गर्नाले क्षवथु र भ्रंशथु नाश हुन्छ । सुठो, कूट, पिप्ला, बेल र दाखको लेदो यिनकै काँढापानीमा पकाइएको तेल अथवा घिउको नस्य दिनाले क्षवथु नाश हुन्छ ।

(ङ) चक्रदत्त, वैद्य रहस्य :

शुण्ठीकुष्ठकणाबिल्वद्राक्षाकल्ककषायवत् । साधितं तैलमाज्यं वा नस्यं क्षवधुरुक्प्रणुत्॥

सुठो, कूट, पिप्ला, काँचो बेलको गुदी र दाख पिसेको लेदोको काँढापानी सहित विधिपूर्वक पकाइएको तेल वा घिउको नस लिनाले क्षवथु रोग नाश हुन्छ ।

(च) वङ्गसेन आयुर्वेद :

वान्ते सम्यक् चावपीडं विदध्यात्तीव्रं धूमं शोधनं चात्र नस्यम् ।
क्षेप्यं नस्यं मूर्द्धवैरेचनीयैर्नाड्या चूर्णं क्षुद्गदे भ्रंशथौ वा ॥

क्षवथु र भ्रंशथु रोगमा विधिपूर्वकको बान्ता, अवपीडन नस्य तिक्खर ओखतीले गरिने धूमपान, विरेचन, नस्य, शिरोविरेचन र नाडीचूर्ण : यी सबै उपचार विधिको प्रयोग गर्नू ।

पिप्पलीतैल

सपिप्पलीकुष्ठमहौषधानां विडङ्गमृद्वीककषायकल्कैः ।
तैलं विपक्वं क्षवथौ च नस्यं वसां पचेत्तैलमथो घृतञ्च ॥

पिप्ला, कूट, सुठो, वायुविडङ्ग र दाखको काँढापानी र धूलो वा लेदो हाली विधिपूर्वक तेल पकाउनू । अथवा बोसो वा घृत पकाउनू । यो तेल, घिउ वा बोसोको नस्य दिनाले क्षवथु रोग चाँडै नाश हुन्छ ।

शुण्ठीतैल र घृत

शुण्ठीकुष्ठकणाबिल्वद्राक्षाकल्ककषायवत् ।
तैलं पक्वमथाज्यं वा नस्यात्क्षवथुनाशनम् ॥

घिउ, गोकुलधूप, र मैन मिसाएर यसको प्रयत्नपूर्वक धूमपान गर्नाले क्षवथु र भ्रंशथु नाश हुन्छ । सुठो, कूट, पिप्ला, बेल र दाखको लेदो यिनकै काँढापानीमा पकाइएको तेल अथवा घिउको नस्य दिनाले क्षवथु नाश हुन्छ ।

(छ) शार्ङ्गधर संहिता :

कुष्ठंबिल्वकणाशुण्ठीद्राक्षाकल्ककषायवत् ॥ साधितं तैलमाज्यं वा नस्यात्क्षवथुनाशनम् ।

कूट, बेलका कमला फल, पिप्ला, सुठो र दाख बराबर मात्रामा जम्मा पारी कुटेर धुलो बनाउनू । धुलोको चौबर तिलको तेल र तिलको तेलको चौबर पानी हाली तेलमात्र बाँकी नहुँदासम्म पकाउनू । तयार भएपछि झिकेर छान्नू । यो तेल नाकमा हाल्नाले हाच्छिउँ आइरहने रोग क्षवथु ठिक हुन्छ ।

(ज) सुश्रुत संहिता :

क्षेप्यं नस्यं मूर्धवैरेचनीयैर्नाड्या चूर्णं क्षवथौ भ्रंशथौ च ॥
कुर्यात् स्वेदान् मूर्ध्नि वातामयघ्नान् स्निग्धान् धूमान् यद्यदन्यद्धितं च ।

क्षवथु र भ्रंशथु रोगमा प्रधमन नस्यनाडी दिनू । शिरोविरेचनका ओखतीको धूलो नाकमा हाल्नू । प्रधमन नस्य र ओखतीको धूलो हालेर कफ कम भएपछि वातविकार नाशगर्ने पदार्थले टाउको सेकेर पसिना निकाल्नू । यसका साथै चिल्लो ओखतीले धूमपान गराउने तथा अन्य हितकर उपाय (शिरोवस्ति) आदि पनि गर्नू ।

दीप्त

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

रक्तेन नासा दग्धेन बाह्यान्तःस्पर्शनाऽसहा । भवेद् धूमोपमोच्छ्वासा सा दीप्तिर्दहतीव च ॥

जुन रोग हुँदा नाक पोलिरहेको जस्तो भान हुन्छ, नाकको बाहिर र भित्र छुँदा दुख्दछ, नाकभित्रबाट आउने सास धुवाँ जस्तो र तातो हुन्छ त्यो रोगलाई "दीप्ति" भनिन्छ । यो रगतको विकारले हुने गर्दछ ।

(ख) चरक संहिता :

नासा प्रदीप्तेव नरस्य यस्य दीप्तं तु तं रोगमुदाहरन्ति ॥

जुन मानिसको नाक जलेको जसरी पोल्दछ, त्यो रोगलाई "दीप्त" भनिन्छ ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर, सुश्रुत संहिता :

घ्राणे भृशं दाहसमन्विते तु विनिःसरेद्धूमइवेह वायुः ।
नासा प्रदीप्तेव च यस्य जन्तोर्व्याधिं तु तं दीप्तिमुदाहरन्ति ॥

नाकमा अति नै डाह हुने, धुवाँजस्तो हावा निस्कने र आगोले पोलेजसरी नाक पोल्ने रोगलाई "दीप्ति" भनिन्छ ।

(घ) माधव निदान :

घ्राणे भृशं दाहसमन्विते तु विनिःसरेद्धूम इवेह वायुः ।
नासा प्रदीप्तेव च यस्य जन्तोर्व्याधिं तु तं दीप्तमुदाहरन्ति ॥

जसको नाकमा रोग हुँदा नाकबाट पोल्ने गरी धुवाँ जस्तो हावा निस्कने र नाक समेत पोल्ने गर्दछ उसको त्यो रोगलाई "दीप्त" भनिन्छ ।

(ङ) हंसराज निदान :

दाहान्वितायाः परिनासिकायाः सन्निःसरेद्धूम धनञ्जयाभ्याम् ।
सार्द्धं शतोदी पवनप्रचण्डो रोगं प्रदीप्तं प्रवदन्ति वैद्याः ॥

नाकबाट डाह गराउँदै बेगिलो वायु निस्कने, धुवाँ निस्कने र दुख्ने रोगलाई "प्रदीप्त" भनिन्छ ।

दीप्तको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

...दीप्तौ च जालौकोभिरस्रविस्रावणम् । शीतैरूर्ध्वाधोविरेकलेपसेकाः ।

दीप्ती रोगमा जूकाले टोकाएर रगत निकाल्नू । शीतल ओखतीले बान्ता गराउने, दिसा लगाउने, लेप दल्ने सेक्ने कार्य गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

... दीप्तौ च पित्तघ्नं ...।

दीप्ति नामक नाकको रोगमा पित्त नाशक उपचार गर्नू ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

दीप्ते रोगे पैत्तिकं संविधानं सर्वं कुर्यान्माधुरं शीतलं च ।

पित्तजन्य दीप्त रोगमा पित्तनाशक गुलिया र शीतल उपचार गर्नू ।

(घ) भावप्रकाश संहिता, योग रत्नाकर, सुश्रुत संहिता :

नस्यं हितं निम्बरसाञ्जनाभ्यां दीप्तौ शिरः स्वेदनमल्पशस्तु ।
नस्ये कृते क्षीरजलावसेकाञ्छ्वसन्ति भुञ्जीत च मुद्गयूषैः ॥

नीम र रसाञ्जनको नस्य दिई टाउको अलिअलि सेक्नाले दीप्ति रोग नाश हुन्छ । नस्य दिएपछि दूध र जलले टाउको सेचन गर्नू र मुगीको रससँग भात खानू ।

(ङ) वङ्गसेन आयुर्वेद :

दीप्ते रोगे पित्तहृत् संविधानं कुर्यात् सर्वं माधुरं शीतलञ्च ॥

दीप्त रोगमा पित्त-उपचार गर्नू तथा गुलिया र शीतल खालका उपचार विधि पूर्णरूपमा गर्नू ।

नस्यं हितं निम्बरसाञ्जनाभ्यां दीप्ते शिरः स्वेदनमल्पशस्तु ।
नस्ये कृते क्षीरजलावसेकाने शंसन्ति भुञ्जीत च मुद्गयूषैः ॥

नीम र रसाञ्जनको नस्य दिई टाउको अलिअलि सेक्नाले दीप्ति रोग नाश हुन्छ । नस्य दिएपछि दूध र जलले टाउको सेचन गर्नू र मुगीको रस खानू ।

(च) सुश्रुत संहिता :

दीप्ते रोगे पैत्तिकं संविधानं कुर्यात् सर्वं स्वादु यच्छीतलं च ॥

दीप्त रोगमा पित्त-उपचार गर्नू तथा गुलिया र शीतल खालका उपचार विधि पूर्णरूपमा गर्नू ।

नासापाक

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पचेन्नासापुटे पित्तं त्वङ्मांसं दाहशूलवत्॥ स घ्राणपाकः ...।

शरीर भित्रको पित्त विकृत र उत्तेजित भई नाकका प्वालभित्र रहेको छाला र मासुलाई पकाउँदछ र त्यहाँ डाह र पीडा हुन्छ भने त्यो रोगलाई "घ्राणपाक" भनिन्छ ।

(ख) चरक संहिता :

सदाहरागः श्वयथुः सपाकः स्याद् घ्राणपाकोऽपि च रक्तपित्तात् ।

रगत र पित्तले नाक पोल्ने, रातो हुने र सुन्निएर पाक्ने खालको रोगलाई "घ्राणापाक" भनिन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

घ्राणाश्रितं पित्तमरूंषि कुर्याद्यस्मिन्विकारे बलवांश्च पाकः ।
तं नासिकापाकमिति व्यवस्येद्विक्लेदकोथावथवाऽपि यत्र॥

नाकमा रहने पित्तले खटिरा उत्पन्न गरी, नाक धेरै पाक्ने, गिलो भइरहने र गनाउने गर्दछ भने त्यो रोगलाई "नासापाक" भनिन्छ ।

(घ) सुश्रुत संहिता :

घ्राणाश्रितं पित्तमरूंषि कुर्याद्यस्मिन् विकारे बलवांश्च पाकः॥
तं नासिकापाकमिति व्यवस्येद्विक्लेदकोथावपि यत्र दृष्टौ ।

जुन रोगमा नाकभित्र रहेर पित्तले ससाना बिमिरा उत्पन्न गर्दछ अथवा नाक बलपूर्वक कडा तरिकाले पकाउँदछ अथवा जुन रोगमा नाक गिलो भएर सड्न थालेको पनि देखिने गर्दछ, त्यो रोगलाई "नासापाक" भनिन्छ ।

(ङ) हंसराज निदान :

नासिकायां स्थितं पित्तं परुषी कुरुते निशम् । नासिकापाकमित्याहुर्दाहक्लेदव्यथान्वितम्॥

नाकमा रहेको पित्त रुखो र विकृत भएर पाक्ने खालको खटिरा निकाल्दछ, त्यसबाट पानी बग्दछ र दुख्दछ भने यस्तो रोगलाई "नासिकापाक" भनिन्छ ।

नासापाकको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

नासापाके ... जालौकोभिरस्रविस्रावणम् । शीतैरूर्ध्वाधोविरेकलेपसेकाः ।

नासापाक र दीप्ती रोगमा जूकाले टोकाएर रगत निकाल्नू । शीतल ओखतीले बान्ता गराउने, दिसा लगाउने, लेप दल्ने सेक्ने कार्य गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

पाके ... पित्तघ्नं ...।

नासापक नामक नाकको रोगमा पित्त नाशक उपचार गर्नू ।

(ग) चक्रदत्त :

नासापाके पित्तहृत्संविधानं कार्यं सर्वं वाह्यमाभ्यन्तरं च ।
हरेद्रक्तं क्षीरिवृक्षत्वचश्च योज्याः सेके सघृताश्च प्रदेहाः ॥
पूयास्ररक्तपित्तघ्नाः कषाया नावनानि च ।

नासापाक रोगमा रगत निकाली बाहिर र भित्र सबै किसिमका पित्तनाशक उपचार गर्नू । रगत निकाल्नू । दुधालु वृक्षका बोक्राको काँढापानी पकाएर पखाल्ने गर्नू । यसमा घिउ मिसाएर लेप बनाई दल्नू । अनि पीप, रगत र रक्तपित्त नाशगर्ने खालका काँढापानी र नस्यको प्रयोग गर्नू ।

(घ) भैषज्य रत्नावली :

नासापाके पित्तहरं विधानं कार्यं सर्वं बाह्यमाभ्यन्तरं च ।
हृत्वा रक्तं क्षीरिवृक्षत्वचश्च योज्याः सेके सर्पिषश्च प्रदेहाः ॥

नासापाक रोगमा रगत निकाली बाहिर र भित्र सबै किसिमका पित्तनाशक उपचार गर्नू । दुधालु वृक्षका बोक्रा पिसी घिउ मिसाएर लेप बनाई दल्नू । यसैको काँढापानी पकाएर त्यसले सेक्नू ।

(ङ) योग रत्नाकर : सर्जादिकषायघृत

सर्जार्जुनोदुम्बरवत्सकानां त्वचाकषायैः परिधावनेन ।
कषायकल्कैरपि चैभिरेव सिद्धं घृतं घ्राणविपाकनाशि ॥

सालको बोक्रा, काउलोको बोक्रा, डुम्रीको बोक्रा र ठूलोकुरोको बोक्रा : यी सबै ओखतीको काँढापानीले नाक पखाल्नू । यिनै ओखतीको धूलो र काँढापानीमा विधिपूर्वक घिउ पकाउनू । यो घिउ लगाउने गर्नाले नासापाक रोग नाश हुन्छ ।

नासापाके पित्तनाशं विधानं कार्यं सर्वं बाह्यभ्यन्तरं च ।
हरेद्रक्तं क्षीरिवृक्षत्वचश्च योज्याः सेके सघृताश्च प्रलेपाः ॥

नासापाक रोगमा रगत निकाली बाहिर र भित्र सबै किसिमका पित्तनाशक उपचार गर्नू । दुधालु वृक्षका बोक्रा पिसी घिउ मिसाएर लेप बनाई दल्नू । यसैको काँढापानी पकाएर त्यसले सेक्नू ।

(च) वङ्गसेन आयुर्वेद :

नासापाके पित्तहृत्संविधानं कार्यं सर्वं बाह्यभ्यन्तरञ्च ।
हृत्जा रक्तं क्षीरिवृक्षत्वचश्च योज्याः सेकाः सघृताश्च प्रदूहाः ॥

नासापाक रोगमा रगत निकाली बाहिर र भित्र सबै किसिमका पित्तनाशक उपचार गर्नू । दुधालु वृक्षका बोक्रा पिसी घिउ मिसाएर लेप बनाई दल्नू । यसैको काँढापानी पकाएर त्यसले सेक्नू ।

सर्ज्जार्जुनोदुम्बरवत्सकानां त्वचां कषायैः परिधावनीयः ।
कषायकल्कैरपि चैभिरेव सिद्धं घृतं घ्राणविपाक्वनुत्परम् ॥

सालको बोक्रा, काउलोको बोक्रा, डुम्रीको बोक्रा र ठूलोकुरोको बोक्रा : यी सबै ओखतीको काँढापानीले नाक पखाल्नू । यिनै ओखतीको धूलो र काँढापानीमा विधिपूर्वक घिउ पकाउनू । यो घिउ लगाउने गर्नाले वा नस्य दिनाले नासापाक रोग नाश हुन्छ ।

(छ) सुस्रुत संहिता :

नासापाके पित्तहृत्संविधानं कार्यं सर्वं बाह्यमाभ्यन्तरं च ॥
हृत्वा रक्तं क्षीरवृक्षत्वचश्च साज्याः सेका योजनीयाश्च लेपाः ।

नासापाक रोगमा बाहिरी र भित्री तरिकाले सम्पूर्णरूपमा पित्तविकार नाशगर्ने खालका उपचार गर्नू । रगत निकाल्नू र बर आदि दुधालु वृक्षका बोक्राको धूलो घिउ मिसाएर लेप दल्नू । यसैको काँढापानीले पखाल्नू । (बाहिरी उपचार-लेप, मालिस, पखाल्ने कार्य । भित्री उपचार-खानपिन, चिल्लोपान र विरेचन) ।

नासाशोष

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

शोषयन्नासिकास्रोतः कफं च कुरुतेऽनिलः । शूकपूर्णाभनासात्वं कृच्छ्रादुच्छ्वसनं ततः ॥
स्मृतोऽसौ नासिकाशोषः ...।

जब वायुले नाकका भित्री भाग र त्यसमा रहेको कफलाई सुकाउँदछ, नाकलाई टुँडो बिभ्फेजसरी बिभ्फाउने बनाउँदछ, सास फेर्न कठिन हुन्छ तब यो रोगलाई "नासिकाशोष" भनिन्छ ।

(ख) चरक संहिता :

क्रुद्धः स संशोष्य कफं तु नासाशृङ्गाटकघ्राणविशोषणं च ॥

विकृत भएको वायुले कफ सुकाएर नासाश्रृङ्गाटक र गन्ध थाहा पाउने भागलाई सुकाउँदछ यसलाई "नासाशोष" भनिन्छ ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर :

घ्राणाश्रिते श्लेष्मणि मारुतेन पित्तेन गाढं परिशोषिते च ।
कृच्छ्राच्छ्वसित्यूर्ध्वमधश्च जन्तुर्यस्मिन्स नासापरिशोष उक्तः ॥

नाकमा रहने कफ वायु र पित्तले धेरै नै सुकेपछि मानिसले अलि बढी वा कम निश्वास लिने गर्दछ । यो रोगलाई "नासापरिशोष" भनिन्छ ।

(घ) माधव निदान :

घ्राणाश्रिते स्रोतसि मारुतेन गाढं प्रतप्ते परिशोषिते च ।
कृच्छ्राच्छ्वसेदूर्ध्वमधश्च जन्तुर्यस्मिन् स नासापरिशोष उक्तः ॥

हावाले नाकको स्रोत सुक्दछ, पित्तले पोल्दछ र रोगीले मुश्किलसँग सास फेर्दछ भने त्यो रोगलाई "नासाशोष" भनिन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद :

घ्राणाश्रिते श्रोतसि मारुतेन पित्तेन गाढं परिशोषिते च ।
कृच्छ्राच्छ्वसेदूर्ध्वमधश्च जन्तुर्यस्मिन्स नासापरिशोष उक्तः ॥

नाकमा रहने मसिना प्वाल वायु र पित्तले धेरै नै सुकेपछि मानिसले अलि बढी वा कम निश्वास लिने गर्दछ । यो रोगलाई "नासापरिशोष" भनिन्छ ।

(च) सुश्रुत संहिता :

घ्राणाश्रिते श्लेष्मणि मारुतेन पित्तेन गाढं परिशोषिते च ।
समुच्छ्वसित्यूर्ध्वमधश्च कृच्छ्राद्यस्तस्य नासापरिशोष उक्तः ॥

नाकमा रहेको कफलाई वायु र पित्तले अति नै धेरै सुकाउनाले रोगी कठिनतापूर्वक सास तान्ने र फाल्ने गर्दछ । यो रोगलाई "नासापरिशोष" भनिन्छ ।

(छ) हंसराज निदान :

घ्राणोत्थश्लेष्मसङ्घातः पक्वपित्तोष्मणानिशम् । वातेन शोषितः साऽयं शोषः प्रोक्तो भिषग्वरैः ॥

नाकमा उत्पन्न कफको समूह पित्तको तातोले पाक्ने, वातले गर्दा सुक्ने र मानिसलाई सास फेर्न कठिन बनाउने रोगलाई "नासाशोष" भनिन्छ ।

नाशाशोषको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

नासाशोषे बलातैलं पाने शिरोबस्तौ च । स्निग्धस्य स्वेदः । क्षीरसर्पिर्नस्यं मधुरवर्गसाधितं वा तैलम् । स्नैहिको धूमः ।

नासाशोषमा बलातैल पिउने गर्नू । यही तेल टाउकामा दल्नू । चिल्लो स्वेदन गर्नू । दूध र घिउको नस्य हाल्नू । अथवा मधुरवर्गका ओखती हालेर पकाइएको तेलको नस हाल्नू । चिल्ला कुराको धूमपान गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

नासाशोषे बलातैलं पानादौ भोजनं रसैः ॥ स्निग्धो धूमस्तथा स्वेदो नासानाहेऽप्ययं विधिः ।

नासाशोषमा बलातैल पिउनू । यसैको नस हाल्नू र यही तेल दल्नू । मासुको रससँग खाना खानू । स्निग्ध धूमपान (सू.अ.२१) तथा स्वेदकर्म (सू.अ.१७) गर्नू । नासानाहमा पनि यही विधि गर्नू ।

(ग) योग रत्नाकर :

नासाशोषे क्षीरपानंससितं च प्रशस्यते ॥

नासाशोषमा दूधमा मिश्री (सित) मिसाएर पिउनु हितकर हुन्छ ।

(घ) वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

नासाशोषे क्षीरसर्पिः प्रधानं सिद्धं तैलं चाणुकल्पेन नस्यम् ।
सर्पिःपानं भोजनं जाङ्गलैश्च स्नेहः स्वेदः स्नैहिकश्चापि धूमः ॥

नासाशोषमा दूधबाट सोझै निकालिएको घिउ श्रेष्ठ हुन्छ । अणुतैलको नस्य दिनू । खानासँगै घिउ खानू । जाङ्गलजीवको मासुको रससँग भात खानू । स्नेहन र स्वेदन दिनू । स्नैहिक (मधूच्छिष्ट आदि) धूमपान गराउनू ।

नासास्राव

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

... स्रावस् तु तत्संज्ञः श्लेष्मसम्भवः । अच्छोजलोपमोऽजस्रं विशेषान्निशि जायते ॥

शरीर भित्रको कफ विकृत र उत्तेजित भई “नासास्राव” नामक रोग निकाल्ने गर्दछ । यो रोग हुँदा सफा पानीजस्तो पदार्थ लगातार बगिरहने गर्दछ र यो क्रम रातमा बढी हुन्छ ।

(ख) चरक संहिता :

यो मस्तुलुङ्गाच्चनपीतपक्वः कफः स्रवेदेव परिस्रवस्तु ॥

टाउकाबाट बाक्लो, पहेँलो र पाकेको कफ नाक हुँदै बहने रोगलाई “परिस्रव” भनिन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

घ्राणाद् घनः पीतसितस्तनुर्वा दोषः स्रवेत् स्रावमुदाहरेत्तम् ॥

नाकका प्वालबाट बाक्लो (वा धेरै) अथवा पातलो (वा थोरै) पहेँलो वा सेतो वर्णको सिङान बग्ने रोगलाई “नासास्राव” भनिन्छ ।

(घ) वङ्गसेन आयुर्वेद :

घ्राणात् सपिच्छिलः श्लेष्मा अबलोद्रव उष्मणा । अजरः स्पन्दते घ्राणान्नासास्रावं तमादिशेत् ॥

जसको नाक भित्र अति चिल्लो, लेस्याइलो,पातलो, तातो र नपचेको कफ (सिङान) निस्कने गर्दछ त्यस्तो रोगलाई “नासास्राव” भनिन्छ ।

(ङ) सुश्रुत संहिता :

अजस्रमच्छं सलिलप्रकाशं यस्याविवर्णं स्रवतीह नासा ।
रात्रौ विशेषेण हि तं विकारं नासापरिस्रावमिति व्यवस्येत् ॥

जुन रोगमा नाकबाट लगातार स्वच्छ, पानीजस्तो, कुनै विशेष रङ नभएको पदार्थ विशेषगरी रातमा (वा चिसोमा) बहिरहन्छ त्यो रोगलाई “नासापरिस्राव” भनिन्छ ।

नासास्रावको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

नासास्रावे तीक्ष्णं नस्यं धूमश्च ॥

नासास्राव रोगमा तिक्खर ओखतीको नस्य हाल्नू धूमपान गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

... तीक्ष्णं नस्यादि संस्रुतौ ॥

नासास्रावमा तीक्ष्ण नस्य दिनू ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

नासास्रावे घ्राणयोश्चूर्णमुक्तं नाड्या देयं येऽवपीडाश्च पथ्याः ।
तीक्ष्णान्धूमान्देवदार्वग्निकाभ्यां मांसं त्वाजं पथ्यमत्रादिशन्ति ॥

नासस्रावमा बताइएको धूलो पाइपले नाकमा हाल्नू, त्यसपछि रस निचोरेर नस्य दिनू, देवदार र चितूको तिक्खर धुवाँ सुँघाउनू र बोकाको मासु खुवाउनू ।

(घ) सुश्रुत संहिता :

नासास्रावे घ्राणतश्चूर्णमुक्तं नाड्या देयं योऽवपीडश्च तीक्ष्णः ।
तीक्ष्णं धूमं देवदार्वग्निकाभ्यां मांसं वाऽऽजं युक्तमत्रादिशन्ति ॥

नासास्राव रोगमा शिरोविरेचनका ओखतीको धूलो नाकमा हाल्नू । तिक्खर अवपीडन (हिङ, त्रिकटु, ठूलोकुरो वा पुष्पकासीस) नस्य दिनू । देवदार र चितू मिसाएर तिक्खर धूमपान गराउनू । भोजनमा बोकाको मासु प्रयोग गराउनू । यसो गर्नू हितकर हुन्छ ।

पुटक

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पित्तश्लेष्मावरुद्धोऽन्तर्नासायां शोषयेन्मरुत् । कफं स शुष्कः पुटतां प्राप्नोति पुटकं तु तत् ॥

जुन विकारले गर्दा नाक भित्र पित्त एवं कफले जेलिएको वायुले कफलाई सुकाउँदछ र त्यो पाप्रा जस्तो बन्दछ त्यो रोगलाई "पुटक" भनिन्छ ।

पुटकको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

... पुटके च निम्बकट्फलकुष्ठमरिचचूर्णैः क्लेदनाय प्रधमनम् ।
पिप्पलीकुष्ठशुण्ठीविडङ्गमृद्वीकाकषायकल्कविपक्वं तैलं घृतं वा नावनम् ॥

पुटक रोगमा नीम, काफल, कूट र मरिचको धूलो मिसाएर प्रधमन नस्य दिनू । पिप्ला, कूट, सुठो, वायुविडङ्ग र मुनक्का हालेर पकाईको काँढापानी, तेल वा घिउका थोपा नाकमा हाल्नू ।

(ख) अष्टाङ्ग हृदय :

... पुटकाख्ये च तीक्ष्णैः प्रधमनं हितम् । शुण्ठीकुष्ठकणावेल्लद्राक्षाकल्क कषायवत् ॥
साधितं तैलमाज्यं वा नस्यं क्षवपुटप्रणुत् ।

पुटक नामक नाकको रोगमा तिक्खर ओखतीले प्रधमन (सुँघ्ने) नस्य दिनू हितकर हुन्छ । अनि सुठो, कूट, पिप्ला, वायुविडङ्ग र दाखको धूलो एवं काँढापानीमा पकाइएको तेल वा घिउको नस हाल्नू ।

पूतिनस्य

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

तालुमूले मलैर्दुष्टैर्मारुतो मुखनासिकात् । श्लेष्मा च पूतिर्निर्गच्छेत् पूतिनासं वदन्ति तम् ॥

तालुको पेदमा हुने मल दूषित भएर मुख र नाकबाट निस्कने कफ र सिङान एवं वायु गनाउने हुन्छ भने त्यो रोगलाई "पूतिनास" भनिन्छ ।

(ख) चरक संहिता :

वैवर्ण्यदौर्गन्ध्यमुपेक्षया तु स्यात् पूतिनस्यं श्वयथुर्भ्रमश्च ।

नाकको वर्ण बिग्रनु, गनाउनु, सुन्निनु र रिँगटा लाग्नु : यी पूतिनासा रोगका लक्षणहरू हुन् ।

(ग) भावप्रकाश संहिता, सुश्रुत संहिता :

दोषैर्विदग्धैर्गलतालुमूले सन्दूषितो यस्य समीरणस्तु ।
निरेति पूतिर्मुखनासिकाभ्यां तं पूतिनस्यं प्रवदन्ति रोगम् ॥

घाँटी तथा तालुको फेदमा भएको दूषित पित्त, कफ र रगतले गनाउने किसिमको वायु मुखबाट र नाकबाट निस्कने गर्दछ । यो रोगलाई "पूतिनस्य" भनिन्छ ।

(घ) माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

दोषैर्विदग्धैर्गलतालुमूले सम्मूर्च्छितो यस्य समीरणस्तु ।
निरेति पूतिर्मुखनासिकाभ्यां तं पूतिनस्यं प्रवदन्ति रोगम् ॥

घाँटी र तालुको फेदमा रहेका पाकेका दोषहरूसँग मिलेको वायु दुर्गन्धित भएर मुख र नाकबाट निस्कने गर्दछ, यस्तो रोगलाई "पूतिनस्य" भनिन्छ । अर्थात् घाँटी र तालुको फेदमा रहेको दूषित पित्त, कफ र रगतको सम्पर्कमा पुगी गनाउने भएर मुख तथा नाकबाट वायु निस्कने रोगलाई "पूतिनस्य" भनिन्छ ।

(ङ) हंसराज निदान :

पक्वैर्दोषैर्यदा वातस्ताल्वादौ मूर्च्छितो भवेत् । नसो निस्सरते पूतिः पूतिनस्यं च तद्वदेत् ॥

जब घाँटी र तालुको फेद रहेको वातले दोषलाई विकृत बनाई आफू पनि विकृत भई नाकबाट गनाउने भएर निस्कन्छ तब त्यो रोगलाई “पूतिनस्य” भनिन्छ ।

पूतिनस्यको उपचार

(क) अर्कप्रकाश :

व्याघ्रीदन्तीवचाशिग्रुः सुरसाव्योषसैन्धवैः ॥ सिद्धोऽर्कस्तु नसि क्षिप्तः पूतिनासा गदापहः ।

ठूलो बिही, अजयपाल, बोझो, सैजन (वा तुलसी), फ्याक्सेकन्द, त्रिकटु र सिधे नुन मिसाएर अर्क निकाली त्यो अर्कको नस लिनाले नाक गनाउने रोग ठिक हुन्छ ।

(ख) अष्टाङ्ग सङ्ग्रह :

अवीनसे पूतिनासे च गुडमरिचहिङ्गुशिवाटिकाविडङ्गैरजामूत्रपिष्टैर्नस्यम् । कफप्रतिश्यायवच्च स्नेहस्वेदवमनानि ॥

अवीनस र पूतिनासा रोगमा सक्खर, मरिच, हिङ्गुशिवाटिका ? र वायुविडङ्ग बाख्रीको मूत्रमा पिसी नस्य दिनू । चिल्लो खुवाउने, सेकेर पसिना निकाल्ने, वान्ता गराउने आदि विधि कफजन्य प्रतिश्यायमा जसरी नै गर्नू ।

वमितवतो निर्गुण्डीशिग्रुतर्कारीफणिज्जकक्षवकसुरसार्जकपत्रस्वरसेन सार्षपं पीलुजं वा तैलं विपाच्य नस्यं विदध्यात् ॥

बान्ता गराएपछि बैजनी रङको फूल फुल्ने सिमाली, सैजन, वज्रदन्ती, मरुवा, रायो, तुलसी र जङ्गली तुलसीका पात सर्सिउँ वा दँति ओखरको तेलमा पकाएर त्यो तेलले नस्य दिनू ।

लाक्षाविडङ्गपिप्पलीलवङ्गक्षवकनिशाकुष्ठवचाकरञ्जिकाकल्कैर्वा तिलतैलम् ।
शिग्रुबृहतीदन्तीमूलबिल्वव्योषसुरससैन्धवैर्वा ॥

अथवा लाहा, वायुविडङ्ग, पिप्ला, ल्वाङ, रायो, हलेदो, कूट, बोझो र करञ्ज हालेर पकाइएको तिलको तेलले नस्य दिनू । अथवा सैजन, बिही, अजयपालको जरा, बेल, त्रिकटु, तुलसी र सिँधेनुन हालेर पकाइएको तेलले नस्य दिनू ।

(ग) अष्टाङ्ग हृदय :

कफपीनसवत् पूतिनासापीनसयोः क्रिया । लाक्षाकरञ्जमरिचवेल्लहिङ्गुकणागुडैः ॥
अविमूत्रद्रुतैर्नस्यं कारयेद्वमने कृते । शिग्रुसिंहीनिकुम्भानां बीजैः सव्योषसैन्धवैः ॥
सवेल्लसुरसैस्तैलं नावनं परमं हितम् ।

पूतिनासा र अपीनस रोगमा कफजन्य पिनासको जसरी उपचार गर्नू । विशेषगरी बान्ता गराएपछि लाहा, करञ्जका गेडा, मरिच, वायुविडङ्ग, हिङ, पिप्ला र सक्खरलाई भेडाको मूत्रमा घोलेर नस लिनू ।

(घ) चक्रदत्त, भैषज्य रत्नावली,

कलिङ्गहिङ्गुमरिचलाक्षासुरसकट्फलैः । व्योषोग्राशिग्रुजन्तुघ्नैरवपीढः प्रशस्यते ॥ (वङ्गसेन)

इन्द्रजौ, हिङ, मरिच, लाहा, तुलसी, काफल, त्रिकटु, बोझो, सजिवनका बीज र वायुविडङ्गको धूलो मिसाएर नस्य दिनाले नाकका रोग ठिक हुन्छ ।

तैरेव मूत्रसंयुक्तैः कटुतैलं विपाचयेत् ।
प्र(अ)पीनसे पूतिनस्ये शमनं परिकीर्त्तितम् (कीर्त्तितं परम्) ॥ (वङ्गसेन)

माथि बताइएका ओखतीको धूलो गहुँतमा हाली सर्सिउँको तेलमा तेलपाक गर्नू । यो तेलको नस्य दिनाले पिनास र पूतिनासा रोग शान्त हुन्छ ।

व्याघ्रीदन्तीवचाशिग्रुसुरसाव्योषसैन्धवैः । पाचितं नावनं तैलं पूतिनासागदापहम् ॥

कण्टकारी, अजयपाल, बोझो, सजिवन, सुरसा, त्रिकटु र सिँधेनुनको लेदो हाली पकाइएको तेलको नस्यले पूतिनासा रोग नाश गर्दछ ।

त्रिकटुकविडङ्गसैन्धवबृहतीफलशिग्रुसुरसदन्तीभिः । तैलं गोजलसिद्धं नस्यं स्यात्पूतिनस्यस्य ॥ (वङ्गसेन)

सुठो, मरिच, पिप्ला, वायुविडङ्ग, सिँधेनुन, बिहीँको फल, सजिवनको बीज, सुरसा र अजयपालको बीज मिसाएर पिसी लेदो बनाएर गहुँत हाली सर्सिउाको तेलमा पकाएर तेल तयार पारी नस्य दिनाले पूतिनस्य रोग नाश हुन्छ ।

(ङ) भावप्रकाश संहिता, योग रत्नाकर, सुश्रुत संहिता :

व्याघ्रीदन्तीवचाशिग्रुसुरसाव्योषसिन्धुजैः । सिद्धं तैलं नासि क्षिप्तं पूतिनासागदापहम् ॥

कण्टकारीको जरा, अजयपाल, बोझो, सजिवन, तुलसी, त्रिकटु र सिँधेनुनको लेप हालेर पकाइएको तेलले नस्य दिनू । पूतिनस्य रोग नाश हुनछ । यसलाई व्याघ्रीतैल भनिन्छ ।

शिग्रुसिंहीनिकुम्भानां बीजैः सव्योषसैन्धवैः । बिल्वपत्ररसैः सिद्धं तैलं स्यात्पूतिनस्यनुत् ॥ (वङ्गसेन)

सजिवनको बीज, अजयपालको बीज, त्रिकटु र सिँधेनुनको लेदो तथा बेलका पात हाली पकाइएको तेलको नस्य दिनाले पूतिनस्य रोग नाश हुन्छ । यसलाई शिग्रूतैल भनिन्छ ।

(च) वङ्गसेन आयुर्वेद :

पूर्वोद्दिष्टे पूतिनस्ये च कुर्य्यात् स्नेहस्वेदौ छर्दनं स्रंसनं च ।
युक्तं भुक्तं तीक्ष्णमल्पं लघु स्यादुष्णं तोयं धूमपानञ्च कार्य्यम् ॥

पहिले बताइएको पूतीनस्य रोगमा रोगीलाई स्नेहन, स्वेदन, वमन र विरेचन दिनू । तिक्खर, थोरै र पचाउन सहज हुने खालको खान खानाखाने बेला भएपछि खान दिनू । पिउनका लागि तातोपानी दिनू र धूमपान कालमा धूमपान गराउनू ।

व्याघ्रीदन्तीवचाशिग्रुसुरसाव्योषसिन्धुजैः । पाचितं नावनं तैलं पूतिनासागदापहम् ॥

कण्टकारी, अजयपाल, बोझो, सजिवन, सुरसा, त्रिकटु र सिँधेनुनको लेदो हाली पकाइएको तेलको नस्यले पूतिनासा रोग नाश गर्दछ ।

(छ) वैद्य रहस्य :

व्याघ्रीदन्तीवचाशिग्रुसुरसाव्योषसिन्धुजैः । सिद्धं तैलं नसिक्षिप्तं पूतिनासा गदापहम् ॥

कण्टकारी, अजयपाल, बोझो, सजिवन र तुलसीको रस; त्रिकटु र सिँधेनुन मिसाएर विधिपूर्वक तेल पकाई त्यो तेलको नस्य लिनाले पूतिनासा रोग नाश हुन्छ ।

(ज) शार्ङ्गधर संहिता :

व्याघ्रीदन्तीवचाशिग्रुतुलसीव्योषसैन्धवैः ॥
कल्कैश्च (कफस्य) पाचनं तैलं पूतिनासा(सो)गदापहम् ।

ठूलो बिही, अजयपालको जरा, बोझो, सैजनको बोक्रा, तुलसीका पात, सुठो, कालो मरिच, पिप्ला र सिधेनुन बराबर मात्रामा जम्मा पारी कुटेर धुलो बनाउनू । धुलोको चौबर तिलको तेल र तिलको तेलको चौबर पानी मिसाई तेलमात्र बाँकी नहुँदासम्म पकाउनू । बेला भएपछि झिकेर छान्नू । यो तेलको नस हाल्नाले पूतिनासा ठिक हुन्छ ।

(झ) सुस्रुत संहिता :

पूर्वोद्दिष्टे पूतिनस्ये च जन्तोः स्नेहस्वेदौ छर्दनं स्रंसनं च ।
युक्तं भक्तं तीक्ष्णमल्पं लघु स्यादुष्णं तोयं धूमपानं च काले ॥

पहिले बताइएको पूतीनस्य रोगमा रोगीलाई स्नेहन, स्वेदन, वमन र विरेचन दिनू । तिक्खर, थोरै र पचाउन सहज हुने खालको खान खानाखाने बेला भएपछि खान दिनू । पिउनका लागि तातोपानी दिनू र धूमपान कालमा धूमपान गराउनू ।

हिङ्गु व्योषं वत्सकाख्यं शिवाटी लाक्षा बीजं सौरभं कट्फलं च ।
उग्रा कुष्ठं तीक्ष्णगन्धा विडङ्गं श्रेष्ठं नित्यं चावपीडे करञ्जम्॥

हिङ, त्रिकटु, इन्द्रजौ, सेतो पुनर्नवा, लाहा, तुलसीका बीज, काफल, बोझो, कूट, सैजन, वायुविडङ्ग र करञ्ज मिसाएर दिनहुँ अवपीडन नस्य दिनू ।

एतैर्द्रव्यैः सार्षपं मूत्रयुक्तं तैलं धीमान्नस्यहेतोः पचेत ।

यिनै ओखती, गहुँत र सर्सिउँको तेल हालेर विधिपूर्वक तेल पकाई बुद्धिमान वैद्यले नस्यका लागि तेल पकाउनू ।

पूयरक्त

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

निचयाद्भिघाताद्वा पूयासृङ् नासिका स्रवेत् । तत् पूयरक्तमाख्यातं शिरोदाहरुजाकरम् ॥

नाकमा तीन वटै दोषले अथवा चोटपटक लागेर पीप मिसिएको रगत बग्दछ र सँगसँगै टाउको दुख्ने र पीडा हुने गर्दछ भने त्यो रोगलाई "पूयरक्त" भनिन्छ ।

(ख) चरक संहिता :

घ्राणात्स्रवेद्वा श्रवणान्मुखाद्वा पित्तात्तमस्रं त्वपि पूयरक्तम् ॥

जब नाक, कान र मुखबाट पीपयुक्त रगत बहन थाल्दछ तब यो रोगलाई "पूयरक्त" भनिन्छ ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद, सुस्रुत संहिता :

दोषैर्विदग्धैरथवाऽपि जन्तोर्ललाटदेशेऽभिहतस्य तैस्तैः (तैस्तु) ।
नासा स्रवेत्पूयमसृग्विमिश्रं तं पूयरक्तं प्रवदन्ति रोगम् ॥

कफ आदि दोष विकृत हुनाले अथवा निधारमा ती ती पदार्थले चोट लाग्नाले रगत मिसिएको सिङान नाकबाट झर्दछ । यो रोगलाई "पूयरक्त" भनिन्छ ।

(घ) माधव निदान :

दोषैर्विदग्धैरथवाऽपि जन्तोर्ललाटदेशेऽभिहतस्य तैस्तैः ।
नासा स्रवेत् पूयमसृग्विमिश्रं तं पूयरक्तं प्रवदन्ति रोगम् ॥

कफ आदि दोष विकृत भएर अथवा अनेक थरीका आघातले टाउकामा चोट लागेर नाकबाट रगत र पीप निस्कने रोगलाई "पूयरक्त" भनिन्छ ।

(ङ) हंसराज निदान :

दोषेषु पक्वेषु ललाटमध्ये पूयं सरक्तं मुखनाशयुक्तम् ।
दुर्गन्धियुक्तं बहुशः स्रवेत्तत्प्रोक्तम्भिषग्भिः किल पूयरक्तम् ॥

निदारमा रहेका दोष पाकी रगत सहितको गनाउने पदार्थ मुख र नाकबाट अत्यधिक बहने रोगलाई पूयरक्त भनिन्छ ।

पूयरक्तको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

उत्पन्नमात्रं पूयरक्तं रक्तप्रतिश्यायवच्चिकित्सेत् । प्रवृद्धं नाडीव्रणवत् ।
कृतवमनस्य चास्य नस्यधूमौ प्रयोजयेत्॥

पूयरक्त रोगमा रोग हुनासाथ रक्तजन्य प्रतिश्यायको जसरी उपचार गर्नू । बढेमा नाडीव्रणको जसरी उपचार गर्नू । बान्ता गराउने, नस्य हाल्ने, धूमपान गराउने जस्ता उपचार विधिको प्रयोग गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

पूयरक्ते नवे कुर्याद्रक्तपीनसवत्क्रियाम्॥
अतिप्रवृद्धे नाडीवत् दग्धेष्वर्शोऽर्बुदेषु च । निकुम्भकुम्भसिन्धूत्थमनोह्वालवणाग्निकैः॥
कल्किततैर्घृतमध्वाक्तां घ्राणे वर्तिं प्रवेशयेत् । शिग्र्वादि नावनं चात्र पूतिनासोदितं भजेत्॥

पूयरक्त नामक नाकको रोगमा रक्तविकारजन्य पिनासको जसरी उपचार गर्नू । रोग बढेमा नाडीव्रणको जसरी उपचार गर्नू । नासार्श र अर्बु नामका रोग हुँदा क्षार अथवा अग्निकर्म गरी डाम्नू । अजयपालका गेडा, निसोत, सिँधेनुन, मैनसिला, हरिताल, पिप्ला र चितूको लेप बनाई त्यसमा सुप्लो भिजाएर त्यसमही घिउ र मह थोपरी नाकभित्र राख्नू । श्लोक २२ मा बताइएको सजिवन आदिको नस दिनू । यही विधि पूतिनाश रोगमा पनि लाभदायक हुन्छ ।

(ग) भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

पूयास्रे रक्तपित्तघ्नाः कषाया नावनानि च ।

पूयास्रावमा रक्तपित्त नाशक काँढापानी र नस्यको प्रयोग गर्नू ।

(घ) रसरत्नसमुच्चय :

पूयास्रमतिदुर्गन्धि नासायामतितापनुत् । कृतं नस्येन हन्यात्तच्छ्वेतजीरं सितायुतम्॥

नाकबाट अति गनाउने खालको पीप र रगत आउने गर्दछ भने र अति नै डाह हुन्छ भने सेतो जीरा पानीमा पिसी कपडछान गरेर त्यो रसमा अथवा जीराको काँढापानी पकाएर मिश्री मिसाई त्यसले नस्य दिनू वा यो रस दुई चार थोपा नाकमा हाल्नू । रोग नाश हुन्छ ।

(ङ) सुस्रुत संहिता :

...नाडीवत्स्यात् पूयरक्ते चिकित्सा ॥

स्तनरोगको उपचारका क्रममा बताइएको विसर्पनाडी वा नाडीव्रणको जसरी पूयरक्त रोगको उपचार गर्नू ।

वान्ते सम्यक् चावपीडं वदन्ति तीक्ष्णं धूमं शोधनं चात्र नस्यम् ।

पूयरक्तमा राम्ररी बान्ता गराएपछि अवपीडन नस्य दिनू । तिक्खर धूमपान गराउनू र शोधन नस्य दिनू ।

प्रतीनाह

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

...नासानाहे तु जायते । नद्धत्वमिव नासायाः श्लेष्मरुद्धेन वायुना॥
निःश्वासोच्छ्वाससंरोधात् स्रोतसी संवृते इव ।

उदान नामक वायु कफले जेलिएर नाकका प्वाल छेक्ने गर्दछ । यसले गर्दा सास फेर्न कठिन हुने गर्दछ । नाकका प्वाल बन्द भएजस्तो भान हुन्छ । यो रोगलाई “नासानाह” भनिन्छ ।

(ख) चरक संहिता, भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

उच्छ्वासमार्गं तु कफः सवातो रुन्ध्यात्प्रतीनाहमुदाहरेत्तम् ।

जब वायु र कफले सासको बाटो रोक्दछ तब यसलाई “प्रतीनाह” भनिन्छ ।

(ग) सुश्रुत संहिता :

कफावृतो वायुरुदानसंज्ञो यदा स्वमार्गे विगुणः स्थितः स्यात् ।
घ्राणं वृणोतीव तदा स रोगो नासाप्रतीनाह इति प्रदिष्टः॥

उदान वायु कफसँग मिलेर आफ्नो बाटोमा जब विकृत भएर बस्दछ र नाक बन्द गर्दछ तब यो रोगलाई “नासाप्रतीनाह” भनिन्छ ।

(घ) हंसराज निदान :

रुन्ध्यान्मार्गं नसो वायुः श्लेष्मणा सहितो बली । प्रतीनाहं च तं रोगं विद्यादाधुनिको भिषक्॥

नाकको वायुले कफसँग मिलेर सास मार्गलाई रोक्ने रोगलाई अहिलेका वैद्यजन “प्रतीनाह” भन्दछन् ।

प्रतीनाहको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

नासाशोषे बलातैलं पाने शिरोबस्तौ च । स्निग्धस्य स्वेदः । क्षीरसर्पिर्नस्यं मधुरवर्गसाधितं वा तैलम् । स्नेहिको धूमः ।

नासाशोषमा बलातैल पिउने गर्नू । यही तेल टाउकामा दल्नू । चिल्लो स्वेदन गर्नू । दूध र घिउको नस्य हाल्नू । अथवा मधुरवर्गका ओखती हालेर पकाइएको तेलको नस हाल्नू । चिल्ला कुराको धूमपान गर्नू ।

तथा नासानाहेऽपि । एवमनुपशमे शिरोविरेकः ॥

यही उपचार नासानाहमा पनि गर्नू । यी उपचारले ठिक नभए शिरोविरेचन गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

नासाशोषे बलातैलं पानादौ भोजनं रसैः ॥ स्निग्धो धूमस्तथा स्वेदो नासानाहेऽप्ययं विधिः ।

नासाशोषमा बलातैल पिउनू । यसैको नस हाल्नू र यही तेल दल्नू । मासुको रससँग खाना खानू । स्निग्ध धूमपान (सू.अ.२१) तथा स्वेदकर्म (सू.अ.१७) गर्नू । नासानाहमा पनि यही विधि गर्नू ।

(ग) चक्रदत्त :

नासानाहे स्नेहपानं प्रधानं स्निग्धा धूमा मूर्ध्नि वस्तिश्च नित्यम् ॥

नासादाहमा स्नेहपान, स्निग्ध धूमपान र ऊर्ध्ववस्ति हरेक दिन प्रयोग गर्नू ।

(घ) भैषज्य रत्नावली :

नासानाहे स्नेहपानं प्रधानं स्निग्धा धूमा मूर्धबस्तिश्च नित्यम् ।
बलातैलं सर्वथैवोपयोज्यं वातव्याधावन्यदुक्तं च यद्यत् ॥

नासानाह रोगमा खाना खाएपछि चिल्लो पिउनु उत्तम हुन्छ । चिल्ला ओखतीको धूमपान, शिरोवस्ति (साल्बण उपनाह आदि) गर्नु पनि हितकर हुन्छ । बला तेल पिउन, मालिस गर्न र शिरोविरेचन आदि सबै कार्यका लागि प्रयोग गर्नू । वातव्यधि रोगको उपचारका क्रममा बताइएको अणुतेल आदि पनि प्रयोग गर्नू ।

(ङ) योग रत्नाकर :

नासावनाहे कर्तव्यं पानं गव्यस्य सर्पिषः ।

नासानाह रोगमा (नाक बन्द हुने रोग) गाईको घिउ पिउने गर्नुपर्दछ ।

(च) वङ्गसेन आयुर्वेद :

नासानाहे स्नेहपानं प्रधानं स्निग्धा धूमा मद्धर्ववस्तिश्च नित्यम् ।

नासादाहमा स्नेहपान, स्निग्ध धूमपान र ऊर्ध्ववस्ति हरेक दिन प्रयोग गर्नू ।

बलातैलं सर्वथैवोपि युञ्ज्याद्वातव्याधावन्यदुक्तं च यद्यत् ॥

बला तेल पिउन, मालिस गर्न र शिरोविरेचन आदि सबै कार्यका लागि प्रयोग गर्नू । वातव्यधि रोगको उपचारका क्रममा बताइएको अणुतेल आदि पनि प्रयोग गर्नू ।

भ्रंशथु

(क) भावप्रकाश संहिता :

प्रभ्रश्यते नासिकया तु यस्य सान्द्रो विदग्धो लवणः कफस्तु ।
प्राक्सञ्चितो मूर्द्धनि पित्ततप्ते तं भ्रंशथुं व्याधिमुदाहरन्ति ॥

निधारमा पहिलेदेखि नै थुप्रेर बसेको, दूषित, बाक्लो र नुनिलो कफ दिमाग तातेपछि नाकबाट बाहिर निस्कन्छ । यो रोगलाई "भ्रंशथु" भन्ने गरिन्छ ।

(ख) माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

प्रभ्रश्यते नासिकया तु यस्य सान्द्रो विदग्धो लवणः कफस्तु ।
प्राक्सञ्चितो मूर्धनि सूर्यतप्तस्तं भ्रंशथुं रोगमुदाहरन्ति ॥

टाउकामा पहिलेदेखि थुप्रेको बाक्लो, पाकेको र नुनिलो कफ घामले तातेर पग्ली नाकबाट बाहिर निस्कने रोगलाई "भ्रंशथुं" भनिन्छ ।

(ग) सुश्रुत संहिता :

प्रभ्रश्यते नासिकयैव यश्च सान्द्रो विदग्धो लवणः कफस्तु ।
प्राक् सञ्चितो मूर्धनि पित्ततप्तस्तं भ्रंशथुं व्याधिमुदाहरन्ति ॥

निधारमा पहिलेदेखि नै थुप्रेर बसेको, दूषित, बाक्लो र नुनिलो कफ दिमाग तातेपछि नाकबाट बाहिर निस्कन्छ । यो रोगलाई भ्रंशथु भन्ने गरिन्छ । (यसमा बढी सिङान आई टाउको कमजोर भएको अनुभव हुन्छ) ।

भ्रंशथुको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

भृश..थौ पुटके च निम्बकट्फलकुष्ठमरिचचूर्णैः क्लेदनाय प्रधमनम् ।
पिप्पलीकुष्ठशुण्ठीविडङ्गमृद्वीकाकषायकल्कविपक्वं तैलं घृतं वा नावनम् ॥

भृशथु रोगमा नीम, काफल, कूट र मरिचको धूलो मिसाएर प्रधमन नस्य दिनू । पिप्ला, कूट, सुठो, वायुविडङ्ग र मुनक्का हालेर पकाईको काँढापानी, तेल वा घिउका थोपा नाकमा हाल्नू ।

(ख) भावप्रकाश संहिता :

घृतगुग्गुलुमिश्रस्य सिक्थकस्य प्रयत्नतः । धूमं क्षवथुरोगघ्नं भ्रंशथुघ्नञ्च निर्दिशेत् ॥
शुण्ठीकुष्ठकणाबिल्वद्राक्षाकल्ककषायवत् । तैलं पक्वमथाज्यं वा नस्यात्क्षवथुनाशनम् ॥

घिउ, गोकुलधूप, र मैन मिसाएर यसको प्रयत्नपूर्वक धूमपान गर्नाले क्षवथु र भ्रंशथु नाश हुन्छ । सुठो, कूट, पिप्ला, बेल र दाखको लेदो यिनकै काँढापानीमा पकाइएको तेल अथवा घिउको नस्य दिनाले क्षवथु नाश हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

द्रव्याणि यानि क्षवथौ प्रदिष्टान्येतानि सर्वाणि सकट्फलानि ।
चुर्णनि कृत्वा प्रधमेत नस्ये शस्तञ्च दत्तं भ्रशथुं निहन्यात् ॥४६॥

क्षवधु रोगमा बताइएका ओखती सबै लिई काफल मिसाएर धूलो बनाई नस्य दिनाले भ्रंशथु रोग नाश हुन्छ ।

(घ) सुश्रुत संहिता :

क्षेप्यं नस्यं मूर्धवैरेचनीयैर्नाड्या चूर्णं क्षवथौ भ्रंशथौ च ॥७॥
कुर्यात् स्वेदान् मूर्ध्नि वातामयघ्नान् स्निग्धान् धूमान् यद्यदन्यद्धितं च ।

क्षवथु र भ्रंशथु रोगमा प्रधमन नस्यनाडी दिनू । शिरोविरेचनका ओखतीको धूलो नाकमा हाल्नू । प्रधमन नस्य र ओखतीको धूलो हालेर कफ कम भएपछि वातविकार नाशगर्ने पदार्थले टाउको सेकेर पसिना निकाल्नू । यसका साथै चिल्लो ओखतीले धूमपान गराउने तथा अन्य हितकर उपाय (शिरोवस्ति) आदि पनि गर्नू ।

पिनास खण्ड

पिनासको परिभाषा

(क) नेपाली बृहत् शब्दकोश :

रुघा बिग्रेर नाके ओढारमा हुने विकारलाई पिनास भनिन्छ ।

(ख) राजनिघण्टु :

पिनासलाई संस्कृतमा प्रतिश्याय वा पीनस पनि भनिन्छ ।

पिनास गराउन पदार्थहरू

(क) भावप्रकाश निघण्टु :

गोरु वा बहरको मासुले पिनास हुन्छ ।

(ख) राजनिघण्टु :

बालुकी नामक नपाकेको काँक्रो र चुसिएको उखुको रसले पिनास गर्दछ ।

(ग) हारीत संहिता :

अकालशयनात्...प्रतिश्यायः प्रपीनसः ॥

बेला न कुबेला सुत्ने बानीले गर्दा प्रतिश्याय र पिनास हुन्छ ।

दिवास्वप्नादिदोषैर्वा प्रतिश्यायश्च जायते । तस्मात्कासः समुद्दिष्टः कासात्पीनस एव च ॥
तस्मात्क्षयः क्षयाच्छोफो शोफेनाऽपि मृतिं व्रजेत् ।

दिउस सुत्नाले रुघा लाग्दछ, रुघाले खोकी र खोकीले पिनास हुन्छ । पिनासले क्षयरोग र क्षयरोगले सुजन हुन्छ । सुजनले मानिसको मृत्यु हुन्छ ।

पिनास नाशगर्ने गुण भएका पदार्थहरू

(क) अष्टाङ्ग हृदय :

पिनास हुँदा सिखर्नी ओखती हुन्छ ।

(ख) आयुर्वेद महोदधि :

पुराणं ...घृतं...पीनस...नुत् । ... वारुणी...निहन्ति ...पीनसान् ॥ मध्वासवः ...पीनस...जित् ॥ ... कुलत्थो ... पीनस...हारी ॥ छागलं ... पीनसनाशनम् ।

पुरानो घिउले पिनास नाश गर्दछ । वारुणी (ताड, खयर, कदम वा पुनर्नवाको मदिरा) ले पिनास नाश गर्दछ । महको वा महुवाको मदिरा (मध्वासव) ले पिनासलाई जित्दछ । गहतले पिनास निको पार्दछ । बोकाको मासुले पिनास निको पार्दछ ।

(ग) भावप्रकाश निघण्टु :

त्रिकटु, मैनकाँडो, भारङ्गी वा चिण्डे, हलेदो, देवदार, जाइफल, चिनियाँ तेजपात वा बेतलौरी, कण्टकारी, अगस्ति, शुद्ध ताम्रभस्म, सारलोह भस्म, जौ, गहत, अगस्तिको फूल, बोकाको मासु, कुमारी पाठीको मासु, अङ्गारकर्कटी नामक रोटी, सिखर्नी, दही, पकाएको तक्र र वारुणीमा पिनास नाशगर्ने गुण हुन्छ ।

(घ) मदनपाल निघण्टु :

सेतो फल फल्ने कण्टकारी, चिण्डे, त्रिकटु, क्षार, जाइफल, दालचिनी, अगस्ति, तातोपानी, घिउ, मूला आदिको झोल, चनाको सुप, वनमुगीको झोल, सिखर्नी, अङ्गारकर्कटी र बोकाको मासुमा पिनास नाशगर्ने गुण हुन्छ ।

(ङ) राजनिघण्टु :

कण्टकारी, गोठाले काँक्रोविशेष (मृगाक्षी), नरिवल-पानी, पान, दही र चनाको दालमा पिनास नाशगर्ने गुण हुन्छ ।

(च) हारीत संहिता :

गहतले पिनास र प्रतिश्यायलाई जित्दछ । चूनले पिनास शान्त गर्दछ । मह पिनासमा हितकारी हुन्छ ।

.. पीनसके ...चणकः प्रशस्तः ॥

पिनासमा चना उपयोगी र शीतल गर्ने गुणको हुन्छ ।

अपीनस
(The mucus of the nose)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कफः प्रवृद्धो नासायां रुद्ध्वा स्रोतांस्यपीनसम् । कुर्यात् सघुर्घुरश्वासं पीनसाधिकवेदनम् ॥
अवेरिव स्रवत्यस्य प्रक्लिन्ना तेन नासिका । अजस्रं पिच्छिलं पीतं पक्वं सिङ्घाणकं घनम् ॥

टाउको भित्र नाक रहेको भागमा कफ बढी नासा भित्री प्वाल बन्द गरेर ‘अपीनस’ नामक रोग उत्पन्न गराउँदछ । यो रोग हुँदा सास फेर्दा घुरघुर आवाज आउँदछ र पिनासको भन्दा बढी दुःख हुन्छ । भेडाको नाकबाट बगेजसरी नाकबाट जतिखेर पनि पानी बगिरहन्छ र ओसिलो हुनेगर्दछ । च्याटच्याट लाग्ने पहेँलो, पाकेको र बाक्लो सिङान निस्किरहन्छ । (कुनै कुनै प्रतिमा अवीनस पाठ पाइन्छ । यसको अर्थ भेडाको जस्तो सिङान बगिरहने नाक हुने रोग भनिएको हो ।

(ख) चरक संहिता, माधव निदान, वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

आनह्यते यस्य विशुष्यते (विधूप्यते) च प्रक्लिद्यते धूप्यति चापि नासा ॥
न वेत्ति यो गन्धरसांश्च जन्तुर्जुष्टं व्यवस्येत्तमपीनसेन ।
तं चानिलश्लेष्मभवं विकारं ब्रूयात् प्रतिश्यायसमानलिङ्गम् ॥

जसको नाकमा रुकावट हुन्छ, सुन्निन्छ (पोल्दछ), भिजि रहन्छ, धुवाँ जस्तो निस्कन्छ तथा गन्ध वा रसको राम्रो ज्ञान हुँदैन त्यस्तो मानिसलाई ‘अपीनस’को रोगी भनी थाहा पाउनु पर्दछ । यो रोग वातविकार र कफविकारका कारण उत्पन्न हुन्छ । यसका अन्य लक्षण प्रतिश्यायका जस्तै हुन्छन् ।

(क) राज निघण्टु :

पीनस र प्रतिश्याय : यी पिनासका पर्यायवाची नामहरू हुन् ।

अपीनसका लक्षण

(क) चरक संहिता :

आनह्यते यस्य विशुष्यते च प्रक्लिद्यते धूप्यति चापि नासा ॥
न वेत्ति यो गन्धरसांश्च जन्तुर्जुष्टं व्यवस्येत्तमपीनसेन ।
तं चानिलश्लेष्मभवं विकारं ब्रूयात् प्रतिश्यायसम् ॥

जसको नाकमा रुकावट हुन्छ, सुन्निन्छ, भिजि रहन्छ, धुवाँ जस्तो निस्कन्छ, गन्ध वा रसको राम्रो ज्ञान हुँदैन त्यस्तो मानिसलाई अपीनसको रोगी थाहा पाउनु पर्दछ । यो रोग वातविकार र कफविकारका कारण उत्पन्न हुन्छ । यसका अन्य लक्षण प्रतिश्यायका जस्तै हुन्छन् ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

आनह्यते शुष्यति यस्य नासा प्रक्लेदमायाति तु धूप्यते च ।
न वेत्ति यो गन्धरसांश्च जन्तुर्जुष्टं व्यवस्येदिह पीनसेन ॥

सासले सुकेको कफले गर्दा नाक बन्द हुन्छ, रोकिएर पुनः गिलो हुन्छ, तात्दछ, नाक बन्द हुनाले गन्ध वा बास्ना थाहा हुँदैन, , नाकका रोगले गर्दा उत्पन्न विकारले गर्दा जिब्रो पनि दूषित भएर गुलियो आदि रस थाहा पाउँदैन भने त्यस्तो रोगलाई पीनस रोग भनिन्छ । (व्याकरणको मर्यादा अनुसार पीनस र अपीनस : यी दुई एउटै रोगका नाम हुन्) ।

तं चानिलश्लेष्मभवं विकारं ब्रूयात्प्रतिश्यायसमानलिङ्गम् ॥

वातजन्य र कफजन्य पीनस रोगका अरु लक्षणहरू वातजन्य र कफजन्य प्रतिश्याय नामक रोगका जस्तै हुन्छन् ।

(ग) सुश्रुत संहिता :

आनह्यते यस्य विधूप्यते च प्रक्लिद्यते धूप्यति चापि नासा ।
न वेत्ति यो गन्धरसांश्च जन्तुर्जुष्टं व्यवस्येत्तमपीनसेन ॥
तं चानिलश्लेष्मभवं विकारं ब्रूयात् प्रतिश्यायसमानलिङ्गम् ।

जसको नाकमा रुकावट हुन्छ, पोल्दछ, भिजि रहन्छ, धुवाँ जस्तो निस्कन्छ तथा गन्ध वा रसको राम्रो ज्ञान हुँदैन त्यस्तो मानिसलाई 'अपीनस'को रोगी भनी थाहा पाउनु पर्दछ । यो रोग वातविकार र कफविकारका कारण उत्पन्न हुन्छ । यसका अन्य लक्षण प्रतिश्यायका जस्तै हुन्छन् ।

(घ) हंसराज निदान :

आनह्यते येन गदेन नासिका विशेध्यते पूय्यति तुद्यते क्वचित् ।
न गन्ध्यते क्लिद्यति खिद्यतेऽथवा स पीनसो रुक्कथितो भिषग्वरैः ॥

कफले गर्दा नाक बन्ध हुने, पीप बहने, दुख्ने, गन्धको ज्ञान नहुने र डाह हुने नाकको रोगलाई वैद्यजनले पीनस रोग भनी बताएका छन् ।

पिनास पाके नपाकेको लक्षण

(क) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

शिरोगुरुत्वमरुचिर्नासास्रावस्तनुः स्वरः । क्षामः ष्ठीवति चाभीक्ष्णमामपीनसलक्षणम् ॥

टाउको भारी छ, अरुचि भइरहेछ, नाकबाट पातलो सिङान बगिरहन्छ, स्वर बिग्रेको छ र पटकपटक थुक आउँदछ भने पिनास काँचो छ भनी थाहा पाउनू ।

आमालिङ्गान्वितः श्लेष्मा घनः खेषु निमज्जति । स्वरवर्णविशुद्धिश्च पक्वपीनसलक्षणम् ॥

काँचो पिनासका लक्षण सहित, बाक्लो सिङान आउँदछ वा नाक भित्रै अड्किन्छ, बोली खुल्दछ र कफको रङ सामान्य छ भने पिनास पाकेछ भनी थाहा पाउनू ।

(ख) वङ्गसेन आयुर्वेद :

शिरोगुरुत्वमरुचिर्नासास्रावस्तनुः स्वरः । क्षामः ष्ठीवत्यथा भीक्ष्णमामपीनसलक्षणम् ॥१३॥

टाउको भारी छ, अरुचि भइरहेछ, नाकबाट पातलो सिङान बगिरहन्छ, स्वर बिग्रेको छ र पटकपटक थुक आउँदछ भने पिनास काँचो छ भनी थाहा पाउनू ।

आमालिङ्गान्वितः श्लेष्मा घनः खेषु निमज्जति । स्वरवर्णविशुद्धिश्च परिपक्वस्य लक्षणम् ॥

काँचो पिनासका लक्षण सहित, बाक्लो सिङान आउँदछ वा नाक भित्रै अड्किन्छ, बोली खुल्दछ र कफको रङ सामान्य छ भने पिनास पाकेछ भनी थाहा पाउनू ।

(ग) हंसराज निदान :

श्लेष्मातिसान्द्रः परिगन्धहीनः शिरोलघुत्वं स्वरवर्णशुद्धिः ।
नासावकाशं पवनप्रवृत्तिश्चिह्नानि पक्वस्य हि पीनसस्य ॥

नगनाउने बाक्लो कफ निस्कनु, टाउको हलुका हुनु, स्वर स्पष्ट हुनु, नाक शुद्ध हुनु र हावा राम्ररी निस्कनु : यी पिनास पाकेका लक्षणहरू हुन् ।

प्रतिश्याय खण्ड

प्रतिश्याय रोग हुने कारण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, योग रत्नाकर :

अवश्यायानिलरजोभाष्यातिस्वप्नजागरैः । नीचात्युच्चोपधानेन पीतेनान्येन वारिणा॥
अत्यम्बुपानरमणच्छर्दिबाष्पग्रहादिभिः । क्रुद्धा वातोल्बणा दोषा नासायां स्त्यानतां गताः॥
जनयन्ति प्रतिश्यायं वर्धमानं क्षयप्रदम् ।

शित पर्नेगरी नाङ्गो टाउको राखेर सुत्नाले, अथवा (शितमा) घुम्नाले, हावा लाग्नाले, धूलो पस्नाले, धेरै बोल्नाले, धेरै सुत्नाले वा दिउस पनि सुत्ने गर्नाले, धेरै समय नसुत्नाले, अग्लो वा होचो सिरानी राखेर सुत्नाले, सधैँ पिइरहेको भन्दा बेग्लै भूभागको पानी पिउनाले (पानी फेरिनाले), अत्यधिक ग्राम्यधर्ममा संलग्न हुनाले तथा वाकवाकी र बाफको वेग रोक्नाले आदि कारणले शरीर भित्रका वायु आदि दोष विकृत र उत्तेजित भई नाकको भित्री भागमा बाक्लो भएर जम्मा भई प्रतिश्याय नामक रोगलाई जन्माउने गर्दछ । बेलैमा उपचार गरिएन भने प्रतिश्याय आदि रोग बढ्दै जान्छ र क्षयरोग हुन सक्दछ ।

(ख) काश्यप संहिता :

गुरुमधुरशीतरूक्षाभ्यवहारात् सततं द्विविधं वा स्तन्यं पीत्वा पीत्वा स्वपतो नित्यं गुरुत्वाजीर्णयोश्च स्नानात् सश्लेष्मणश्च शीतोदकपानादवगाहनाच्च भुक्ते चातिपिबतो वेगविधारणाच्च सततं संरुद्धवेगस्याभ्यवहाराच्च नित्यं चानुपहितशायिनोऽतिपार्श्वशयनशायिनोऽपावृतमुखशायिनोऽन्यैश्च निदानैर्मन्दाग्नेर्विषमाशिनो वातः प्रकुपित ऊर्ध्वकफाशयं प्रदूष्य स्रोतांसि प्रतिश्याययति; स यदा मुखस्रोतांसि दूषयति तदा मुखरोगाजायन्ते, यदा श्रोत्रं तदा कर्णरोगाः, यदा नासिकामूलं प्रति कफं पित्तमसृग्वा श्याययति तदा प्रतिश्याय-इत्युच्यते॥

पचाउन कठिन, गुलिया, चिसा वा ठण्डी गर्ने र रुखा कुरा खानाले; लगातार दुई किसिमका दूध (आमाको र अन्य) पटकपटक पिएर सुत्नाले, हरेक दिन पचाउन कठिन हुने कुरा खाएर वा खाएको कुरा नपच्दै नुहाउनाले, कफ प्रकृतिको व्यक्तिले चिसो पानी पिउने गर्नाले, यस्ता व्यक्तिले चिसो पानीमा डुबुल्की लगाउने गर्नाले, खाना खाइ सकेपछि तरल पदार्थ धेरै पिउनाले; हाच्छिउँ, बाडुली, दिसा, पिसाब आदिको वेग रोक्ने गर्नाले; सधैँ ठिक तरिकाले नसुत्नाले, सधैँ एकातिर कोल्टो परेर सुत्नाले, मुख छोपेर सुत्नाले, कुनै पनि कारणले पाचनशक्ति कमजोर हुनाले र असमान खालका खानपिन धेरै गर्नाले मानिसको शरीरमा भएको वायु उत्तेजित भई त्यो गएर टाउकामा रहेको कफलाई दूषित बनाउँदछ । यसपछि यो कफ बहने स्थानतिर यो पनि सँगसँगै सर्न थाल्दछ (अनुगमन) । जब यस्तो

उत्तेजित वायुले मुखका श्रोतग्रन्थीलाई दूषित पार्दछ तब मुखका रोग निस्कन थाल्दछन् । जब यसले कानका श्रोतग्रन्थीलाई असर गर्दछ तब कानका रोग निस्कन्छन् । जब यस्तो वायुले कफसँग मिलेर नाकका मूल अर्थात् श्रोतग्रन्थीमा पुगेर त्यहाँ रहने कफ, पित्त वा रगतलाई असर गर्दछ अथवा उसको नियमित कार्यलाई बाधा हाल्दछ तब यसलाई प्रतिश्याय भनिन्छ ।

(ग) चरक संहिता :

सन्धारणाजीर्णरजोऽतिभाष्यक्रोधर्तुवैषम्यशिरोभितापैः ।
प्रजागरातिस्वपनाम्बुशीतैरवश्यया मैथुनबाष्पधूमैः ॥
संस्त्यानदोषे शिरसि प्रवृद्धो वायुः प्रतिश्यायमुदीरयेत्तु ।

दिसापिसाबको वेग रोक्नाले, अजीर्ण रोगले, धूलो पस्नाले, धेरै बोल्नाले, रिसाउनाले, ऋतुको विषमताले, टाउको दुख्नाले, रातमा नसुत्नाले, दिउस धेरै सुत्नाले, चिसो पानीले, शीतले, धेरै ग्राम्यधर्ममा संलग्न हुनाले, रुनाले र धुवाँले गर्दा विकत हुने पुगेको वायुले टाउकामा प्रतिश्याय रोगलाई जन्म दिन्छ ।

(घ) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

सन्धारणाजीर्णरजोतिभाष्यक्रोधर्तुवैषम्यशिरोभितापैः ।
प्रजागरातिस्वपनाम्बुशीतैरवश्यया मैथुनबाष्पधूमैः ॥
संस्त्यानदोषे शिरसि प्रवृद्धो वायुः प्रतिश्यायमुदीरयेत्तु ॥
चयं गता मूर्धनि मारुतादयः पृथक् समस्ताश्च तथैव शोणितम् ।
प्रकुप्यमाणा विविधैः प्रकोपणैस्ततः प्रतिश्यायकरा भवन्ति हि ॥

मलमूत्र आदिको वेग रोक्नाले, अजीर्णले, धूलो खानाले, धेरै बोल्नाले, रिसाइरहनो गर्नाले, ऋतुको उल्टो लक्षण हुनाले टाउकालाई पीडा दिने खालका धुवाँ आदिले, रातमा नसुत्नाले, धेरै सुत्नाले वा दिउस सुत्नाले, धेरैचिसो पानी वा शीत आदिको सेवन गर्नाले, धेरै ग्राम्यधर्ममा संलग्न हुनाले तथा बाफ र धुवाँ सेवन गर्नाले बाक्लो हुन पुगेको कफ रहेको स्थानमा हुने वायु उत्तेजित र विकृत भई “प्रतिश्याय” रोगलाई जन्माउँदछ । बेग्लाबेग्लै वा सबै मिलेर वात, पित्त, कफ र रगत टाउकामा जम्मा भई अनेक थरी कारणले विकृत भएपछि प्रतिश्याय रोग जन्मने गर्दछ । (योग रत्नाकरमा यसलाई सद्योजक प्रतिश्याका लक्षण भनी बताइएको छ) ।

(ङ) सुश्रुत संहिता :

नारीप्रसङ्गः शिरसोऽभितापो धूमो रजः शीतमतिप्रतापः ।
संधारणं मूत्रपुरीषयोश्च सद्यः प्रतिश्यायनिदानमुक्तम् ॥

अति धेरै मैथुनले, टाउकोमा पीडा हुनाले, धुवाँले, घामले, चिसा पदार्थ अति धेरै खानाले वा टाउकोमा चिसो पस्नाले तथा पिसाब र दिसाको वेग रोक्नाले तुरुन्त प्रतिश्याय हुन्छ ।

चयं गता मूर्धनि मारुतादयः पृथक् समस्ताश्च तथैव शोणितम् ।
प्रकोप्यमाणा विविधैः प्रकोपणैर्नृणां प्रतिश्यायकरा भवन्ति हि ॥

टाउकोमा वात आदि तीन दोष र रगत बेग्लाबेग्लै वा मिसिएर जम्मा भई अनेक किसिमका उत्तेजित र दूषित बनाउने कारणले दूषित हुन पुगेपछि तिनले मानिसलाई प्रतिश्याय रोग निकाल्दछन् ।

(च) हंसराज निदान :

घ्राणान्तरे सूक्ष्मरजोनिपातादुद्भाषणान्मैथुनतोऽर्कतापात् ।
शीर्षावघाताद्बहुशीतसेवनाद्वतः प्रतिश्याय गदं प्रकुर्यात् ॥१०॥

धूलो पस्नाले, धेरै जारेले बोल्नाले, मैथुनले, घामले, टाउकामा चोट लाग्नाले र अचि चिसो सेवन गर्नाले उत्तेजित र विकृत भएको वायुले नाकमा प्रतिश्याय रोगलाई जन्माउने गर्दछ ।

प्रतिश्याय रोगको पूर्वलक्षण

(क) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

क्षवप्रवृत्तिः शिरसोऽतिपूर्णता स्तम्भोऽङ्गमर्दः परिहृष्टरोमता ।
उपद्रवाश्चाप्यपरे पृथग्विधा नृणां प्रतिश्यायपुरःसराः स्मृताः ॥

हाच्छिउँ आउनु, टाउको धेरै भारी हुनु, टाउको जकडिनु, अङ्गहरू दुख्नु, शरीर रोमाञ्चित हुनु र अरु अनेक लक्षणहरू उत्पन्न हुनु : यी प्रतिश्यायका पूर्वलक्षणहरू हुन् ।

(ख) सुश्रुत संहिता :

शिरोगुरुत्वं क्षवथोः प्रवर्तनं तथाऽङ्गमर्दः परिहृष्टरोमता ।
उपद्रवाश्चाप्यपरे पृथग्विधा नृणां प्रतिश्यायपुरःसराः स्मृताः ॥

टाउको भारी हुनु, हाच्छिउँ आउनु, जीउ दुख्नु, शरीर रोमाञ्चित हुनु, तथा अन्य जरो अरुचि आदि सह-रोग निस्कनु : यी प्रतिश्यायका पूर्वलक्षणहरू हुन् ।

प्रतिश्यायका लक्षण

(क) काश्यप संहिता :

तस्य प्रतिनद्धा इव शिरोमुखनासिका भवन्तीष्टानिष्टाव्यक्ताश्च ग(न्धा):...ते तस्य वातात् प्रतिबन्धः कफादवैशद्यं रक्तान् परिक्लेदः, पित्ताद्दौर्गन्ध्यं स्रोतस उपजायते ॥

यसबेला मानिसको टाउको, मुख र नाक वायु भरिएर रोकिएको जस्तो हुन पुग्दछ । यसैले उसलाई बास्ना वा गन्धको ज्ञान हुन छाड्दछ । यसबेला वायुले गर्दा श्रोतग्रन्थी अवरुद्ध हुन्छन्, कफले गर्दा (अनुहारमा) चमक हुँदैन, रगतले गर्दा चिसोपन हुन्छ र पित्तले गर्दा दुर्गन्ध हुन थाल्दछ ।

स एतदवस्थो जाड्यारोचकं हृल्लासप्रतिघातार्थं भृशोष्णतीक्ष्णाम्ललवणेषु प्रसज्यते, ततोऽस्य पित्तं प्रकुप्यति । बलाभिवर्धनात्तस्य ज्वरं तृष्णामन्तर्दाहमरति...नी स्रोतसां वैगन्ध्यं पाकं च दिवाकरावर्तं चोत्पादयति ॥

प्रतिश्याय हुँदा अङ्गमा लाटोपन, अरुची, शरीर वा छाती केही कुराले बाँधे जसरी थकित हुने जस्ता लक्षण देखिन थाल्दछ । यसलाई हटाउन भनी मानिस अती ताता, तिक्खर, अमिला र नुनिला कुरा खान थाल्दछ । यसबाट उसको पित्त उत्तेजित हुन पुग्दछ । पित्त बढी बलियो भएपछि उसलाई जरो आउने, तिर्खा लाग्ने, भित्र डाह हुने, केही गर्न मन नलाग्ने, स्रोत अङ्ग वा त्यसबाट निस्कने पदार्थ गनाउने, पाक्ने तथा सूर्यावर्त रोग (सूर्यको उदय र अस्त सँगै टाउको दुख्ने र बन्द हुने रोग) लाग्ने गर्दछ ।

(ख) भावप्रकाश संहिता :

न केवलं चयं प्राप्य दोषाः कुप्यन्ति देहिनाम् । अन्यदाऽपि हि कुप्यन्ति हेतु बाहुल्यप्रेरणात् ॥

मानिसको वायु आदि दोष केवल सञ्चय पाएर मात्र विकृत हुन्छ भन्ने हुँदैन । जुन दोषका लागि भनेर जम्मा हुन्छन् ती कारणको बलले समय नआए पनि विकृत हुने गर्दछन् ।

(ग) हंसराज निदान :

शिरोगुरुत्वं च प्रहृष्टरोम शरीरमार्दं क्षवथुप्रवृत्तिः ।
निद्रालसत्वं नयनाश्रुपातो भवेत्प्रतिश्यययपुरो हि चिह्नम् ॥

टाउको भारी हुनु, रौं ठाडा हुनु, शरीर जर्जर हुनु, हाच्छिउँ आइरहनु, निन्द्रा लाग्नु, अल्छी लाग्नु, आँशु आउनु : यी प्रतिश्यायका लक्षणहरू हुन् ।

प्रतिश्यायका प्रकार

(क) योग रत्नाकर :

प्रतिश्याय । द्विविधं निदानम् । एकं सद्योजनकं तद्बलवत्त्वेन चयं नापेक्षते ।

एक थरी प्रतिश्याय एक्कासी हुने गर्दछ । त्यो बलियो हुने कारणले गर्दा (विकार) जम्मा हुने किसिमको हुँदैन ।

न केवलं चयं प्राप्य दोषाः कुप्यन्ति देहिनाम्॥ अन्यदाऽपि हि कुप्यन्ति हेतुबाहुल्यतो रणात् ।

वात आदि दोष जम्मा भएर मात्र उत्तेजित र विकृत हुँदैनन्, अन्य कारण पनि उत्तेजित र दूषित हुने गर्दछन् ।

सञ्चयः सञ्चयात्प्रकोपः प्रकोपात्प्रसरः । प्रसरात्स्थानसंश्रयस्ततो व्यक्तिस्ततो भेद इति ॥

पहिला दोषहरू थुप्रिन्छन्, थुप्रिएपछि उत्तेजित र दूषित हुन्छन्, यसपछि फैलन्छन्, एक भागबाट अर्को भागमा गएर बस्न थाल्दछन् । यसले गर्दा रोग निस्कन्छ । अनि फरक फरक रूप र लक्षण देखिन्छ र यसकैका आधारमा बेग्लाबेग्लै नामाकरण हुने गर्दछ ।

पीनसमारभ्य प्रतिश्यायपर्यन्तं पञ्चदशोक्ताः ।

पिनासदेखि प्रतिश्यायसम्म पन्ध्र थरी रोग बताइए ।

अर्बुदं सप्तधा शोथाश्चत्वारोऽर्शश्चतुर्विधम् । चतुर्विधं रक्तपित्तमुक्तं घ्राणेऽपि तद्विदुः ॥

नाकमा अर्बुद सात, शोथ चार, अर्श चार र रक्तपित्त चार प्रकारका हुन्छन् भनी विद्वानहरूले बताएका छन् ।

नोट : यससम्बन्धी अन्य विवरण नाकमा हुने रोगहरूमा बताइएको छ ।

प्रतिश्याय पाकेको लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पक्वलिङ्गानि तेष्वङ्गलाघवं क्षवथोः शमः । श्लेष्मा सचिक्कणः पीतोऽज्ञानं च रसगन्धयोः ॥

प्रतिश्याय पाकेपछि शरीर हलुका हुन्छ, हाच्छिउँ आउन बन्द हुन्छ, चिल्लो र पहेँलो पहेँलो रङको सिङान आउँदछ र नाकले रस र गन्ध राम्ररी थाहा पाउन थाल्दछ ।

प्रतिश्याय बढेर गर्ने असर

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

सर्व एव प्रतिश्याया दुष्टतां यान्त्युपेक्षिताः ॥
यथोक्तोपद्रवाधिक्यात् स सर्वेन्द्रियतापनः । साग्निसादज्वरश्वासकासोरःपार्श्ववेदनः ॥
कुप्यत्यकस्माद् बहुशो मुखदौर्गन्ध्यशोफकृत् । नासिकाक्लेदसंशोषशुद्धिरोधकरो मुहुः ॥
पूयोपमासितारक्तग्रथितश्लेष्मसंस्रुतिः । मूर्च्छन्ति चात्र कृमयो दीर्घस्निग्धसिताणवः ॥

उल्लेखित सबै खालका प्रतिश्यायको उपचार गरिएन भने पिनास बिग्रन्छ । प्रतिश्याय बिग्रेपछि पहिले बताइएका सबै लक्षण बलियो भई कान आदि सबै इन्द्रियमा पीडा निकाल्ने, पाचनशक्ति कमजोर बनाउने, जरो आउने, दम हुने, खोकी लाग्ने, छाती र कोश दुख्ने, कुनै कारण बिना नै पिनास बढ्दै जाने, मुख गनाउने, अनुहार सुन्निने, पटकपटक नाक सुक्खा हुने, पटकपटक रसिलो हुने, कहिले नाक खुल्ने कहिले बन्द हुने, नाकबाट पीपजस्तो सेतो रगत मिर्सिको अथवा रगतका गिर्खा मिसिएको सिङान निस्कने र कहिलेकाहीँ त कीरा समेत पर्ने गर्दछ । यस्ता कीरा लामा, चिल्ला, सेता र मसिना हुने गर्दछन् ।

(ख) चरक संहिता :

सर्वोऽतिवृद्धोऽहितभोजनात्तु दुष्टप्रतिश्याय उपेक्षितः स्यात् ॥
ततश्च रोगाः क्षवथुः सनासाशोषः प्रतीनाहपरिस्रवौ च ।
घ्राणास्य पूतित्वमपीनसश्च सपाकशोथार्बुदपूयरक्ताः ॥
अरूंषि शीर्षश्रवणाक्षिरोगाः खालित्यहर्यर्जुनलोमभावाः ।
तृट्श्वासकासज्वररक्तपित्तवैस्वर्यशोषाश्च ततो भवन्ति ॥

सबै प्रतिश्याय अहितकर खानपिन तथा उपेक्षा गर्नाले दुष्ट प्रतिश्यायमा परिणत हुन्छन् । यसपछि क्षवधु, नासाशोष, प्रतीनाह, परिस्राव, पूतिनासा, अपीनस, नासापाक, नासाशोथ, नासार्बुद, पूयरक्त र अरूंषि जस्ता नाकका रोग हुन्छन् । यसपछि टाउकाका रोग, कानका रोग, आँखाका रोग, टाउको खुइलने रोग, कपाल खैरो हुने रोग वा फुल्ने रोग, तिर्खारोग, खोकी, जरो, रक्तपित्त, स्वर बस्ने रोग र सुक्ने रोग हुन थाल्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

बाधिर्यमान्ध्यमघ्रत्वं घोरांश्च नयनामयान् । शोथाग्निसादकासांश्च वृद्धाः कुर्वन्ति पीनसाः ॥

सबै प्रकारका प्रतिश्याय धेरै बढे कान नसुन्ने, आँखा नदेख्ने, गन्ध थाहा नपाउने र आँखाका डरलाग्दा रोग निकाल्ने, सुन्निने, पाचनशक्ति घट्ने र खोकी लाग्ने जस्ता समस्या देखिने गर्दछ ।

(घ) सुश्रुत संहिता :

सर्व एव प्रतिश्याया नरस्याप्रतिकारिणः॥ कालेन रोगजनना जायन्ते दुष्टपीनसाः ।
बाधिर्यमान्ध्यमघ्राणं घोरांश्च नयनामयान्॥ कासाग्निसादशोफांश्च वृद्धाः कुर्वन्ति पीनसाः॥

उपचार नगर्ने मानिसलाई हुने वात, पित्त आदि जन्य सबै किसिमका प्रतिश्यायले समय बित्दै गएपछि अनेक प्रकारका रोगहरू निकाल्दछ । पछि गएर यही प्रतिश्याय दुष्ट प्रतिश्यायमा परिणत हुन्छ । कडा खालको प्रतिश्यायले बहिरोपन, अन्धोपन, नाकको सुँघ्ने क्षमता नाश, डरलाग्दा आँखाको रोग, खोकी, पाचनशक्ति नाश र सुजन आदिजस्ता सह-रोग निकाल्दछ ।

कफजन्य प्रतिश्यायका लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कफात् कासोऽरुचिः श्वासो वमथुर्गात्रगौरवम्॥ माधुर्यं वदने कण्डूः स्निग्धशुक्लकफस्रुतिः ।

शरीर भित्रको कफ विकृत एवं उत्तेजित भएर हुने कफजन्य प्रतिश्यायमा खोकी लाग्ने, खानपिन आदि गर्न मन नलाग्ने, स्वाँस्वाँ हुने, वाकवाकी लाग्ने, शरीर भारी हुने, मुख गुलियो भइरहने, मुख चिलाउने तथा नाकबाट चिल्लो, सेतो र बाक्लो सिङान निस्कने जस्ता लक्षणहरू देखिन्छन् ।

(ख) काश्यप संहिता :

चिरकारित्वारोचकहृल्लासशिरोगौरवातिस्रावमन्दक्षवथुमन्याग्रहहृदयप्रलेपाविपाकैरुष्णकटुकषायरूक्षणोपशयैः प्रतिश्यायं कफजं विद्यात् ।

लामो समयसम्म रहने वा ढिलो ठिक हुने, अरुचि, छाती वा अङ्ग दुख्ने वा भारी हुने, टाउको भारी हुने, धेरै सिङान बहने, मन्दवेगले हाच्छिउँ आउने, गर्धनको नसा साह्रो हुने (मन्याग्रह), छाती कफले लिप्त हुने, खाएको खाना नपच्ने तथा तातो, पिरो, टर्रो र रुखो कुरा खानपाए आराम महशूष गर्ने खालको पिनासलाई कफजन्य पिनास भनिन्छ ।

(ग) चरक संहिता :

कासारुचिस्रावघनप्रसेकाः कफाद्गुरुः स्रोतसि चापि कण्डूः॥

खोकी लाग्नु, अरुचि हुनु, बाक्लो सिङान आउनु, थुक आइरहनु र नाक आदि स्रोत चिलाउनु : यी कफजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

(घ) भावप्रकाश संहिता, योग रत्नाकर :

घ्राणात्कफकृते श्वेतः कफः शीतः स्रवेद् बहुः । शुक्लावभासः शूनाक्षो भवेद् गुरुशिरा नरः॥ गलताल्वोष्ठशिरसां कण्डूभिरतिपीडितः॥

नाकबाट सेतो, चिसो र धेरै सिङान निस्कनु; शरीर सेतो हुनु, आँखा शून्य हुनु, टाउको भारी हुनु तथा घाँटी, तालु, ओठ र टाउको चिलाएर पीडा हुनु : यी कफ बिग्रेर हुने प्रतिश्यायका लक्षणहरू हुन् ।

(ङ) माधव निदान :

घ्राणात् कफः कफकृते शीतः पाण्डुः स्रवेद्बहुः॥ शुक्लावभासः शुक्लाक्षो भवेद्गुरुशिरा नरः॥

कण्ठताल्वोष्ठशिरसां कण्डूभिरभिपीडितः ।

कफविकारजन्य प्रतिश्यायमा नाकबाट धेरै मात्रामा चिसो र सेतो (वा पहेँलो) सिङान बग्ने गर्दछ । रोगीको शरीरको वर्ण र आँखा सेता हुन्छन् । टाउको भारी हुन्छ । घाँटी, तालु, ओठ र टाउको बढी चिलाउने गर्दछ ।

(च) वङ्गसेन आयुर्वेद :

घ्राणात्कफः कफकृते श्वेतः पाण्डुः स्रवेद्बहुः ॥ शुक्लावभासः शूनाक्षो भवेद्गुरुशिरा नरः ॥
कण्ठताल्वोष्ठशिरसां कण्डूभिरभिपीडितः ॥

कफविकारजन्य प्रतिश्यायमा नाकबाट धेरै मात्रामा चिसो र सेतो (वा पहेँलो) सिङान बग्ने गर्दछ । रोगीको शरीरको वर्ण र आँखा सेतातथा शून्य हुन्छन् । टाउको भारी हुन्छ । घाँटी, तालु, ओठ र टाउको बढी चिलाउने गर्दछ ।

(छ) सुश्रुत संहिता :

कफः कफकृते घ्राणाच्छुक्लः शीतः स्रवेन्मुहुः । शुक्लावभासः शूनाक्षो भवेद्गुरुशिरोमुखः ॥
शिरोगलौष्ठतालूनां कण्डूयनमतीव च ।

नाकबाट सेतो र चिसो सिङान पटकपटक बग्नु, सबै कुरा सेता देखिएको जस्तो भान हुनु, आँखा भारी वा शून्य हुनु, टाउको र मुख भारी हुनु तथा टाउको, घाँटी, ओठ र तालु चिलाउनु : यी कफजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

(ज) हंसराज निदान :

...श्लेष्मजः कथितो बुधैः ॥
शुक्लाभो नासिकास्रावः गलोष्ठतालुकण्डुमान् । शिरस्तोदः प्रतिश्यायः श्लेष्मजः कथितो बुधैः ॥

नाकबाट सेतो पानी बग्नु, घाँटी तालु र ओठ चिलाउनु तथा टाउको भारी हुनु : यी कफजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

कफजन्य प्रतिश्यायको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

कफजे तु यवक्षारावचूर्णितमुष्णोदकानुपानं घृतं पाययेत् । जीर्णे च तिलमाषपललवतीं यवागूम् । ततो वामनीयौषधक्वाथसिद्धया ससर्पिष्कया सैन्धवमाषचूर्णप्रगाढया पेययोष्णाम्भसा च वामयेत् ॥

कफजन्य प्रतिश्यायमा रोगीले जवाखार हालेर पकाइएको घिउ खाई त्यसपछि तातोपानी पिउनू । यो पचेपछि तिल, मास र मासु हालेर पकाइएको खोले खानू । यसपछि बान्ता गराउने खालको ओखती अतवा घिउ, सिँधेनुन र मासको पिठो समेत हालेर बाक्लो बनाइएको पेया तातोपानीसँग खाई बान्ता गर्नू ।

ततस्तीक्ष्णधूमकवलयवान्नचणकप्रायाहारनाडीस्वेदेरुपाचरेत् । अरुचिगौरवयोस्तु विशोधयेत् ॥

त्यसपछि तिक्खर ओखतीको धूमपान गर्नू । तिक्खर ओखतीले मुख कुल्ला गर्नू । जौ, चना पकाएर त्यसको नाडीस्वेद लिनू । यसरी अरुचि र शरीरको भारीपनलाई शोधन गर्नू ।

पक्वे क्षवकविडङ्गसैन्धवादीभिर्नस्यम् । तैलाप्लुतो नागरचूर्णानुविद्धो मुद्ग आहारो यथासात्म्यं च रूक्षतीक्ष्णोष्णम् ॥

कफजन्य प्रतिश्याय पाकेपछि रायोका दाना, वायुविडङ्ग, सिँधेनुन आदि मिसाएर नस्य लिनू । पर्याप्त तेल र सुठो हाली पकाइएको मुगीको परिकार अथवा शरीरले सहने खालका रुखा र तिक्खर पदार्थ खानू ।

शुद्धघ्राणपथस्य देवदारुसरलकाकोलीजीवकमधुकपिप्पल्यनन्ताक्षीरविपक्वं तैलं नस्यम् ॥

नाकको स्रोतमार्ग खुलेपछि देवदार, सल्लाको खोटो, कल्छेलहरो, जीवक, जेठीमधु, पिप्ला, अनन्तमूल र दूध हाली विधिपूर्वक पकाइएको तेलको नस्य लिनू ।

(ख) अष्टाङ्ग हृदय :

कफजे लङ्घनं लेपः शिरसो गौरसर्षपैः । सक्षारं वा घृतं पीत्वा वमेत् पिष्टैस्तु नावनम् ॥
बस्ताम्बुना पटुव्योषवेल्लवत्सकजीरकैः ।

कफविकारजन्य प्रतिश्यायमा उपवास बस्नू । टाउकामा सेतो सर्सिउँको लेप दल्नू । जवाखार मिसाएको घिउ पिउनू । त्यसपछि तातोपानी पिउनू । स्निग्ध भएपछि ओखती खाएर बान्ता गर्नू । अनि सिँधेनुन, सुठो, मरिच, पिप्ला, वायुविडङ्ग, ठूलोकुरो र जीरा बाख्रीको मूत्रमा पिसेर नस लिनू ।

(ग) चरक संहिता :

गौरवारोचकेष्वादौ लङ्घनं कफपीनसे । स्वेदाः सेकाश्च पाकार्थं लिप्ते शिरसि सर्पिषा ॥

कफजन्य प्रतिश्यायमा जब भारीपन र अरुचि पनि हुन्छ तब शुरुमा भोको बस्न लगाउनु पर्दछ । प्रतिश्यायलाई पकाउन टाउकामा घिउ थोपरेर पसिना निकाल्ने र पखाल्ने गर्नु हितकर हुन्छ ।

लशुनं मुद्गचूर्णेन व्योषक्षारघृतैर्युतम् । देयं ...।

मुगीको धूलो, त्रिकटु र जवाखार तथा घिउ र लसुन रोगीलाई खान दिनु पर्दछ ।

...कफघ्नवमनमुत्क्लिष्टश्लेष्मणे हितम् ॥

यदि कफ बढी भए कफनाशक ओखती खुवाएर बान्ता गराउनु पर्दछ ।

अपीनसे पूतिनस्ये घ्राणस्रावे सकण्डुके । धूमः शस्तोऽवपीडश्च कटुभिः कफपीनसे ॥

चिलाउने खालको अपीनस, पूतिनस, नासास्राव र कफजन्य प्रतिश्यायमा पिरा पदार्थको धूप र नस्य दिनु पर्दछ ।

मनःशिला वचा व्योषं विडङ्गं हिङ्गु गुग्गुलुः । चूर्णो घ्रेयः प्रधमनं कटुभिश्च फलैः सह ॥

मनसिला, बोझो, सुठो, कालो मरिच, पिप्ला, वायुविडङ्ग, हिङ र गोकुलधूपको धूलो सुँघ्नु पर्दछ । कालो मरिच, पिप्ला आदि पिरा पदार्थको धूलोले नाकमा प्रधमन नस्य दिनु पर्दछ ।

भार्गीमदनतर्कारीसुरसादिविपाचिते । मूत्रे लाक्षा वचा लम्बा विडङ्गं कुष्ठपिप्पली ॥
कृत्वा कल्कं करञ्जं च तैलं तैः सार्षपं पचेत् । पाकान्मुक्ते घने नस्यमेतन्मेदोन्विते कफे ॥

चिण्डे, मैनफल, जयन्ती, र तुलसी आदि हालेर पकाइएको गहुँतमा काँचो लाहा, बोझो, लामो तिते लौका, वायुविडङ्ग, कूट, पिप्ला र लेखपाङ्गोको लेदो हाली विधिपूर्वक सर्सिउँको तेलमा तैलपाक गर्नू । जब प्रतिश्याय पाकेर बोसोयुक्त बाक्लो सिङान आउँदछ तब यो तेलको नस्य दिनु पर्दछ ।

स्निग्धस्य व्याहते वेगे छर्दनं कफपीनसे । वमनीयशृतक्षीरतिलमाषयवागुना ॥

प्रतिश्यायको वेग कम भएपछि स्नेहपान गरेको रोगीलाई बान्ता गराउनु पर्दछ ।
बान्ता गराउन मैनफल आदि पदार्थ हाली पकाइएको दूधसँग तिल र मास हाली यवागू पकाएर रोगीलाई पियाउनु पर्दछ ।

वार्ताककुलकव्योषकुलत्थाढकिमुद्गजाः । यूषाः कफघ्नमन्नं च शस्तमुष्णाम्बुसेचवनम् ॥

भण्टा, परबर, त्रिकटु, गहत, रहर र मुगको झोल तथा कफनाशक अन्न कफजन्य प्रतिश्यायमा हितकर हुन्छ । रोगीले तातो पानी पिउनु पर्दछ ।

(घ) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर :

कफजे सर्पिषा स्निग्धं तिलमाषविपक्वया । यवाग्वा वामयित्वा वा कफघ्नं क्रममाचरेत् ॥

कफजन्य प्रतिश्यायमा रोगीलाई घिउ पिउन लगाएर स्निग्ध बनाउनू । तिल र मास हाली यवागू पकाएर त्यसमा मैनफलको धूलो हाली पिउन दिनू । यसबाट जब रोगीलाई राम्ररी बान्ता हुन्छ तब कफनाशक उपचार गर्नू ।

(ङ) योग रत्नाकर :

चत्वार्यत्र शतानि चित्रकजटायुक्पञ्चमूलामृता-
धात्रीणामुकार्मणे त्रिभिरपां द्रोणैश्च संक्वाथयेत् ।
पादस्थे क्वथने गुडस्य च शतं पथ्याढकेनान्वितं
पक्तव्यं श्रृतशीतले च मधुनः प्रस्तार्धमात्रं क्षिपेत् ॥

व्योषस्य त्रिसुगन्धकस्य च पलान्त्रैव षट्प्रक्षिपे-
त्क्षारस्यार्धपलं रसायनमिदं संसेव्यते सर्वदा ।
शोषश्वासमलावकाशवमथुश्लेष्मप्रतिश्यायिभिः
क्षीणोरः क्षतहिक्किभिः कफशिरोरुग्भिः प्रनष्टाग्निभिः ॥

चितूको जरा, दशकमूलका दश पदार्थ, गुर्जो र अमलाएक सय एक सय पल, मिलाएर जम्मा चार सय पल; सबै मिसाएर तीन द्रोण जलमा हाली पकाउनू । एक चौथाई पानी बाँकी भएपछि सक्खर एक सय पल घोलेर छान्नू । त्यसपछि हर्रो एक आढक हाली चटनी बनाउनू । त्यपछि झकेर सेलाएपछि आधा प्रस्थ मह मिसाउनू । सुठो, मरिच, पिप्लाको धूलो दुई दुई पल; दालचिनी, अलैंची र तेजपातको धूलो दुई दुई पल; जवाखार आधा पल मिसाउनू र राख्नू । यो रसायनलाई सधैं खाइरहने गर्नाले सुकेनास, दम, कब्जियत, वाकवाकी, कफजन्य प्रतिश्याय, दुब्लोपन, उरःक्षत, बाडुलीरोग, कफरोग, टाउको दुख्ने रोग, कमजोर पाचनशक्ति हुने रोग आदि सबै रोग नाश हुन्छन् । यसलाई चित्रहरीतकी योग भनिन्छ ।

(च) वङ्गसेन आयुर्वेद :

त्र्यूषणं गुडसंयुक्तं स्निग्धं दुग्धान्नभोजनम् । प्रतिश्यायहरं प्रोक्तं विशेषात्कफनाशनम् ॥

त्रिकटुको धूलोमा सखर मिसाएर खानाले तथा चिल्लो र दुध मिसाएर भात खानाले प्रतिश्याय र विशेषगरी कफ नाश गर्दछ ।

ततः पक्वं कफं ज्ञात्वा हरेच्छीर्षविरेचनैः । पिप्पल्यः शिग्रुबीजानि विडङ्गं मरिचानि च ॥
अवपीडः प्रशस्तोऽयं प्रतिश्यायनिवारणः ॥

यसपछि कफ (सिङान) पाकेको थाहा भएपछि शिरोविरेचनको प्रयोग गर्नू । पिप्ला, सजिवनका बीज, वायुविडङ्ग र कालो मरिच मिसाएर अवपीडन नस्य दिनू । यसो गर्नाले प्रतिश्याग नाश हुन्छ ।

शिरसोऽभ्यञ्जनं स्वेदं नस्यं कट्वम्लभोजनैः । वमनैर्घृतपानैश्च नान्यथा समुपाचरेत् ॥

टाउकोमा मालिस गर्ने, सेक्ने आदि जस्ता उपायले पसिना निकाल्ने, नस्य लिने, पिरा र अमिला खानपिन गर्ने, ओखती खाएर बान्ता गर्ने र घिउ पिउने : यी सबै उपाय अपनाउनाले प्रतिश्याय रोग नाश हुन्छ ।

कफजे सर्पिषा स्निग्धं तिलमाषविपक्वया । यवाग्वा वामयित्वा च श्लेष्मघ्नं क्रममाचरेत् ॥

कफजन्य प्रतिश्यायमा रोगीलाई घिउ खुवाएर चिल्लो बनाई तिल र मासको खोले पकाएर खुवाउनू । अनि बान्ता गराई सबै कफनाशक उपचार गर्नू ।

बलाह्वयाद्यतैल

उभे बले बृहत्यौ च विडङ्गं सविकङ्कतम् । श्वेतामूलं महाभद्रां वर्षाभूं चापि संहरेत् ॥
तैलमेभिर्विपक्वन्तु नस्यमस्योपकल्पयेत् ॥

बलु, अतिबलु, कण्टकारी, बिहीँ, वायुविडङ्ग, काँगियो, अतीसको जरा, महाभद्रा (खमारी) र रातो पुनर्नवाको धूलो हालेर विधिपूर्वक पकाइएको तेल नस्यका लागि प्रयोग गर्नाले कफजन्य प्रतिश्याय नाश हुन्छ ।

दार्वीं गुदिनिकुम्भैश्च किणिह्या सरलेन च । वर्त्तयोऽत्र कृता योज्या धूमपाने यथाविधिः ॥

चुत्रो, हिङ, अजयपाल, दतिवन र सल्लाको खोटो मिसाएर पिसी सुप्लो वा धूप बनाएर विधिपूर्वक धूमपान गर्नू ।

(छ) सुश्रुत संहिता :

कफजे सर्पिषा स्निग्धं तिलमाषविपक्वया ॥
यवाग्वा वामयेद्वान्तः कफघ्नं क्रममाचरेत् । उभे बले बृहत्यौ च विडङ्गं सत्रिकण्टकम् ॥
श्वेतामूलं सदाभद्रां वर्षाभूं चात्र संहरेत् । तैलमेभिर्विपक्वं तु नस्यमस्योपकल्पयेत् ॥

सरलाकिणिहीदारुनिकुम्भेङ्गुदिभिः कृताः । वर्तयश्चोपयोज्याः स्युर्धूमपाने यथाविधि॥

कफजन्य प्रतिश्यायमा रोगीलाई घिउ खुवाएर शरीर चिल्लो बनाउनू । तिल र मास हाली पकाएको खिचडी वा खोले खुवाई बान्ता गराउनू । बान्ता गराएपछि कफनाशक परिकार (पेया आदि) खुवाउनू वा कफनाशक उपचार गर्नू । बलु, अतिबलु, कण्टकारी, बिहीँ, वायुविडङ्ग, त्रिकटु, अपराजिताको जरा, खमारी र पुनर्नवा हाली विधिपूर्वक पकाइएको तेलले नस्य दिनू । सल्लाको खोटो, दतिवन, देवदार, अजयपाल र हिङ मिसाएर बनाइएको धूप बालेर विधिपूर्वक धूमपान गराउनू ।

पित्तजन्य प्रतिश्यायका लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पित्तात् तृष्णाज्वरघ्राणपिटिकासंभवभ्रमाः ॥ नासाग्रपाको रूक्षोष्णताम्रपीतकफस्रुतिः ।

शरीर भित्रको पित्त उत्तेजित एवं विकृत भएर हुने पित्तजन्य प्रतिश्यायमा तिर्खा लाग्ने, जरो आउने, नाकका प्वालभित्र खटिरा आउने, रिँगटा लाग्ने, नाकको टुप्पो पाक्ने, नाक रुखो तातो रातो र पहेँलो हुने तथा कफ बगिरहने जस्ता लक्षणहरू हुन्छन् ।

(ख) काश्यप संहिता :

ज्वरदाहपिपासाप्रलापितातालुशोषमुखनासिकाक्षिपाकैराशुकफसंपाकैः...(पैत्ति)कं विद्यात्;

जरो आउने, शरीरमा डाह हुने, तिर्खा लाग्ने, आफ्नै सुरमा गफ गरिरहने वा कराउने, तालु सुक्ने; मुख, आँखा र नाक पाक्ने तथा कफ चाँडै पाक्ने खालको पिनासलाई पित्तजन्य पिनास भनिन्छ ।

(ग) चरक संहिता :

नासाग्रपाकज्वरवक्त्रशोषतृष्णोष्णपीतस्रवणानि पित्तात् ।

नाकको टुप्पो पाक्नु, जरो आउनु, मुख सुक्नु, तिर्खा लाग्नु, तातो हुनु र पहेँलो सिङान बग्नु : यी पित्तजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

(घ) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गेन आयुर्वेद, सुश्रुत संहिता :

उष्णः सपीतकः स्रावो घ्राणात्स्रवति पैत्तिके । कृशोऽतिपाण्डुः सन्तप्तो भवेदुष्णाभिपीडितः ॥
नासया तु सधूमाग्निं वमतीव स मानवः ॥

नाकबाट तातो केही पहेँलो पदार्थ बहनु, शरीर दुब्लाउनु, धेरै पाण्डुवर्णको हुनु, पीडत हुनु, तिर्खा धेरै लाग्नु र नाकबाट धुवाँ मिसिएको आगो निस्केको जस्तो भान हुनु : यी पित्त बिग्रेर हुने प्रतिश्यायका लक्षणहरू हुन् ।

(ङ) माधव निदान :

उष्णः सपीतकः स्रावो घ्राणात् स्रवति पैत्तिके । कृशोऽतिपाण्डुः सन्तप्तो भवेदुष्णाभिपीडितः ॥

सधूममग्निं सहसा वमतीव स मानवः ।

पित्तविकारले हुने प्रतिश्यायमा तातो र पहेँलो सिङ्गान बग्दछ । रोगी दुब्लो, अलि बढी नै सेतो, चिन्तित र गर्मीले पीडित हुने गर्दछ । उ धुवाँ नभएको आगो जस्तो कुरा बान्ता जस्तो पनि गर्दछ अर्थात् मुखबाट अति तातो सास निस्कने गर्दछ ।

(च) हंसराज निदान :

नासास्रावो महातप्त पीनसोवनि धूमवान् । सदाहः पैत्तिको ज्ञेयः ...।

नाकबाट तातो तातो पानी बग्नु, आगो जस्तो हावा निस्कनु र डाह हुनु : यी पित्तजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

पित्तजन्य प्रतिश्यायको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

पित्तप्रतिश्याये पद्मकोशीरपटोलसारिवाविदारीशतावरीक्षीरिद्रुमशुङ्गशठीकर्कटाख्यादुरालभानामर्द्धाढकमष्टगुणेम्भासि विपाच्य पादावशेषे मधुकमृद्वीकाचन्दनशृङ्गाटककशेरुकश्वेतपाकान्यक्षमात्राणि दत्वा घृतप्रस्थं पयसा सह साधयेत् । तत् प्रातः पानाय युञ्ज्यात् । जीर्णे सुखोष्णतोयपरिषिक्तं ससैन्धवेन रसेन भोजयेत् । सुस्निग्धं विरेचयेत् द्राक्षापटोलश्रीपर्णीमूर्वात्रिवृत्क्वाथेन त्रिवृत्पथ्यापूगफलचूर्णान्वितेन॥

पित्तजन्य प्रतिश्यायमा पैयुँ वा पिर्रे, खस, परबर, अनन्तमूल, विरालेलहरोको कन्द, कुरिलो, दुधालु वृक्षका कोपिला, कचूर, कर्कटश्रृङ्गी र दुरालभा बराबर मिसाएर आधा आढक; आठ गुना पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि जेठीमधु, दाख, रक्तचन्दन, ओदानेकाँडो र सेतो मोथेविशेष एक एक अक्ष तथा एक प्रस्थ घिउ र एक प्रस्थ दूध हाली पकाउनू । यो घिउ बिहान बिहान पिउनू । घिउ पचेपछि मनतातो पानीले नुहाउनू । सिँधेनुन हालेर पकाइएका रसिला पदार्थसँग खाना खानू । शरीरमा चिल्लो पर्याप्त भएपछि दाख, परबर, खमारी वा काफल, मरुईलहरो र निसोत हालेर पकाइएको काँढापानीमा निसोत, हर्रो र सुपारीको धूलो हाली पिएर दिसा लगाउनू ।

विरिक्तभुक्तस्य शीतैः शिरोवक्त्रलेपपरिषेककवलग्रहान् वितरेत्॥

दिसा लगाउने कार्य सकिएर खाना खाएपछि टाउको र अनुहारमा शीतल ओखतीको लेप दल्नू, शीतल ओखती हालेको पानीले नुहाउनू र शीतल ओखती-पानीले मुख कुल्ला गर्नू ।

व्यजनपवनविधूयमानश्च नीलशाद्वलोपवनशिशिरकरकिरणधारागृहाणि सेवेत॥

यसपछि हरियो घाँस भएको स्थान, चिसो चन्द्रमाको किरण, फेहोरो जडान भएको घर र पङ्खाको हावा सेवन गर्नू ।

तत्र च पक्वे तु दोषे शिरोविरेकं पुराणघृतेन ससैन्धवेन घृतमण्डेन वा कट्फलान्वितेन कुर्यात् । विशुद्धस्रोतसश्च जाङ्गलरसेन क्षीरेण वा शीतेन भोजनम्॥

जब पित्तजन्य प्रतिश्याय पाक्दछ तब पुरानो घिउमा सिँधेनुन मिसाएर, घृतमण्डले अथवा काफल मिसाइएको घिउले शिरोविरेचन दिनू । स्रोत शुद्ध भएपछि जाङ्गल पशुपंक्षीको मासुको रस अथवा चिसो दूधसँग खाना खानू ।

(ख) अष्टाङ्ग हृदय :

पित्तरक्तोत्थयोः पेयं सर्पिर्मधुरकैः शृतम् । परिषेकान्प्रदेहांश्च शीतैः कुर्वीत शीतलान्॥

धवत्वक्त्रिफलाश्यामाश्रीपर्णीयष्टितिल्वकैः । क्षीरे दशगुणे तैलं नावनं सनिशैः पचेत् ॥

पित्तविकारजन्य प्रतिश्यायमा तथा रक्तविकारजन्य प्रतिश्यायमा जेठीमधु आदि मधुर गणका ओखती हालेर तयार पारिएको घिउ पिउनू तथा शीतल ओखतीले शीतल प्रक्षालन एवं शीतल लेप दल्नू । धयैँरोको बोक्रा, हर्रो, बर्रो, अमला, अनन्तमूल, खमारीको बोक्रा, जेठीमधु, वेलको गुदी र हलेदो एक भाग, तिलको तेल चार भाग र गाईको दूध चालीस भाग मिसाएर तेल पकाई त्यसको नस लिने गर्नू ।

(ग) चरक संहिता :

पैत्ते सर्पिः पिबेत्सिद्धं शृङ्गवेरशृतं पयः । पाचनार्थं पिबेत् पक्वे कार्यं मूर्धविरेचनम् ॥

पित्तजन्य प्रतिश्यायमा यसलाई पकाउन अदुवा वा सुठो हालेर विधिपूर्वक पकाइएको घिउ र यही हालेर पकाइएको दूध पिउनका लागि दिनू । पाकेपछि शिरोविरेचन गर्नु हितकर हुन्छ ।

पाठाद्विरजनीमूर्वापिप्पलीजातिपल्लवैः । दन्त्या च साधितं तैलं नस्यं स्यात्पक्वपीनसे ॥

पाकेको पिनासमा गुन्दरगानु, हलेदो, चुत्रो, मरुइलहरोको जरा, पिप्ला, चमेलीका पात, अजयपालको जरा : यी मिसाएर लेदो हुने गरी पिसी विधिपूर्वक तैलपाक गर्नू र तयार भएपछि यो तेलले रोगीलाई नस्य दिनू ।

पूयास्रे रक्तपित्तघ्नाः कषाया नावनानि च । पाकदाहाद्यरूक्षेषु शीता लेपाः ससेचनाः ॥
घ्रेयनस्योपचाराश्च कषायाः स्वादुशीतलाः ।

पूयरक्तमा रक्तपित्त नाशक काँडा र नस्य दिनु पर्दछ । पाक्ने पोल्ने आदि तथा खटिरा आउँदा शीतल लेप दल्ने र पखाल्ने कार्य गर्नुपर्दछ । सुँघ्ने नस्य तथा आहारविहार आदि सबै उपचार टर्रो, गुलियो र शीतल हुनुपर्दछ ।

मन्दपित्ते प्रतिश्याये स्निग्धैः कुर्याद्विरेचनम् ॥

पित्तको प्रभाव कम हुने प्रतिश्यायमा चिल्लो पदार्थ (अँडिरको तेल आदि) ले विरेचन गराउनु पर्दछ ।

घृतं क्षीरं यवाः शालिर्गोधूमा जाङ्गला रसाः । शीताम्लास्तिक्तशाकानि यूषा मुद्गादिभिर्हिताः ॥

घिउ, दूध, जौ, मार्सीचामल, गहुँ, सुक्खा क्षेत्रका जीवको शीतल र अमिलो मासुको रस, तिता सागपात र मुगी आदिको रस यस्तो पित्तजन्य प्रतिश्यायमा हितकर हुन्छ ।

(घ) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर :

पित्तरक्तोत्थयोः पेयं सर्पिर्मधुरकैः श्रृतम् । परिषेकान्प्रदेहांश्च कुर्यादपि च शीतलान् ॥

पित्तजन्य र रक्तजन्य प्रतिश्यायमा काकोल्यादिगणका ओखती हाली घिउ पकाएर पिउनू । शीतल पदार्थले पखाल्ने र लेप बनाई दल्ने गर्नू ।

(ङ) योग रत्नाकर :

हितं पित्तप्रतिश्याये पाचनार्थं घृतं पयः ॥ श्रृङ्गबेरेण पयसा श्रृङ्गबेरमथापि वा ।

पित्तजन्य प्रतिश्यायमा रोगलाई पकाउन घिउ र दूध मिसाएर पिउन दिनू । सुठो र दूध वा सुठोको रस मात्र खान दिनाले पनि त्तिजन्य प्रतिश्याय पाक्दछ ।

(च) वङ्गसेन आयुर्वेद :

हितं पित्तप्रतिश्याये पाचनार्थं श्रृतं पयः । श्रृङ्गवेरेण पयसा श्रृङ्गवेरमथापि वा ॥

पित्तजन्य प्रतिश्यायलाई पकाउनका लागि ओखती हालेर पकाइएको दूध पिउनू । अथवा अदुवा दूधमा हालेर पिउनू । अथवा अदुवा मात्र खानू ।

धवाद्यतैल

धवत्वक् त्रिफलाश्यामा तिल्वकैर्मधुकेन च । श्रीपर्णीरजनीमिश्रैः क्षीरे दशगुणे पचेत् ॥
तैलं कालेपयुक्तं तु नस्यं स्यादनयोर्हितम् ॥

धयैँराको बोक्रा, त्रिफला, अनन्तमूल, लोध, जेठीमधु, खमारी वा काफल र हलेदोको धूलो; सबैको दश गुना दूध हालेर विधिपूर्वक तेल पकाउनू । यो तेलले नस्य दिनाले पित्तजन्य प्रतिश्याय नाश हुन्छ ।

वातजन्य प्रतिश्यायका लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

**तत्र वातात् प्रतिश्याये मुखशोषो भृशं क्षवः ॥ घ्राणोपरोधनिस्तोददन्तशङ्खशिरोव्यथाः ।
कीटिका इव सर्पन्तीर्मन्यते परितो भ्रुवौ ॥ स्वरसादश्चिरात्पाकः शिशिराऽच्छकफस्रुतिः ।**

शरीर भित्रको वायु विकृत र उत्तेजित भएर हुने वातजन्य प्रतिश्यायमा मुख सुन्निने, हाच्छिउँ बढी आउने, नाकका एउटा अथवा दुई वटै प्वाल अवरुद्ध हुने, दाँत दुख्ने, कञ्चट दुख्ने, टाउको दुख्ने, आँखिभुइँका छेउछाउमा कमिला हिँडिरहेको जस्तो भान हुने, स्वर बस्ने, खाएपिएको कुरा ढिलो पच्ने र नाकबाट चिसो र पातलो कफपानी बगिरहने जस्ता लक्षणहरू देखिन्छन् ।

(ख) काश्यप संहिता :

**अतश्चैनं चतुर्विधमृषयो वदन्ति-वातिकः पैत्तिकः श्लैष्मिकः सान्निपातिक इति । तद्यथा-यो रौति न रमते जागर्त्यभीक्ष्णं क्षौति नासिका चोत्तानस्यापि तनुश्लेष्म...
(इति ताडपत्रपुस्के १३२ तमं पत्रम्) ...र्भवति स्निग्धोष्णलवणाम्लोपशयि चेत्तं प्रतिश्यायं वातिकं विद्यात्;**

ऋषिहरूले वातजन्य, पित्तजन्य, कफजन्य र सान्निपातिक गरी प्रतिश्याय चार किसिमको हुन्छ भनेका छन् । रोइरहने (बालक), प्रसन्न नहुने, नसुत्ने, हाच्छिउँ गरिरहने, उत्तानो परेर सुत्दा पनि नाकबाट पातलो सिङान बहिरहने तथा चिल्लो, तातो र नुनिलो कुरा खान दिए आराम हुने खालको पिनासलाई वातजन्य पिनास भनी जान्नू ।

(ग) चरक संहिता :

घ्राणार्तितोदैः क्षवथुर्जलाभः स्रावोऽनिलात् सस्वरमूर्धरोगः ॥

नाक दुख्ने, सियोले घोचे जसरी चसचस गर्ने, हाच्छिउँ आउने, पानीजस्तो पदार्थ नाकबाट बगिरहने, स्वर बस्ने र टाउको दुख्ने : यी वातजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

(घ) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

**आनद्धा पिहिता नासा तनुस्रावप्रसेकिनी । गलताल्वोष्ठशोषश्च निस्तोदः शङ्खयोस्तथा ॥
क्षवप्रवृत्तिरत्यर्थं वक्त्रवैरस्यमेव च । भवेत् स्वरोपघातश्च प्रतिश्यायेऽनिलात्मके ॥**

वातविकारले हुने प्रतिश्यायमा नाक सुन्निन्छ र टालिन्छ, यसबाट पतलो सिङान बग्दछ, घाँटी तालु र ओठ सुक्दछन्, कञ्चटतिरको भागमा सियोले घोचे जसरी दुख्दछ, धेरै हाच्छिउँ आउँदछ, मुख स्वाद थाहा नपाउने बन्दछ र स्वर बस्दछ ।

(ङ) वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :

आनद्धा पिहिता नासा तनुस्रावप्रवर्तिनी । गलताल्वोष्ठशोषश्च निस्तोदः शङ्खयोस्तथा ॥
स्वरोपघातश्च भवेत् प्रतिश्यायेऽनिलात्मके ।

नाक र सास रोकिनु, पातलो सिङान बहनु; घाँटी, तालु र ओठ सुक्खा हुनु, कञ्चटमा सियोले घोचेजसरी चसचस गरेर दुख्नु र स्वर बस्नु : यी वातजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

(च) हंसराज निदान :

स्वरोपघातो गलतालुजिह्वाशोषेऽथ नासापिहिता क्वचित्स्यात् ।
स्रावोऽतिसूक्ष्मः परिशङ्खपीडा मरुत्प्रतिश्यायरुजोपचिह्नम् ॥

स्वर बस्नु, घाँटी तालु र जिभ्रो सुन्निनु, नाकको बाटो बन्द हुनु, अलिअलि पातलो र तातो पानी बहनु र कञ्चट दुख्नु : यी वातजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

वातजन्य प्रतिश्यायको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

अथ वातप्रतिश्याये पूर्वमेव वातहरद्रव्यविपक्वं ससैन्धवं प्रातः सर्पिः पिबेन्महाषट्पलं वा॥

वातजन्य प्रतिश्यायमा शुरुमा वातविकार नाशगर्ने ओखती हालेर विधिपूर्वक पकाइएको घिउ अथवा गुल्मरोगको उपचारका क्रममा बताइएको "महाषट्पलघृत" पिउनू ।

दशमूलकुलत्थकोलयवशुष्कमूलकव्योषलवणपञ्चकैः सदधि धान्याम्लं सर्पिः सिद्धमाहारे पाने च प्रणीतं प्रतिश्याययक्ष्माकासश्वासग्रहणीगुल्मविबन्धघ्नम्॥८॥

दशमूल, गहत, बयर, जौ, सुकेको मूला (मूलाका चाना), त्रिकटु, पाँच थरी नुन, दही र धान्याम्ल हालेर विधिपूवृक पकाइएको घिउ खानासँग वा त्यत्तिकै खानु हितकर हुन्छ । यसले प्रतिश्याय, क्षयरोग, खोकी, दम, ग्रहणी, गुल्म र कब्जियत नाश गर्दछ ।

जीर्णस्नेहं जाङ्गलरसेन व्योषदाडिमसैन्धववता बालमूलकरसेन सर्वधान्ययूषेण वा भोजयेत्। नागरं वा पयसा पिबेत्॥

जब खाएको चिल्लो पच्दछ तब जाङ्गल पशुपंक्षीको त्रिकटु, दारिमको रस र सिंधेनुन मिसाएर पकाइएको रससँग अथवा कलिलो मूलाको रससँग वा दालको रससँग भात खानू । अथवा सुठो मिसाएर दूध पिउनू ।

कृष्णादशमूलशुण्ठीयवैरण्डमूलक्वाथासिद्धेन पय सोत्तमाङ्गं स्वेदयेत् । तदेव च पानभोजनयोर्विदध्यात्। अर्दितोक्तांश्च स्वेदान्। एवमपरिपच्यमाने पुनः पुनर्नाडीस्वेदं वातहरं चास्थापनमनुवासनं शिरोबस्तिं च॥

पिप्ला, दशमूल, सुठो, जौ र अँडिरको जरा हालेर पकाइएको काँढापानी र दूध मिसाई सेकेर पसिना निकाल्नू । यिनै पदार्थ पिउन र खान प्रयोग गर्नू । अर्दित रोगको उपचारका क्रममा बताइएको विधिले पसिना निकाल्नू । यति गर्दा पनि प्रतिश्याय पाकेन भने पटकपटक नाडीस्वेद दिनू । वातनाशक ओखतीले आस्थापन वस्ति, अनुवासन वस्ति र शिरोवस्ति दिनू ।

पक्वे तु तैलं क्षवकचूर्णयुक्तं ससैन्धवं सर्पिर्वा शिरोविरेचनम्॥

प्रतिश्याय पाकेपछि रायो र सिंधेनुनको धूलो हाली विधिपूर्वक पकाइएको तेलले वा घिउले शिरोविरेचन दिनू ।

(ख) अष्टाङ्ग हृदय :

पिबेद् वातप्रतिश्याये सर्पिर्वातघ्नसाधितम् ॥
पटुपञ्चकसिद्धं वा विदार्यादिगणेन वा । स्वेदनस्यादिकां कुर्यात् चिकित्सामर्दितोदिताम् ॥

वातविकारजन्य प्रतिश्यायमा वातविकार नाश गर्ने समूहका ओखती मिसाएर तयार पारिएको अथवा विदार्यादिगणका ओखती मिसाएर तयार पारिएको घिउ पिउनू । तथा अर्दितरोगमा बताइएको स्वेदन, नस्य आदि सेवन गर्नू ।

(ग) चक्रदत्त :

वातिके तु प्रतिश्याये पिबेत्सर्पिर्यथाक्रमम् । पञ्चभिर्लवणैः सिद्धं प्रथमेन गणेन च ॥
नस्यादिषु विधिं कृत्स्नमवेक्षेतार्दितेरितम् ।

वातजन्य प्रतिश्यायमा पञ्चलवण अथवा विदारीगन्धादि गणका ओखती हाली पकाइएको काँढापानी र लेदो हालेर पकाइएको घिउ पिउनू । अर्दित रोगमा बताएका ओखतीले नस्य दिनू ।

(घ) चरक संहिता :

वातात्सकासवैस्वर्ये सक्षारं पीनसे घृतम् । पिबेद्रसं पयश्चोष्णं स्नैहिकं धूममेव वा ॥

वातजन्य प्रतिश्यायमा खोकी लागेको र स्वर बसेको छ भने जवाखार मिसाएर घिउ पिउनू । मासुको तातो रस र तातो दूध पिउनु पनि हितकर हुन्छ । अथवा स्नैहिक धूमपान गर्नू ।

शताह्वा त्वग्बला मूलं स्योनाकैरण्डबिल्वजम् । सारग्वधं पिबेद्वर्तिं मधूच्छिष्टवसाघृतैः ॥

पहाडे सुप, दालचिनी, बलुको जरा, टटेलो (अरलु ?) को जराको बोक्रा, अँडिरको बोक्रा, बेलको जराको बोक्रा र राजवृक्षको बोक्रा मिसाएर पिसी मैन, बोसो र घिउ मिसाएर सुप्लो बनाउनू र त्यसमा दली बालेर धूमपान गर्नू ।

अथवा सघृतान् सक्तून् कृत्वा मल्लकसम्पुटे । नवप्रतिश्यायवतां धूमं वैद्यः प्रकल्पयेत् ॥

अथवा एउटा धुपौरोमा घिउ मिसाएको सातु हाली अर्को प्वालयुक्त धुपौरोले छोप्नू । प्वालमा धुवाँ निस्कने गरी एउटा पाइप राख्नू । जोर्नीमा लेप दली धुवाँ पाइपबाट मात्र आउने बनाउनू । त्यसपछि यो धुपौरालाई आगाको भुङ्ग्रोमा राख्नू । पाइपबाट निस्कने धुवाँ नयाँ प्रतिश्यायका रोगीलाई वैद्यले पिउन लगाउनू ।

शङ्खमूर्धललाटार्तौ पाणिस्वेदोपनाहनम् ।

(पिनासले) यदि कञ्चट वा टाउको दुख्दछ भने हात आगोमा सेकाएर सेक्ने गर्नू ।

स्वभ्यक्ते क्षवथुस्रावरोधादौ सङ्करादयः॥

परिस्राव र प्रतीनाह आदि रोगमा तेल चोपेर सङ्कर आदि स्वेद दिनू ।

घ्रेयाश्च रोहिषाजाजीवचातर्कारिचोरकाः । त्वक्पत्रमरिचैलानां चूर्णा वा सोपकुञ्चिकाः॥

अथवा रोहिष झार, सेतो जीरा, बोझो, तर्कारि (जयन्ती ?) र समयो (रूख) को धूलो कपडामा हाली रोगीले सुँघ्नू । अथवा दालचिनी, तेजपात, कालो मरिच, सुकुमेल र कालो जीराको धूलो सुँघ्नू ।

स्रोतःशृङ्गाटनासाक्षिशोषे तैलं च नावनम् ।

जब नाकका स्रोत, श्रृङ्गाटक, नाक र आँखा सुक्खा हुन्छ तव नस्य तेल दिनुपर्दछ ।

प्रभाव्याजे तिलान्क्षीरे तेन पिष्टांस्तदुष्मणा॥ मन्दस्विन्नान्सयष्ट्याह्वचूर्णांस्तेनैव पीडयेत् । दशमूलस्य निष्क्वाथे रास्नामधुककल्कवत्॥ सिद्धं ससैन्धवं तैलं दशकृत्वोऽणु तत्स्मृतम् ।

बाख्रीको दूधमा कालो तिल भिजाएर बाख्रीकै दुधमा हाली पिस्नू । यसपछि एउटा हाँडीमा बाख्रीको दूध हाल्नू र त्यसको मुख सफा कपडाले बाँध्नू । यो कपडा माथि तिलकै छोप राख्नू । त्यसपछिएउटा माटाको भाँडो जुन भाँडोको मुख हाँडीको मुखसँग टच्याप्प मिलोस् घोप्टो पारेर त्यसमाथि राख्नू । त्यसपछि अगेनामा बसालेर मन्द आँचमा तताउनू । जब तिलको धूलो फुल्दछ तब अगेनाबाट झिकी त्यसमा जेठीमधुको धूलो मिसाउनू । यसमा बाख्रीकै दूध मिसाएर निचोर्नू । यसपछि जुन तेल निस्कन्छ त्यसलाई जम्मा पारी दशमूलको काँढापानी तथा फ्याक्सेकन्द, जेठीमधु र सिँधेनुनको लेदो हाली विधिपूर्वक दश पटक पकाउनू । यसलाई अणुतैल भनिन्छ । सूक्ष्म स्रोतमा पस्ने हुनाले यो नाम दिइएको हो । तेलमा यो गुण पटकपटक ढड्याउनाले, पकाउनाले र माड्नाले उत्पन्न हुन्छ ।

स्निग्धस्यास्थापनैर्दोषं निर्हरेद्वातपीनसे॥

वातजन्य प्रतिश्यायमा स्नेहन पछि आस्थापन वस्ति दिएर शरीरका दोषलाई हरण गर्नुपर्दछ ।

स्निग्धाम्लोष्णैश्च लघ्वन्नं ग्राम्यादीनां रसैर्हितम् । उष्णाम्बुना स्नानपाने निवातोष्णप्रतिश्रयः॥

पथ्य रोगीले पचाउन सहज अन्न बोका आदि ग्रामीण जीवको चिल्लो, अमिलो र तातो मासुको रससँग खानू । तातोपानीले नुहाउनू र तातोपानी नै पिउने गर्नू । यस्तो घरमा बस्नू जहाँ सोझै हावाले नहान्ने र तातो होस् ।

चिन्ताव्यायामवाक्चेष्टाव्यवायविरतो भवेत् । वातजे पीनसे धीमानिच्छन्नेवात्मनो हितम्॥

वातजन्य प्रतिश्यायको रोगी यदि आफ्नो भलो चाहन्छ भने उसले चिन्ता, कुनै पनि परिश्रमका काम, धेरै बोल्ने र मैथुनलाई (रोग पूरा निको नहुँदासम्म) छाड्नु पर्दछ ।

(ङ) भैषज्य रत्नावली, योग रत्नाकर :

वातिके तु प्रतिश्याये पिबेत्सर्पिर्यथाक्रमम् । पञ्चभिर्लवणैः सिद्धं प्रथमेन गणेन च ॥
नस्यादिषु विधिं कृत्स्नमवेक्षेतार्दितेरितम् ॥

वातजन्य प्रतिश्यायमा पञ्चलवण अथवा विदारीगन्धादि गणका ओखती हाली पकाइएको काँढापानी र लेदो हालेर पकाइएको घिउ पिउनू । अर्दित रोगमा बताएका ओखतीले नस्य दिनू ।

वातके तु प्रतिश्याये पिबेत्सर्पिर्यथाबलम् । पञ्चभिर्लवणैः सिद्धं प्रथमेन गणेन च ॥

वातजन्य प्रतिश्यायमा पाँचथरी नुन हालेर अथवा पञ्चमूल हालेर विधिपूर्वक पकाइएको घिउ दोष, पाचनशक्ति आदि हेरी पिउने गर्नू ।

नस्यादिषु विधिं कृत्स्नमवेक्षेतार्दितेरितम् ॥

यो रोगमा रोगीको बल हेरी नस्य आदि विधिको प्रयोग गर्नू ।

(च) सुश्रुत संहिता :

वातिके तु प्रतिश्याये पिबेत् सर्पिर्यथाक्रमम् । पञ्चभिर्लवणैः सिद्धं प्रथमेन गणेन च ॥
नस्यादिषु विधिं कृत्स्नमवेक्षेतार्दितेरितम् ।

वातजन्य प्रतिश्यायमा स्नेहपान विधि अनुसार पाँच थरी नुन हालेर अथवा विदार्यादि प्रथमगणका ओखती हालेर विधिपूर्वक पकाइएको घिउ पिउनू । नस्य आदि अर्दित रोगमा बताइए अनुसार गर्नू ।

दुई दोषजन्य प्रतिश्यायको उपचार

(क) सुश्रुत संहिता :

बहुद्रवैर्वातकफोपसृष्टं प्रच्छर्दयेत् पीनसिनं वयःस्थम् ।
उपद्रवांश्चापि यथोपदेशं स्वैर्भेषजैर्भोजनसंविधानैः ॥
जयेद्विदित्वा मृदुतां गतेषु प्राग्लक्षणेषूक्तमथादिशेच्च ॥

वात र कफ दुवै दूषित भएर मिसिई भएको पिनासमा रोगीलाई तरलताको मात्रा बढी भएका ओखती खुवाएर बान्ता गराउनू । बताएका वा देखिएका लक्षण अनुसार सह-रोग अनुसारका खानपिन दिनू । दोषको असर कम भएको थाहा पाएपछि वा नपाकेको प्रतिश्यायको लक्षण देखिँदा सोही अनुसारका उपचार गर्नू ।

पित्तरक्तोत्थयोः पेयं सर्पिर्मधुरकैः शृतम् ॥
परिषेकान् प्रदेहांश्च कुर्यादपि च शीतलान् । श्रीसर्जरसपत्तङ्गप्रियङ्गुमधुशर्कराः ॥
द्राक्षामधूलिकागोजीश्रीपर्णीमधुकैस्तथा । युज्यन्ते कवलाश्चात्र विरेको मधुरैरपि ॥

पित्त-रक्तजन्य प्रतिश्यायमा काकोल्यादि गणका ओखती हालेर विधिपूर्वक पकाइएको घिउ पिउनू । शीतल कुराले नुहाउनू, शीतल ओखती दल्नू । सालधूप, रक्तचन्दन, दहीगुयैँलो, मह, मिश्री, दाख, गुर्जो, गाईजिभ्रे, खमारी र जेठीमधु हालेर पकाइएको घिउ खानू । गुलिया ओखती मिसाएर कुल्ला र विरेचन गराउनू ।

धवत्वक्त्रिफलाश्यामातिल्वकैर्मधुकेन च । श्रीपर्णीरजनीमिश्रैः क्षीरे दशगुणे पचेत् ॥
तैलं कालोपपन्नं तन्नस्यं स्यादनयोर्हितम् ।

धयैँरोको बोक्रा, त्रिफला, कालो निसोत, लोध, जेठीमधु, खमारी र हलेदो मिसाई ओखती चार गुना तेल र दश गुना दूध हाली विधिपूर्वक तेल पकाउनू । पित्त-रक्तजन्य प्रतिश्यायमा यो तेलले नस्य दिनू ।

सन्निपातजन्य प्रतिश्यायका लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

सर्वजो लक्षणैः सर्वैरकस्माद् वृद्धिशान्तिमान्॥

शरीर भित्रका कफ, वात र पित्त नै विकृत भएर हुने प्रतिश्यायमा माथि बताइएका सबै दोषका लक्षणहरू देखिन्छ र रोग बढ्ने घट्ने भइरहने गर्दछ ।

(ख) काश्यप संहिता :

...सर्वरूपं स्रोतोवैगन्ध्यकृमि...(सान्निपातिकं विद्यात्)॥

तीन दोषका सबै लक्षण देखिए त्यसलाई सान्निपातिक पिनास भनिन्छ । यसमा स्रोत अङ्ग गनाउँदछ र त्यसमा कीरा आदि पनि पर्दछ ।

(ग) चरक संहिता :

सर्वाणि रूपाणि तु सन्निपातात् स्युः पीनसे तीव्ररुजेऽतिदुःखे ।

कफजन्य, पित्तजन्य र वातजन्य प्रतिश्यायका लक्षण देखिने, धेरै दुख्ने र अति गाल्ने प्रतिश्यायलाई सान्निपातिक प्रतिश्याय भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

भूत्वा भूत्वा प्रतिश्यायो यस्यायस्मान्निवर्तते । सम्पक्वो वाऽप्यपक्वो वा स च सर्वभवः स्मृतः॥

जुन प्रतिश्याय लागेपछि पाकेर अथवा नपाकी अकस्मात् बन्द हुन्छ, यस्तो प्रतिश्यायलाई त्रिदोषजन्य प्रतिश्याय भनी जान्नू ।

(ङ) माधव निदान, वङ्गसेन आयुर्वेद :

भूत्वा भूत्वा प्रतिश्यायो यस्याकस्मान्निवर्तते॥ सम्पक्वो वाऽप्यपक्वो वा स सर्वप्रभवः स्मृतः ।

जुन रोगीको प्रतिश्याय पटकपटक हुने र त्यत्तिकै ठिक पनि हुने गर्दछ अनि फेरी हुने गर्दछ तथा कहिले पाक्ने त कहिले नपाक्ने गर्दछ त्यसलाई सन्निपातजन्य प्रतिश्याय भनिन्छ ।

(च) योग रत्नाकर, सुश्रुत संहिता :

भूत्वा भूत्वा प्रतिश्यायो योऽकस्माद्विनिवर्तते ॥
संपक्वो वाऽप्यपक्वो वा स सर्वप्रभवः स्मृतः । लिङ्गानि चैव सर्वेषां पीनसानां च सर्वजे ॥

जुन् प्रतिश्याय पटकपटक हुँदै आफैं ठिक हुने गर्दछ, पाकेको होस् वा नपाकेको, त्यस्तो प्रतिश्यायलाई सन्निपातजन्य प्रतिश्याय भनिन्छ र यसमा वातजन्य, पित्तजन्य र कफजन्य प्रतिश्यायका लक्षण मिसिएर देखिने गर्दछ ।

(छ) हंसराज निदान :

श्वासपूतिवनोनाहः क्लेदो जन्तुषु निर्दतः । चिह्नैरेतैरसाध्योऽयं प्रतिश्यायस्त्रिदोषजः ॥

नाकबाट पीप (पीपजस्तो गनाउने) सहितको सास निस्कनु, आनाह हुनु र चिसोपनले युक्त भई कीरा पर्नु : यी त्रिदोषजन्य निको नहुने प्रतिश्यायका लक्षणहरू हुन् ।

सन्निपातजन्य प्रतिश्यायको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

सान्निपातिके दोषबलतः प्रतिकुर्यात् । रसाञ्जनातिविषामुस्तभद्रदारुसाधितं चात्र तैलं नावनम् ॥

त्रिदोषजन्य प्रतिश्यायमा कुन दोष बलियो छ थाहा पाई त्यो अनुसार उपचार गर्नू । रसाञ्जन, अतीस, नागरमोथे र देवदार हालेर विधिपूर्वक पकाइएको तेलको नस्य लिनू ।

(ख) अष्टाङ्ग हृदय :

कटुतीक्ष्णैर्घृतैर्नस्यैः कवलैः सर्वजं जयेत् ॥

त्रिदोषजन्य प्रतिश्यायमा पिरो र तिक्खर पदार्थ मिसाएर पकाइएको घिउको नस लिनू तथा यसैले कवल गर्नू ।

(ग) वङ्गसेन आयुर्वेद :

रक्तपित्तोत्थयोः पेयं सर्पिर्मधुरकैः श्रृतम् । परिषेकान् प्रदेहांश्च कुर्य्यादपि च शीतलान् ॥

रक्तपित्तले हुने प्रतिश्याय रोगमा गुलिया ओखती हालेर विधिपूर्वक घिउ पकाई पिउने गर्नू । शीतल पदार्थले पखाल्ने र शीतल ओखतीको लेप दल्ने आदि कार्य गर्नू ।

युञ्जते कबलांश्चात्र विरेको मधुरैरपि ॥

गुलिया ओखतीले कुल्ला गर्ने र गुलिया ओखती खाएर दिसा लगाउने वा बान्ता गर्ने कार्य गर्नू ।

सर्पींषि कटुसिद्धानि तीक्ष्णधूमाः कटूनि च । भेषजान्युपयुक्तानि हन्युः सर्वप्रकोपजम् ॥

पिरो ओखती हालेर विधिपूर्वक पकाइएको घिउ, तिक्खर ओखतीको धूमपान र सबै पिरा ओखती : यी विधिले त्रिदोषजन्य प्रतिश्याय नाश हुन्छ ।

(घ) सुश्रुत संहिता :

सर्पींषि कटुतिक्तानि तीक्ष्णधूमाः कटूनि च । भेषजान्युपयुक्तानि हन्युः सर्वप्रकोपजम् ॥
रसाञ्जने सातिविषे मुस्तायां भद्रदारुणि । तैलं विपक्वं नस्यार्थे विदध्याच्चात्र बुद्धिमान् ॥

पिरा र तिता ओखती हालेर पकाइएको घिउ, तिक्खर धूमपान र पिरा ओखतीको प्रयोग गर्नाले सन्निपातजन्य प्रतिश्याय नाश हुन्छ । यो प्रतिश्यायमा बुद्धिमान् वैद्यले रसाञ्जन, अतीस, नागरमोथे र देवदार मिसाएर तेल पकाई नस्य दिनू ।

मुस्ता तेजोवती पाठा कट्फलं कटुका वचा । सर्षपाः पिप्पलीमूलं पिप्पल्यः सैन्धवाग्निकौ ॥
तुत्थं करञ्जबीजं च लवणं भद्रदारु च । एतैः कृतं कषायं तु कवले संप्रयोजयेत् ॥
हितं मूर्धविरेके च तैलमेभिर्विपाचितम् ।

नागरमोथे, टिमुर, गुन्दरगानु, काफलका बोक्रा, कटुकी, बोझो, सर्सिउँ, पिप्लाको जरा, पिप्ला, सिँधेनुन, चितू, निलोतुथो, लेखपाङ्गोका बीज, सिँधेनुन र देवदार मिसाएर कुल्ला गर्नू । यिनै ओखती हालेर पकाइएको तेलले नस्य दिनू ।

रक्तजन्य प्रतिश्यायका लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

दुष्टं नासासिराः प्राप्य प्रतिश्यायं करोत्यसृक् । उरसः सुप्तता ताम्रनेत्रत्वं श्वासपूतिता ॥
कण्डूः श्रोत्राक्षिनासासु पित्तोक्तं चात्र लक्षणम् ।

गर्मी वा तातोका कारण उत्तेजित र विकृत हुन पुगेको शरीरको रगतले नाक भित्र रहेका नसाहरूमा पुगी प्रतिश्याय निकाल्दछ । यस अवस्थामा छाती शून्य जस्तो हुने, आँखा राता हुने, सास गनाउने, कान आँखा र नाक चिलाउने तथा पित्तविकारजन्य प्रतिश्यायका लक्षणहरू समेत देखिने गर्दछ ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

रक्तजे तु प्रतिश्याये रक्तस्रावः प्रवर्तते । पित्तप्रतिश्यायकृतैर्लिङ्गैश्चापि समन्वितः ॥
ताम्राक्षश्च भवेज्जन्तुरुरोघातप्रपीडितः । दुर्गन्धोच्छ्वासवक्त्रश्च गन्धानपि न वेत्ति सः ॥

जुन प्रतिश्याय रगत बिग्रेर हुन्छ, त्यसमा नाकबाट रगत बहने गर्दछ । यसमा पित्तजन्य प्रतिश्यायका लक्षणहरू पनि देखिन्छन् । आँखा राता हुन्छन् । मुटुका चोट लागेजसरी पीडा हुन्छ । मुखबाट गनाउने सास निस्कने गर्दछ र नाकले गन्ध र बास्ना थाहा पाउँदैन ।

(ग) माधव निदान, वङ्गसेन आयुर्वेद :

रक्तजे तु प्रतिश्याये रक्तस्रावः प्रवर्तते ॥
ताम्राक्षश्च भवेज्जन्तुरुरोघातप्रपीडितः । दुर्गन्धोच्छ्वासवदनो गन्धानपि न वेत्ति सः ॥

रक्तविकारजन्य प्रतिश्यायमा नाकबाट रगत निस्कने गर्दछ, रोगीका आँखा तामा रङ्का हुन्छन्, रोगी उरोघात रोगले पीडित हुन्छ, सास र मुख गनाउँदछ र नाकले गन्ध पनि थाहा पाउँदैन ।

(घ) सुश्रुत संहिता :

रक्तजे तु प्रतिश्याये रक्तास्रावः प्रवर्तते । ताम्राक्षश्च भवेज्जन्तुरुरोघातप्रपीडितः ॥
दुर्गन्धोच्छ्वासवदनस्तथा गन्धान्न वेत्ति च । मूर्च्छन्ति चात्र कृमयः श्वेताः स्निग्धास्तथाऽणवः ॥
कृमिमूर्धविकारेण समानं चास्य लक्षणम् ।

रक्तजन्य प्रतिश्याय हुँदा नाकबाट रातो पदार्थ (रगत) बग्दछ । रोगीका आँखा सुक्खा हुन्छन् । उसलाई उरोघातको जस्तो पीडा भइरहन्छ (छातीमा घाउ भएर हुने क्षयरोगलाई उरोघात

भनिन्छ) । सास र मुख गनाउँदछ । रोगीले गन्ध (वा बास्ना) थाहा पाउँदैन । (पछि) सेतो, चिल्ला र मसिना कीरा पर्न थाल्दछ । यसपछि कृमिजन्य टाउकाका रोगका जस्ता लक्षणहरू देखिन्छन् ।

(ङ) हंसराज निदान :

रक्तस्रावः शिरःपीडा दाहः शङ्खद्वयेऽनिशम् । रक्तत्वं नेत्रयोर्ज्ञेयः प्रतिश्यायः सरक्तजः ॥

नाकबाट रगत आउनु, टाउको र दुवै कञ्चट दुख्नु तथा आँखा राता हुनुः यी रक्तजन्य प्रतिश्यायका लक्षणहरू हुन् ।

दुष्ट प्रतिश्यायका लक्षण

(क) अष्टाङ्ग सङ्ग्रह :

दुष्टप्रतिश्याये व्योषचित्रकयवक्षारबीजकविडङ्गपूतीकरञ्जत्वग्लवणत्रयैर्मांसरसप्रतीवापविपक्वं सक्षौद्रं सर्पिः पाययेत् । जीर्णे घृते जाङ्गलरसेन तैलोपसेकं भोजयेत् । स्निग्धं च कफप्रतिश्यायवदुपाचरेत्॥

दुष्टप्रतिश्यायमा रोगीले त्रिकटु, चितू, जवाखार, विजयसाल, वायुविडङ्ग, लेखपाङ्गोका बोक्रा, त्रिलवण र मासुको रस हालेर पकाइएको काँढापानीमा मह र घिउ मिसाएर पिउने गर्नू। घिउ पचेपछि तेल बढी हालेर पकाइएको जाङ्गल पशुपंक्षीको रससँग खाना खानू । स्नेहन आदि उपचार कफजन्य प्रतिश्यायको जसरी गर्नू ।

पक्वेऽवपीडं व्योषेन्द्रयवविडङ्गसारजीरकसैन्धवैर्बस्तमूत्रपिष्टैर्दद्यात् । विशुद्धघ्राणस्रोतसं च पुनरुपस्नेह्य विरेचयेत्। भृष्टान्यवान् भूस्तृणकाम्रातकजीरकत्रिवृतायुक्तान् गोमूत्रेण क्वाथयेत्। तं क्वाथमभयानागरमरिचक्रमुकसैन्धवयावशूकचूर्णयुक्तं सबीजपूरकरसं पाययेत् । कोष्णोदकं चानुकण्ठयेत्॥

दुष्ट प्रतिश्याय पाकेपछि त्रिकटु, इन्द्रजौ, वायुविडङ्ग, जीरा र सिँधेनुन बाख्रीको मूत्रमा पिसी अवपीडन नस्य दिनू। नाकका छिद्र शुद्ध भएपछि पुनः चिल्लो खुवाएर विरेचन गराउनू। यसपछि भुटेका जौ, कुकुरमुते झार, बेलीचन्दा, जीरा र निसोत हालेर गुहँत पकाउनू। पाकेपछि त्यसमा हर्रो, सुठो, मरिच, रातो लोध, सिँधेनुन र जवाखार हालेर पिउन दिनू। त्यसपछि थोरै तातोपानी पिउन दिनू।

विरिक्तं च काले मुस्तहरिद्रानागरयवक्षारपूतीकरञ्जरेणुकाभिरजाविगोमूत्रत्रदधिभिश्च सिद्धं सर्पिरुपयोजयेत्। तीक्ष्णानि च निरूहानुवासनानि। अरिष्टांश्च पानार्थम्॥

विरेचन पछि नागरमोथे, हलेदो, अदुवा, जवाखार, लेखपाङ्गो, शितलचिनी, बाख्रीको मूत्र, भेडीको मूत्र, गहुँत र दही हालेर विधिपूर्वक पकाइएको घिउ उचित समयमा उपयोग गर्नू। तिक्खर ओखती मिसाएर निरूहवस्ति र अनुवासन वस्ति दिनू। पिउनका लागि अरिष्ट प्रयोग गर्नू।

एवमप्यशान्तौ हिङ्गुक्षारामरदारुविपक्वं घृतं मांसरसानुपानं पिबेत्॥

रोग शान्त नभएमा हिङ, जवाखार र देवदार मिसाएर विधिपूर्वक पकाइएको घिउ खानू र त्यसपछि मासुको रस पिउनू।

कोशाम्रपल्लवमूर्वा तर्कारीङ्गुदीफलफणिज्जकमहापञ्चमूलकण्टकारिकासारिवोरुपूगहिंस्रानिम्ब-शिग्रुफलरक्षोघ्नकृमिघ्नदन्ती पूतिकरञ्जपिप्पलीवार्ताकबीजाहिमारकमूलत्वक्पत्रपुष्पफलै-रजामूत्रपिष्टैरजाश्वशकृद्रसयुक्तैर्धूमवर्तिं कृत्वा घृताभ्यक्तां पातुं प्रयच्छेत्॥

बिज्जुआँपको पालुवा, मरुइलहरो, वज्रदन्ती, चिउरीको फल, मरुवा, महापञ्चमूल, कण्टकारी, अनन्तमूल, उरुपूग (अँडिर), जटामसी, नीम, सैजनको फल, हिङ्ग, वायुविडङ्ग, अजयपाल, लेखपाङ्गो, पिप्ला, भन्टा वा बिहीका बीज; करवीरको जरा, बोक्रा, पात, फूल र फल : यिनको धूलो बाख्रीको बड्कौला र घोडाको लिदी पिसी घिउ मिसाएर सुप्लोमा दली बालेर धूमपान गराउनू ।

पिप्पलीवर्धमानं चोपयुञ्जीत । कृमिघ्नैश्च योगैर्यापयेत्॥

अध्याय ४९ मा बताइएको पिप्पलीवर्धमान योगको प्रयोग गर्नू । लामो समयसम्म कीरानाशक उपचार प्रयोग गर्नू ।

(ख) चरक संहिता :

रोधाभिघातस्रवशोषपाकैर्घ्राणं युतं यश्च न वेत्ति गन्धम् ।
दुर्गन्धि चास्यं बहुशःप्रकोपि दुष्टप्रतिश्यायमुदाहरेत्तम्॥

नाक बन्द भएको महशूष हुनु, घाउ हुनु, पानी आदि पदार्थ बगिरहनु, सुक्नु, पाक्नु, गन्ध थाहा नपाउनु, मुख गनाउनु र पटकपटक दुःख दिनु : यी दुष्ट प्रतिश्यायका लक्षणहरू हुन् ।

सर्वजित्पीनसे दुष्टे कार्यं ...॥

दुष्ट प्रतिश्यायमा त्रिदोष नाशक उपचार गर्ने गरिन्छ ।

कुर्यात्सपित्तः पवनस्त्वगादीन् सन्दूष्य चारूंषि सपाकवन्ति ।

पित्तसँग मिसिएको वायुले छाला आदिलाई दूषित पारी नाकमा पाक्ने खालका खटिरा निकाल्दछ । यसलाई अरूंषि भनिन्छ ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर :

प्रक्लिद्यते मुहुर्नासा पुनश्च परिशुष्यति । पुनरानह्यते वाऽपि पुनर्विव्रियते तथा॥
निश्वासो वाऽपि दुर्गन्धो नरो गन्धान्न वेत्ति च । एवं दुष्टं प्रतिश्यायं जानीयात्कृच्छ्रसाधनम्॥

नाक पटकपटक रसाइरहने, पटकपटक बन्द हुने, पटकपटक खुल्ने, गनाउने सास आउने, गन्ध र बास्ना थाहा नहुने : यी दुष्ट प्रतिश्यायका लक्षणहरू हुन् । यस्तो प्रतिश्याय मुश्किलले ठिक हुन्छ र कहिले त ठिक नहुन पनि सक्दछ । नाक रसाउने, सुक्ने र बन्द हुने कार्य एकैपटक हुन्छ यस्तो नभन्ठान्नू । जतिखेर जुन दोष बलियो हुन्छ त्यतिखेर यी लक्षण देखिने गर्दछ ।

सर्व एव प्रतिश्याया नरस्याप्रतिकारिणः । दुष्टतां यान्ति कालेन तदाऽसाध्या भवन्ति च॥

उपचार नगरी नीच मारेर बस्ने मानिसको प्रतिश्याय पछि गएर खराब हुन्छ । जब यो बिग्रन्छ तब उपचार गर्न सकिँदैन ।

मूर्च्छन्ति कृमयश्चात्र श्वेताः स्निग्धास्तथाऽणवः । कृमिजो य शिरोरोगस्तुल्यं तेनात्र लक्षणम्॥

जब बिग्रेको प्रतिश्यायमा कफका कारण सेता, चिल्ला र बेग्लाबेग्लै खालका कीरा पर्दछन् । यस्तो प्रतिश्यायको लक्षण कफजन्य शिरोरोगको जस्तै हुने गर्दछ ।

(घ) माधव निदान :

प्रक्लिद्यते पुनर्नासा पुनश्च परिशुष्यति॥ पुनरानह्यते वाऽपि पुनर्विव्रियते तथा ।
निःश्वासो वाऽतिदुर्गन्धो नरो गन्धान् न वेत्ति च॥ एवं दुष्टप्रतिश्यायं जानीयात् कृच्छ्रसाधनम् ।

नाकका प्वाल पटकपटक भिज्ने र सुक्ने, पटकपटक बन्द हुने र खुल्ने, अति नै गनाउने सास आउने र नाकले गन्ध थाहा नपाउने लक्षण भएको मुश्किलले निको हुने खालको प्रतिश्यायलाई “दुष्टप्रतिश्याय” भनिन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद :

प्रक्लिद्यति पुनर्नासा पुनश्च परिशुष्यति । मुहुरानह्यते वापि पुनर्विव्रियते तथा॥
निःश्वासे वातिदौर्गन्ध्यं नरो गन्धान्नवेत्ति च । एवं दुष्टप्रतिश्यायं जानीयात् कष्टसाधनम्॥

नाक कहिले रसिलो त कहिले सुक्खा हुन्छ, कहिले खुल्छ त कहिले बन्द हुन्छ । सास गनाउँदछ । रोगीले गन्ध वा बास्ना थाहा पाउँदैन । यस्ता लक्षणहरूबाट प्रतिश्याय बिग्रियो भनी थाहा पाउनू । यस्तो रोग बल्लतल्ल ठिक हुन्छ ।

(च) सुश्रुत संहिता :

प्रक्लिद्यति पुनर्नासा पुनश्च परिशुष्यति॥ मुहुरानह्यते चापि मुहुर्विव्रियते तथा ।
निःश्वासोच्छ्वासदौर्गन्ध्यं तथा गन्धान्न वेत्ति च॥ एवं दुष्टप्रतिश्यायं जानीयात् कृच्छ्रसाधनम् ।

नाक कहिले रसिलो त कहिले सुक्खा हुन्छ, कहिले खुल्छ त कहिले बन्द हुन्छ । सास गनाउँदछ । रोगीले गन्ध वा बास्ना थाहा पाउँदैन । यस्ता लक्षणहरूबाट प्रतिश्याय बिग्रियो भनी थाहा पाउनू । यस्तो रोग बल्लतल्ल ठिक हुन्छ ।

ठिक हुने र नहुने प्रतिश्याय

(क) अष्टाङ्ग हृदय :

अष्टादशानामिइत्येषां यापयेद् दुष्टपीनसम्॥

अठार थरी नाकका रोगहरूमध्ये दुष्ट प्रतिश्याय नियन्त्रण गर्न मात्र सकिन्छ भने अन्य सत्र वटा रोग उपचार पछि निको हुन्छ ।

(ख) भावप्रकाश संहिता :

नृणां दुष्टः प्रतिश्यायः सर्वजश्च न सिद्ध्यति॥

मानिसलाई हुने तीन वटै दोषका लक्षण सहितको खराब प्रतिश्याय ठिक हुँदैन ।

(ग) माधव निदान, वङ्गसेन आयुर्वेद :

सर्व एव प्रतिश्याया नरस्याप्रतिकारिणः । दुष्टतां यान्ति कालेन तदाऽसाध्या भवन्ति हि॥
मूर्च्छन्ति चात्र कृमयः श्वेताः स्निग्धास्तथाऽणवः ।
कृमितो यः शिरोरोगस्तुल्यं तेनास्य लक्षणम्॥

प्रतिश्याय हुँदा बेलैमा उपचार नगर्ने मानिसलाई हुने सबै खालका प्रतिश्या पछि गएर बिग्रन्छ र निको नहुने बन्दछ । यस अवस्थामा सेता, चिल्ला र अति मसिना कीरा पर्न थाल्दछ । यसको लक्षण कीराजन्य शिरोरोगको जस्तै हुन पुग्दछ ।

उपचार खण्ड

अदुवा आदिको प्रयोग

(क) अग्निपुराण :

श्रृङ्गवेररसश्चैव मधुना सह पाययेत् । ... प्रतिश्याय..अन्तकम् ॥

अदुवाको रसमा मह मिसाएर खानाले प्रतिश्याय नाश हुन्छ ।

(ख) अर्कप्रकाश :

विश्वोपकुल्या मरिचमेतत्त्रिकटुरुच्यते । हरेत्......पीनसान् ॥

सुठो, पिप्ला र मरिचको सम्मिश्रणलाई त्रिकटु भनिन्छ । यसको अर्कले पिनास ठिक गर्दछ ।

(ख) अष्टाङ्ग हृदय :

व्योषतालीशचविकातिन्तिडीकाम्लवेतसम् ॥ साम्यजाजि द्विपलिकं त्वगेलापत्रपादिकम् ।
जीर्णाद् गुडात्तुलार्धेन पक्वेन वटकीकृतम् ॥ पीनसश्वासकासघ्नं रुचिस्वरकरं परम् ।

व्योष (सुठो, मरिच र पिप्ला), अमिली, अम्लवेत, चितू, जीरा : यी दुई दुई पल (९६, ९६ ग्राम); दालचिनी, अलैंची र तेजपात प्रत्येकको धूलो दुई दुई कर्ष (२४, २४ ग्राम) तथा पुरानो सखर पचास पल (२.४ किलो) मिसाई गुडपाक गर्नू (पकाउनू) । यसमा यसैको धूलो मिसाई चनाका गेडाजत्रा गोली बनाउनू । यो गोली चुस्ने गर्नाले पिनास, दम र खोकी नाश हुन्छ तथा रुचि र स्वर बढ्दछ । (रातदिन गरी ५-७ गोली चुस्न सकिन्छ) ।

व्योषोरुबूककृमिजिद्दारुमाद्रीगदेङ्गुदम् ॥
वार्ताकबीजं त्रिवृता सिद्धार्थः पूतिमत्स्यकः । अग्निमन्थस्य पुष्पाणि पीलुशिग्रुफलानि च ॥
अश्वविड्रसमूत्राभ्यां हस्तिमूत्रेण चैकतः । क्षौमगर्भां कृतां वर्तिं धूमं घ्राणास्यतः पिबेत् ॥

बिग्रेको पिनासमा सुठो, मरिच, पिप्ला, अँडिरको जरा, वायुविडङ्ग, देवदार, अतीस, कूट, घिउ, भण्टाका गेडा, निसोत, सेतो सर्सिउँ, सडेको माछा, गिनेरीको फूल, ओखर, सजिवनका बीज : यी सबैलाई घोडाको लिदीको रसमा र गहुँत तथा हात्तीको मूत्रमा पिसी रेसमी कपडाको बत्तीमा बेरेर त्यसको धुवाँ मुख र नाकले तान्न लगाउनू ।

(ग) चक्रदत्त, भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

व्योषचित्रकतालीसतिन्तिडीकाम्लवेतसम् । सचव्याजाजितुल्यांशमेलात्वक्पत्रकादिकम् ॥
व्योषादिकमिदं चूर्णं पुराणगुडमिश्रितम् । पीनसश्वासकासघ्नं रुचिस्वरकरं परम् ॥

सुठो, मरिच, पिप्ला, चितू, तालीसपत्र, तिन्तिडिक, अम्लवेत, चाभो र जीरा बराबर भाग लिएर अलैंची, तेजपात, र दालचिनी एक चौथाई लिनू । यी सबै मिसाएर पिसी पुरानो सखर हालेर गोली बनाउनू । यो खाने गर्नाले पिनास, दम र खोकी नाश हुन्छ तथा रुचि र स्वर उत्तम हुन्छ । यो गोलीलाई "व्योषादिकवटी वा व्योषादिचूर्ण" भनिन्छ ।

(घ) रसरत्नाकर :

व्योषचित्रकतालीशतिन्तिडीचाम्लवेतसम् । सचव्याजाजितुल्यांशं ऐलात्वक्पत्रपादिकम् ॥
तच्च व्योषादिकं चूर्णं पुराणगुडसंयुतम् । पीनसश्वासकासघ्नं रुचिस्वरकरं परम् ॥

सुठो, मरिच, पिप्ला, चितू, तालीसपत्र, तिन्तिडिक, अम्लवेत, चाभो र जीरा बराबर भाग लिएर अलैंची, तेजपात, र दालचिनी एक चौथाई लिनू । यी सबै मिसाएर पिसी पुरानो सखर हालेर गोली बनाउनू । यो खाने गर्नाले पिनास, दम र खोकी नाश हुन्छ तथा रुचि र स्वर उत्तम हुन्छ । यो गोलीलाई "व्योषादिकवटी वा व्योषादिचूर्ण" भनिन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद :

कटुत्रिकं त्रिकतित्तिडीकं तालीशपत्रं चविकाम्लसंज्ञम् ।
विचूर्णितं जीरकचूर्णयुक्तमेलात्वचा तत्सुरभीकृतं च ॥
मिश्रं पुराणेन गुडेन दद्यात्तत्पीनसानां परिपाचनार्थम् ॥

त्रिकटु, चितू, चूक, तालीशपत्र, चाभो, अम्लवेत, जीरा, अलैंची र दालचिनीको धूलो पुरानो सक्खर मिसाएर अथवा यी सबको मिश्रण गरी गोली बनाएर खानाले पिनास पाक्दछ ।

त्र्यूषणं गुडसंयुक्तं स्निग्धं दुग्धान्नभोजनम् । प्रतिश्यायहरं प्रोक्तं विशेषात्कफनाशनम् ॥

त्रिकटुको धूलोमा सखर मिसाएर खानाले तथा चिल्लो र दूध मिसाएर भात खानाले प्रतिश्याय र विशेषगरी कफ नाश गर्दछ ।

(च) वैद्य रहस्य :

व्योषाम्लवेत सञ्चव्यं तालीसं चित्रकं तथा । जीरकं तिन्तिडीकं च प्रत्येकं कर्षमात्रकम् ॥
त्रिशाणं त्रिसुगन्धं स्याद्गुडः स्यात्कर्षविंशतिः । त्र्यूषणादिगुटी सामपीनसश्वासकासजित् ॥
रुचिदा स्वरदा ख्याता प्रतिश्याय प्रणाशिनी ॥

त्रिकटु, अम्लवेत, चाभो, तालीसपत्र, चितूको बोक्रा, जीरा र तिन्तिडीक एक एक तोला; त्रिसुगन्ध

सभा तोला र सक्खर बीस तोला मिसाई कुटेर पिसी गोली बनाउनू । यो त्र्यूषणादिवटी खानाले नपाकेको पिनास, दम र खोकीलाई जित्दछ । यो रुचिप्रद, स्वर खुलाउने र प्रतिश्याय नाश गर्ने गुणको हुन्छ ।

(छ) शार्ङ्गधर संहिता :

आर्द्रकस्वरसः क्षौद्रयुक्तो ... प्रतिश्यायं व्यपोहति॥

अदुवाको स्वरसमा मह मिसाएर पिउने गरे प्रतिश्याय नाश गर्दछ ।

व्योषाम्लवेतसं चव्यं तालीसं चित्रकस्तथा (चित्रकं तथा) ।
जीरकं तिन्तिडीकञ्च प्रत्येकं कर्षभागिकम्॥ त्रिसुगन्धं त्रिशाणं स्याद्गुडः स्यात्कर्षविंशतिः ।
व्योषादिगुटिका साम(सेयं)पीनस...जित्॥ ... प्रतिश्यायप्रणाशिनी ।

सुठो, कालोमरिच, पिप्ला, अम्लवेत, चाभा, लोठसल्लो, चितु, जीरा र अमिलीको बोक्रा सबै बीस बीस ग्राम लिनू । दालचिनी, अलैंची र तेजपात यी नौ नौ ग्राम लिनू । सर्ब मिसाएर धुलो बनाई चार सय ग्राम सक्खर मिसाउनू र गोली बनाउनू । यो "व्योषादिगुटिका"ले पिनास र प्रतिश्याय नाश गर्दछ ।

नस्यं स्याद्गुडशुण्ठीभ्यां पिप्पल्या सैन्धवेन च॥

जलपिष्टेन तेनाक्षिकर्णनासाशिरोगदाः । मन्याहनुगलोद्भूता नश्यन्ति भुजपृष्ठजाः॥

सुठोलाई तातोपानीमा भिजाएर सक्खर मिसाई नस बनाएर नाकमा हाल्नाले अथवा पिप्ला र सिधेनुनलाई तातोपानी उमालेर नस बनाई नाकमा हाल्नाले आँखा, कान, नाक र टाउकाका रोग नाश गर्दछ ।

अमिली आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

प्रतिश्याये नवे शस्तो यूषश्चिञ्चाच्छदोद्भवः । ततः पक्वं कफं ज्ञात्वा हरेच्छीर्षविरेचनैः ॥

नयाँ प्रतिश्यायमा अमिली विशेष (चिञ्चा, एक पहिचानमा सर्वसम्मत हुन नसकेको ओखती) का पातको सुप पकाएर पिउनु उत्तम हुन्छ । पाकेको कफ भए रोगीलाई शिरोविरेचन वा नस्य दिएर दोष निकाल्नू ।

असुरो आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

वासाविश्वामृतादार्वीरक्तचन्दनचित्रकैः । भूनिम्बनिम्बकटुकापटोलत्रिफलाऽम्बुदैः ॥१५०॥
यवकालिङ्गकुटजैः क्वाथः सर्वाक्षिरोगहा । वैस्वर्यं पीनसं श्वासं नाशयेदुरसःक्षतम् ॥

असुरो, सुठो, गुर्जो, चुत्रो, रक्तचन्दन, चितुको बोक्रा, चिराइतो, नीमको बोक्रा, कुटकी, पर्बलको पात, त्रिफला, नागरमोथे, जौ, इन्द्रजौ र ठूलोकुरोको बोक्रा : यी सबै मिसाई पकाइएको काँढापानी पिउनाले पिनास ठिक हुन्छ ।

इन्द्रजौ आदिको प्रयोग

(क) भावप्रकाश संहिता, योग रत्नाकर :

कलिङ्गहिङ्गुमरिचलाक्षासुरसकट्फलैः । कुष्ठोग्राशिग्रुजन्तुघ्नैरवपीडः प्रशस्यते ॥

इन्द्रजौ, हिङ, मरिच, लाहाको रस, काफल, कूट, बोभ्गो, सजिवन र वायुविडङ्ग निचोरेर नाकमा नस हाल्नाले पिनास आदि रोग नाश हुन्छन् ।

(ख) भैषज्य रत्नावली :

कलिङ्गहिङ्गुमरिचलाक्षासुरसकट्फलैः । व्योषोग्राशिग्रुजन्तुघ्नैरवपीढः प्रशस्यते ॥

इन्द्रजौ, हिङ, मरिच, लाहा, तुलसी, काफल, त्रिकटु, बोभ्गो, सजिवनका बीज र वायुविडङ्गको धूलो मिसाएर नस्य दिनाले नाकका रोग ठिक हुन्छ ।

तैरेव मूत्रसंयुक्तैः कटुतैलं विपाचयेत् । प्रपीनसे पूतिनस्ये शमनं परिकीर्त्तितम् ॥

माथि बताइएका ओखतीको धूलो गहुँतमा हाली सर्सिउँको तेलमा तेलपाक गर्नू । यो तेलको नस्य दिनाले पिनास र पूतिनासा रोग शान्त हुन्छ ।

ऐरेलु आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

इन्द्रवारुणिका मुस्तं शुण्ठी दन्ती हरीतकी । त्रिवृच्छटी(ठी) विडङ्गानि गोक्षुरश्चित्रकस्तथा ॥
तेजोह्वा च द्विकर्षाणि पृथग्द्रव्याणि कारयेत् । सूरणस्य पलान्यष्टौ वृद्धदारु चतुष्पलम् ॥
चतुःपलं स्याद्भल्लातः क्वाथयेत् सर्वमेकतः । जलद्रोणे चतुर्थांशं गृह्णीयात् क्वाथमुत्तमम् ॥
क्वाथ्यद्रव्यात्त्रिगुणितं गुडं क्षिप्त्वा पुनः पचेत् । सम्यक् पक्वञ्च विज्ञाय चूर्णमेतत् प्रदापयेत् ॥
चित्रकस्त्रिवृता दन्ती तेजोह्वा पलिकाः पृथक् ।
पृथक् त्रिपलिकाः कार्या व्योषैलामरिच(मलक)त्वचः ॥
निक्षिपेन्मधु शीते च तस्मिन् प्रस्थप्रमाणतः ।
एवं सिद्धो भवेच्छ्रीमान् बाहुशालगुडः शुभः(डाऽभिधः) ॥ जयेद् ...पीनसान् ॥

ऐरेलु, नागरमोथे, सुठो, अजयपाल, हर्रो, सेतो निशोध, कपुरहलेदो, वायुविडङ्ग, ओदानेकाँडो, चितूको बोक्रा र चाभा : यी सबै दुई दुई कर्ष (चालीस, चालीस ग्राम); ओल आठ पल (तीन सय बीस ग्राम); त्रिधारा चार पल (एक सय साठी ग्राम) र भलायो चार पल (एक सय साठी ग्राम) लिनू । यी सबै मिसाएर कुटी धुलो पारेर एक्काईसदेखि पच्चीस लिटर पानीमा पकाउनू । एक चौथाई पानी बाँकी नहुँदासम्म मन्द आँचमा पकाई रहनू । फेरी ओखतीको तेबर सक्खर हाली पुनः पकाउनू । राम्ररी पाकेपछि निम्न औषधीहरूको धुलो हाल्नू । चितुको बोक्रा, सेतो निशोध, अजयपाल र चाभाको धुलो यी चालीस चालीस ग्राम; सुठो, मरिच, पिप्ला, अलैंची, मरिच र दालचिनी साठी साठी ग्राम धुलो पारी त्यसमा मिसाउनू । यसपछि त्यो सेलाएपछि एक सय साठी ग्राम मह मिसाउनू । यसरी बाहुशालगुड नामक असल ओखती तयार हुन्छ । यो खानाले सबै प्रकारका पिनास नाश हुन्छ ।

कचूर आदिको प्रयोग

(क) योग रत्नाकर :

शटीतामलकीव्योषचूर्णं सर्पिर्गुडान्वितम् । हरेद्धोरं प्रतिश्यायं पार्श्वहृद्बस्तिशूलनुत् ॥

कचूर, भुइँअमला र त्रिकटु बराबर लिई धूलो बनाउनू । यसमा घिउ र सक्खर मिसाएर खुवाउनू । डरलाग्दो प्रतिश्याय, कोखाको शूल, मुटुको शूल र मूत्राशयको शूल नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

शठीतामलकीव्योषचूर्णं सर्पिर्गुडान्वितम् ।
हन्ति घोरं प्रतिश्यायं पार्श्वहृद्बस्तिशूलनुत् ॥७६॥

कचूर, भुइँअमला र त्रिकटु बराबर लिई धूलो बनाउनू । यसमा घिउ र सक्खर मिसाएर खुवाउनू । डरलाग्दो प्रतिश्याय, कोखाको शूल, मुटुको शूल र मूत्राशयको शूल नाश हुन्छ ।

काफल आदिको प्रयोग

(क) भावप्रकाश संहिता, योग रत्नाकर :

कट्फलं पौष्करं शृङ्गी व्योषं यासश्च कारवी । एषांचूर्णं कषायं वा दद्यादार्द्रकजैः रसैः ॥
पीनसे ... शस्यते ॥

काफल, पुष्करमूल, कर्कटशृङ्गी, सुठो, मरिच, पिप्ला, दुरालभा (यासा) र ज्वानु : यी ओखतीको धूलो वा काँढापानी अदुवाको रससँग खानाले पिनास शान्त हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

कट्फलं श्रृङ्गवेरं च पिप्पली मरिचानि च । शठी पुष्करमूलञ्च भार्ङ्गी मधु रसावरा ॥
अभया कृष्णलवणं श्रृङ्गीकर्कटकस्य च । एतच्चूर्णवरं प्रोक्तं क्वाथो वा मूत्रमूर्च्छितः ॥
पीनसे स्वरभेदे च तमके सहलीमके । सन्निपातेऽनिलकफे कासे श्वासे च शस्यते ॥

काफल, अदुवा, पिप्ला, कालो मरिच, कचूर, पुष्करमूल, चिन्डे, जेठीमधु, कुरिलो, हर्रो, कालो नुन र कर्कटश्रृङ्गीको धूलो काँढापानी पकाई वा गहुँतमा हालेर नस्य लिनाले पिनास, स्वर बसेको, तमक, हलीमक, सन्निपात, कडा वातविकार, कफविकार, खोकी र दम नाश हुन्छ ।

(ग) वैद्य रहस्य :

कट्फलं श्रृङ्गवेरं च पिप्पली मरिचानि च । सटी पुष्करमूलं च भार्ङ्गी मधु रसावरी ॥
अभया कृष्णलवणं श्रृङ्गीकर्कटकस्य च । एतच्चूर्णवरं प्रोक्तं क्वाथो वा मूत्रमूर्च्छितः ॥
पीनसे स्वरभेदे च तमके सहलीमके । सन्निपाते कफे वाते कासे श्वासे च शस्यते ॥

काफल, अदुवा, पिप्ला, कालो मरिच, कचूर, पुष्करमूल, चिन्डे, जेठीमधु, कुरिलो, हर्रो, कालो नुन र कर्कटश्रृङ्गीको धूलो काँढापानी पकाई वा गहुँतमा हालेर नस्य लिनाले **पिनास**, स्वर बसेको, तमक, हलीमक, सन्निपात, कडा कफविकार, खोकी र दम नाश हुन्छ ।

कुरिलो आदिको प्रयोग

(क) आयुर्वेद महोदधि :

शतावरीचूर्णप्रस्थं प्रस्थं गोक्षुरकस्य च । वाराह्या विंशति पलं गुडूच्याः पञ्चविंशतिः॥
भल्लातकानां द्वात्रिंशच्चित्रकस्य दशैव तु । तिलानां लुञ्चितानां च प्रस्थं दद्यात्सुचूर्णितम्॥
त्र्यूषणस्य पलान्यष्टौ शर्करायाश्च सप्ततिः । माक्षिकं शर्करार्द्धेन मधुनोर्द्धेन वै घृतम्॥
शतावरी समं देयं विदारीकन्दचूर्णकम् । एतानि श्लक्ष्णचूर्णानि स्निग्धभाण्डे निधापयेत्॥
पलार्द्धमुपभुञ्जीत यथेष्टं चाऽत्र भोजनम् । एष मासोप्रयोगेन ....पीनसान् । भिनत्त्यपि॥

कुरिलोको धुलो एक प्रस्थ (चौसठ्ठी तोला), गोखुरको धुलो एक प्रस्थ, वाराहीकन्दको धुलो बीस पल (असी तोला), गुर्जोको धुलो पच्चीस पल (सय तोला), भलायोको धुलो एक सय अठ्ठाईस तोला, चितूको धुलो चालीस तोला, केलाइएको तिलको धुलो चौसठ्ठी तोला, सुठो-मरिच र पिप्लाको धुलो बत्तीस तोला, मिश्री वा सक्खर दुई सय असी तोला, मह एक सय चालीस तोला, घिउ सत्तरी तोला, विदारीकन्दको धुलो चौसठ्ठी तोला : यी सबैलाई मसिनो धुलो बनाई चिल्लो भाँडामा राख्नू । यसलाई दुई तोला खानू र मनलागेका (हितकर) खानेकुरा खानू । एकमहिनासम्म यो खानाले पिनास ठिक गर्दछ ।

केशर आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

घृताक्तं कुङ्कुमं घृष्टं नस्यं पीनसजिद्भवेत् ।

केसरलाई पाएसम्म पुरानो गाईको घिउमा पिसेर केही तातो पारी नस्य दिनाले पिनासलाई जित्दछ ।

गहत आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

कुलित्थयवधान्याम्लयूषं तित्तिडिपत्रजम् । स्वेदोष्णञ्च हिमं भोज्यं पाचनाय प्रशस्यते ॥

गहत, जौ, काँजी र अमिली पात हालेर पकाइएको यूष तथा तातोले सेकेर पसिना निकाल्ने कार्य तथा शीतल भोजन प्रतिश्याय पकाउनका लागि प्रयोग गर्नू ।

गानेगुर्जो वा गुन्दरगानु आदिको प्रयोग

(क) चक्रदत्त : पाठादितैल

पाठाद्विरजनीमूर्वापिप्पलीजातिपल्लवैः । दन्त्या च तैलं संसिद्धं नस्यं सम्यक्तु पीनसे॥

गुन्दरगानु, चुत्रो, हलेदो, मरुइलहरो, पिप्ला, चमेलीका पात र अजयपालको जरा मिसाई लेदो बनाएर सर्सिउँको तेलमा विधिपूर्वक तैलपाक गर्नू । यसको नस्य पाकेको पिनासमा राम्रोसँग प्रयोग गर्नू ।

(ख) भैषज्य रत्नावली :

पाठाद्विरजनीमूर्वापिप्पलीजातिपल्लवैः । दन्त्या च तैलं संसिद्धं नस्यं सम्पक्वपीनसम्॥

गुन्दरगानु, चुत्रो, हलेदो, मरुइलहरो, पिप्ला, चमेलीका पात र अजयपालको जरा मिसाई लेदो बनाएर सर्सिउँको तेलमा विधिपूर्वक तैलपाक गर्नू । यसको नस्य पाकेको पिनासमा प्रयोग गर्नू ।

(ग) योग रत्नाकर : पाठादितैल

पाठाद्विरजनीमूर्वापिप्पलीजातिपल्लवैः । एभिश्च तैलं संसिद्धं नस्यतः पीनसापहम्॥

गुन्दरगानु, चुत्रो, हलेदो, मरुइलहरोको गानु, पिप्ला र चमेलीका पात मिसाई लेदो बनाएर सर्सिउँको तेलमा विधिपूर्वक तैलपाक गर्नू । यसको नस्य दिनाले पिनास शान्त हुन्छ ।

(घ) शार्ङ्गधर संहिता :

पाठा द्वे च निशे मूर्वा पिप्पली जातिपल्लवैः॥ दन्त्या च तैलं संसिद्धं नस्यं स्याद्दुष्टपीनसे ।

गानेगुर्जोको जरा, हलेदो, चुत्रो, मरुई लहरो, पिप्ला, चमेलीका मुना र अजयपाल बराबर मात्रामा बटुली धुलो बनाएर धुलोको चौबर तिलको तेल अनि तेलको चौबर पानी मिसाएर तेल मात्र बाँकी नहुँदासम्म पकाउनू । बेला भएपछि झिक्नू र छान्नू । यो तेलको नस हाल्नाले दुष्टपिनास पनि ठिक हुन्छ ।

घिउ आदिको प्रयोग

(क) अग्निपुराण :

नासारोगेषु च हितं घृतं दुर्वाप्रसाधितम् ।

नाकका रोगमा घिउमा दूबोको रस हालेर मिसाई (वा पकाई) प्रयोग गर्नु उपयुक्त हुन्छ ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद :

अथवा सघृतान्सक्तून् कृत्वा मल्लिकसम्पुटे । नवप्रतिश्यायवतां धूमं वैद्यः प्रयोजयेत् ॥

नयाँ प्रतिश्यायमा पहिले घिउ मिसिएको जौको सातु एक भाँडोमा भरी आगोमा बसाल्नू । त्यसलाई एउटा प्वाल भएको अर्को भाँडोले राम्ररी छोप्नू । त्यसबाट निस्कने धुवाँलाई चमेलीको पात बेरेर रोगीको नाकका प्वालबाट भित्र छिराउनू हितकर हुन्छ ।

(ग) योग रत्नाकर :

यदि तु सघृतमन्नं श्लक्ष्णगोधूमचूर्णैः कृतमुपहरतेऽसौ तत्कुतोऽस्यावकाशः ॥

घिउ मिसाएर गहुँको पीठोको पराठा वा हलुवा बनाई खुवाउनाले पिनास रोग बाँकी रहन सक्दैन ।

सर्पिषा भृष्टया धात्र्या शिरसो लेपतः क्षणात् ॥ नासायां सम्प्रवृत्तं च रुधिरं च विनश्यति ।

घिउमा अमला भुटेर पिसी मलमजस्तो बनाएर टाउकामा दल्नाले नाकबाट रगत बहने समस्या वा बगिरहेको रगत बन्द हुन्छ ।

घृततैलसमायुक्तं सक्तुधूमं पिबेन्नरः । स धूमः स्यात्प्रतिश्यायकासहिक्काहरः परः ॥

घिउ र तेल सातुमा मिसाई त्यसको धूमपान गराउनाले प्रतिश्याय, खोकी र बाडुलीरोग नाश हुन्छ ।

प्रतिश्याये पिबेद्धूमं सर्वं गव्यसमायुतम् ।

प्रतिश्यायमा धूमपान गर्नुछ भने सबै ओखतीमा गाईको घिउ मिसाएर धूमपान गर्नू ।

(घ) रसरत्न समुच्चय :

घृताक्तं कुङ्कुमं घृष्टं नस्यं पीनसजिद्भवेत् ।

गाईको घिउमा केसरलाई पिसी हल्का तताएर नस्य दिनाले पिनास रोग नाश हुन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद :

घृततैलसमायुक्तं शक्तुधूमं पिबेन्नरः । प्रतिश्यायहरं प्रोक्तं कासहिक्कानिवारणम् ॥

मानिसले घिउ र तेलमा सातु मिसाई त्यसको धूमपान गर्नू । प्रतिश्याय, खोकी र बाडुलीरोग नाश हुन्छ ।

चितू आदिको प्रयोग

(क) चक्रदत्त : चित्रकहरीतकी

चित्रकस्यामलक्याश्च गुडूच्या दशमूलजम् । शतं शतं रसं दत्त्वा पथ्याचूर्णाढकं गुडात्॥
शतं पचेत् घनीभूते पलं द्वाशदकं क्षिपेत् । व्योषत्रिजातयोः क्षारात्पलार्धमपरेऽहनि॥
प्रस्थार्द्धं मधुनो दत्त्वा यथाग्न्यद्यादतन्द्रितः । वृद्धयेऽग्नेः क्षयं कासं पीनसं दुस्तरं क्रिमीन्॥
गुल्मोदावर्तदुर्नामश्वासान्हन्ति रसायनम्॥

चितूको जरा, अमला, गुर्जो र दशमूल : ५, ५ सेर हालेर काँढापानी पकाई हर्रोको धूलो ३ सेर १६ तोला र सक्खर ५ सेर हाल्नू र पकाउनू । बाक्लो भएपछि त्रिकटु, त्रिफला हरेक ८, ८ तोला र जवाखार २ तोला हाल्नू । अर्को दिन ३२ तोला मह मिसाएर पाचनशक्ति अनुसार खाने गर्नू । यो रसायनले अग्नि बढ्दछ तथा क्षयरोग, खोकी, कडा पिनास, कीरा, गुल्म, उदावर्त, हर्सा र दमरोग नाश गर्दछ ।

(ख) भैषज्य रत्नावली :

चित्रकस्यामलक्याश्च गुडूच्या दशमूलजम् । शतं शतं रसं दत्त्वा पथ्याचूर्णाढकं गुडात्॥
शतं पचेद् घनीभूते पलद्वादशकं क्षिपेत् । व्योषत्रिजातयोः क्षारात्पदाद्धएमपरेऽहनि॥
प्रस्थार्द्धं मधुनो दत्त्वा यथाग्न्यद्यादतन्द्रितः । ... पीनसं ...हन्ति ... ॥

रातो चितूको जराको रस, अमलाको रस, गुर्जोको रस र दशमूलको काँढापानी : यी सबै बेग्लाबेग्लै सय सय पल लिई मिसाउनू । अनि यसमा हर्रोको धूलो एक आढक, तथा सक्खर सय पल हाली विधिपूर्वक पकाउनू । पाक्दै जाँदा बाक्लो हुन थालेपछि सुठो, मरिच, पिप्ला, दालचिनी, अलैंची र तेजपात सबै गरी १२ पल धूलो तथा दुई तोला जवाखार हाली राम्ररी चलाउनू । त्यसपछि झिकेर राख्नू र अर्को दिन एक प्रस्थ उत्तम मह मिसाएर स्वच्छ भाँडामा राख्नू । यो ओखती आफ्नो पाचनशक्ति हेरी उचित मात्रामा खाने गर्नाले जठराग्नि अति नै बल्दछ । यो “चित्रकहरीतकी” नामक ओखतीले पिनास नाश गर्दछ ।

चुत्रो आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

दार्वीङ्गुदीनिकुम्भैश्च किणिह्या सुरसेन च । वर्त्तयोऽत्र कृता योज्या धूमपाने यथाविधि ॥

प्रतिश्यायमा चुत्रो, इङ्गुदी, अजयपालका बीज, दतिवन र सिह्मालु जम्मा पारी पिसेर सुप्लोमा दली बालेर धूमपान गर्नू ।

(ख) योग रत्नाकर :

दार्वीङ्गुदनिकुम्भैश्च किणिह्या सरलेन च ॥ वर्तयोऽत्र कृता योज्या धूमपाने यथाविधि ।

प्रतिश्यायमा चुत्रो, इङ्गुदी, अजयपालका बीज, दतिवन र सल्लोको खोटो जम्मा पारी पिसेर सुप्लोमा दली बालेर धूमपान गर्नू ।

चौलानी आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

तद्वत्तण्डुलतोयेन ह्याकुलीमूलमञ्जयेत् । कामलां हन्ति नो चित्रं नासारोगयुतोद्भवाम्॥

यसरी नै चौलानी पानीमा नकुलकन्दको जरा पिसेर आँखामा लगाउनाले यस्ता नाकका रोग र यसले हुने कमलपित्त अवश्य नाश हुन्छ ।

जाइफल आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

जातीफललवङ्गैलापत्रत्वङ्नागकेशरैः । कर्पूरचन्दनतिलत्वक्क्षीरीतगरामलैः ॥
तालीसपिप्पलीपथ्यास्थूलजीरकचित्रकैः । शुण्ठीविडङ्गमरिचैः समभागविचूर्णितैः ॥
यावन्त्येतानि सर्वाणि कुर्याद्भङ्गाश्च तावतीम् । सर्वचूर्णसमा देया शर्करा च भिषग्वरैः ॥
कर्षमात्रन्ततः खादेन् मधुना प्लावितं सुधीः । अस्य प्रभावाद् प्रतिश्यायाः प्रशमं यान्ति वेगतः ।

जाइफल, ल्वाङ, अलैंची, तेजपात, दालचिनी, नागकेसर, कपूर, रक्तचन्दन, तिल, वंशलोचन, तगर, अमला, लोठसल्लो, पिप्ला, हर्रो, कालोजीरा, चितूको बोक्रा, सुठो, वायुविडङ्ग र कालो मरिच बराबर मात्रामा मिसाई यसमा यति नै शुद्ध भाङ मिलाउनू । फेरी धुलो बनाई धुलो बराबर मिस्री मिसाउनू । यो धुलो दिनहुँ बीस ग्राम महसँग खानाले प्रतिश्याय चाँडै ठिक गर्दछ ।

जीरा आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

पूयास्रमतिदुर्गन्धि नासायामतितापनुत् । कृतं नस्येन हन्यात्तच्छ्वेतजीरं सितायुतम् ॥

नाकबाट पीप र रगत बग्ने रोग भएमा, अती गनाउने भएमा र अति दुख्ने भएमा सेतो जीरा पानीमा पिसेर कपडामा छानी त्यसमा जीराकै काँढापानीमा मिश्री हाली नस्य दिनू । अथवा त्यो रसको दुई चार थोपा नाकमा हाल्नू । यी उपचारले उल्लेखित सबै विकार नाश हुन्छन् ।

(ख) वैद्य रहस्य :

अजाजीघृतखण्डाभ्यां नस्यात्स्रावं नियच्छति ।

नाकबाट पानी चुहिरहने खालको समस्या हुनेले जीरा, गाईको घिउ र सखर मिसाएर नस लिने गर्नू ।

तालमखाना आदिको प्रयोग

(क) हारीत संहिता : क्षारामृत

क्षारं मुष्ककर्किशुकार्जुनधवापामार्गरम्भातिला
जीवन्तीकनकाह्वयश्च रजनी कूष्माण्डवल्ली तथा ।
वासासूरणमेव तीव्रदहनं प्रज्वाल्य भस्मीकृतं
तोयेन प्रतिसेव्य निभृतपयःपानं विधेयं यकृत्॥
तथाशूलानाहविबन्धकफजान्रोगाञ्चयेत्कामलान्
विद्रधीन् हृदिशूलपाण्डुग्रहणीशोफार्शसां पीनसान् ।
मन्दाग्नीनामजीर्णकृम्यलसगुदभ्रंशमोहांस्तथा
क्षतजवृद्धिस्तेन सदाहशूलकास्युद्गारता वमिः॥

तालमखाना, लोधविशेष, पलाँश, काउलो, धयैंरो, दतिवन, केरा, तिल, ऐंफेरु (जीवन्ती), धतुरो, हलेदो, कुभिण्डो, असुरो र ओल : यी ओखती डढाएर खरानी बनाई पानीमा हालेर क्षार बनाउनू । यो क्षार खाने गर्नाले यकृत् गुल्मरोग, शूल, आनाह, कब्जियत, कफविकार, कमलपित्त, विद्रधि, मुटुको शूल, पाण्डु, ग्रहणी, सुजन, हर्सा, **पिनास**, मन्दाग्नि, अजीर्ण, कीरा, अलसक, गुदभ्रंश, मोह, घाउजन्य रोग, वृद्धिरोग, डाह, शूल, खोकी, डकार र वाकवाकी, नाश गर्दछ ।

तुलसी आदिको प्रयोग

(क) शाबरमन्त्र सागर :

रुघा लागी नाकबाट धेरै पानी बगिरहन्छ भने तुलसीका सुकेका पात अति मसिनो हुनेगरी माडेर धूलो बनाई त्यो धूलो नाकले बेस्सरी सुँघ्नू ।

तेजपात आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

प्रतिश्याये पिबेद्धूमं सर्वगन्धसमायुतम् । चातुर्जातकचूर्णं वा घ्रेयं वा कृष्णजीरकम्॥

तेजपात, अलैंची, दालचिनी आदि सुगन्धित पदार्थको धुवाँ पिउनु अथवा तेजपात, अलैंची, दालचिनी र नागकेसरको धूलो सुँघ्नु अथवा कालो जीराको धूलो सुँघ्नु प्रतिश्याय नाश हुन्छ ।

(ख) योग रत्नाकर :

चातुर्जातकचूर्णं वा घ्रेयं वा कृष्णजीरकम्॥

तेजपात, अलैंची, दालचिनी र नागकेसरको धूलो सुँघ्नु अथवा कालो जीराको धूलो सुँघ्नु प्रतिश्याय नाश हुन्छ ।

दतिवन आदिको प्रयोग

(क) धन्वन्तरि निघण्टु :

अपामार्गस्तेजवती तथा ज्योतिष्मतीफलम् । योज्यं नस्यं कृमिव्याधौ शिरोरोगे च पीनसे ॥

पेटमा कीरा पर्दा, टाउकाका रोगमा र पिनासमा दतिवन (अपामार्ग), चाभोविशेष (तेजवती) र मालकागुनु (ज्योतिष्मती) को फलको धुलोलाई नाकमा नस हाल्नका लागि प्रयोग गर्नू ।

दशमूल आदिको प्रयोग

(क) हारीत संहिता :

द्विपञ्चमूलकः क्वाथः कणाचूर्णेन भावितः । देयो वातकफे शूले ज्वरे श्वासे च पीनसे ॥

दशमूलको काँढामा पिप्लाको धुलो भिजाएर पिउनाले शूल सहितको वात-कफज्वर, दम र **पिनास**मा हितकर हुन्छ ।

दहीको प्रयोग

(क) आयुर्वेद महोदधि :

...पीनसे...गव्यं प्रशस्तं दधि सर्वदैव॥ ... पीनसे ... शस्यते दधि सर्वदा॥

पिनास हुँदा गाईको दही लाभदायक हुन्छ । पिनासमा दही सधैं उपयोगी हुन्छ ।

(ख) हारीत संहिता :

... पीनसे । प्रतिश्याये...भोजने न हितं दधि॥

पिनास र प्रतिश्याय भएका रोगीले भोजनमा दही खानु फाइदाजनक हुँदैन ।

बहूदकं ...पीनसे ... न शस्तमिह कथ्यते॥

धेरै पानी हालिएको तक्र (मोही) पिनास भएका मानिसलाई लाभदायक हुँदैन ।

दारिम आदिको प्रयोग

(क) रसरत्नाकर : दाडिमाद्यचूर्ण

द्वे पले दाडिमादष्टैखण्डाद्व्योषपलद्वयम् । त्रिसुगन्धिक पलञ्चैकं चूर्णमेकत्र कारयेत्॥
दीपनं रुचिरं स्वर्य्यं पीनसज्वरकासनुत्॥

अनारका बोक्रा २ पल, सक्खर ८ पल, व्योष (सुठो, पिप्ला र मरिच) २, २ पल तथा १, १ पल त्रिसुगन्धिक (सुकुमेल, तेजपात र दालचिनी) मिसाई पिसेर धूलो बनाउनू । यो धूलो पाचक-अग्नि बाल्ने, रुचिप्रद, स्वर शुद्ध पार्ने तथा **<u>पिनास</u>**, जरो, र खोकी नाश गर्ने गुणको हुन्छ ।

(ख) शार्ङ्गधर संहिता :

दाडिमस्य पलान्यष्टौ शर्करायाः पलाष्टकम् । पिप्पली पिप्पलीमूलं यवा(मा)नी मरिचन्तथा ॥
धान्यकञ्जीरकं शुण्ठी प्रत्येकं पलसम्मितम् । कर्षमात्रा तुगाक्षीरी त्वक्पत्रैलाश्च केशरम्॥
प्रत्येकं कोलमात्राः स्युस्तच्चूर्णं दाडिमाष्टकम् । ... पीनसं ... चूर्णमेतद्व्यपोहति ।

दाडिमका दाना तीन सय बीस ग्राम; मिस्री तीन सय बीस ग्राम; पिप्ला, पिप्लाको जरा, ज्वानु, कालो मरिच, धनियाँ, जीरा र सुठो हरेक चालीस चालीस ग्राम; वंशलोचन बीस ग्राम; दालचिनी, अलैंची र नागकेशर छ छ ग्राम लिई मिसाएर धुलो बनाउनू । यसलाई वृहद्दाडिमाष्टक भनिन्छ । यो खानाले पिनास ठिक हुन्छ ।

दूध आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : क्षीरघृत

क्षीरमर्द्धजलं क्वाथ्यं जाङ्गलैर्मृगपक्षिभिः । पुष्पैर्विमिश्रं जलजैर्वातघ्नैरौषधैरपि ॥
हिमे क्षीरावशिष्टेऽस्मिन् घृतमुत्पाद्य यत्नतः । सर्वगन्धासितानन्ता मधुकं चन्दनं तथा ॥
अवाप्य विपचेद्भूयोदशक्षीरञ्च तद्घृतम् । नस्यप्रयुक्तमुद्रिक्तान्प्रतिश्यायान्व्यपोहति ॥

एक भाग दूध, दूधको आधा पानी, जाङ्गल पशुपंक्षाकिो मासु, कमल आदिका फूल, र वातनाशक ओखती मिसाएर पकाउनू । जब पानी सुकेर दूधमात्र बाँकी हुन्छ तब राम्रो घिउ, सबै खालका सुगन्धि ओखती, मिश्री, अनन्तमूल, जेठीमधु र रक्तचन्दनको धूलो हाली विधिपूर्वक घिउ पकाउनू । यो घिउ नस्य आदि उपचारमा प्रयोग गर्नू । प्रतिश्याय नाश हुन्छ ।

(ख) सुश्रुत संहिता :

क्षीरमर्धजले क्वाथ्यं जङ्गलैर्मृगपक्षिभिः ॥
पुष्पैर्विमिश्रं जलजैर्वातघ्नैरौषधैरपि । हिमे क्षीरावशिष्टेऽस्मिन् घृतमुत्पाद्य यत्नतः ॥
सर्वगन्धसितानन्तामधुकं चन्दनं तथा । आवाप्य विपचेद्भूयो दशक्षीरं तु तद्घृतम् ॥
नस्ये प्रयुक्तमुद्रिक्तान् प्रतिश्यायान् व्यपोहति । यथास्वं दोषशमनैस्तैलं कुर्याच्च यत्नतः ॥

दूधमा आधा पानी मिसाएर, जाङ्गल पशुपंक्षीमो मासु, कमल आदि पानीमा हुने फूलले, विरालेलहरोको कन्द आदि वातविकार नाशगर्ने पदार्थ मिसाएर हाली दूध पकाउनु पर्दछ । जब पानी सुकेर दूध मात्र बाँकी हुन्छ तब निकाली छानेर मथी घिउ निकाल्नू । यो घिउमा दश गुना दूध, एलादिगणका सुगन्धित पदार्थ, मिश्री, अनन्तमूल, जेठीमधु, र चन्दनको धूलो मिसाउनू । यो घिउको नस लिनाले बढेको प्रतिश्याय नाश हुन्छ । दोष हेरी वात, पित्त र कफ नाशक ओखतीहरू हालेर पकाइएको तेल प्रयोग गर्नू ।

नागरमोथे आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : मुस्तकादितैल

मुस्ता तेजोवती पाठा कट्फलं कटुकावचा । सर्षपापिप्पलीमूलं पिप्पलीसैन्धाग्निकौ ॥
तुत्थं करञ्जबीजञ्च लवणं भद्रदारु च । एतैः कृतं कषायञ्च कवले तच्च धारयेत् ॥
हितं शिरोकिरे च तैलमेभिवपाचयेत् ॥

नागरमोथे, टिमुर, गुन्दरगानु, काफल, कटुकी वा पिरें, बोझो, सर्सिउँ, पिप्लाको जरा, पिप्ला, सिँधेनुन, चितु, निलोतुथो, करञ्जका बीज, नुन र देवदार हाली काँढापानी पकाएर मुल्ला गर्नाले वा यो काँढापानी र यिनै ओखतीको धूलो हाली तेल पकाएर टाउकाका रोगमा प्रयोग गर्नू ।

नीम आदिको प्रयोग

(क) अग्निपुराण :

निम्बं पटोलं व्याघ्री च गुडुची वासकं तथा ॥ कुर्य्याद्दशपलान् भागान् एकैकस्य सकुट्टितान् । जलद्रोणे विपक्तव्यं यावत्पादावशेषितम्॥ घृतप्रस्थं पचेत्तेन त्रिफलागर्भसंयुतम् । पञ्चतिक्तमिति ख्यातं सर्पिः ...॥ ...पीनस...॥ हन्त्यन्यान् योगराजोऽयं यथार्कस्तिमिरं खलु ।

नीमको बोक्रा, परबरको पात, ठूलो जातको कण्टकारी (वा बिहीँ), गुर्जो र असुरो दश दश पल (एक पलमा करिब ४८ ग्राम हुन्छ) जम्मा पारी बेग्लाबेग्लै राम्ररी कुट्नू । अनि एक द्रोण (करिब १२.२२८ लिटर) पानीमा हाली एक चौथाई पानी बाँकी नहुँदासम्म मन्द आँचमा उमाल्नू । पानी सुकेर एक चौथाई बाँकी भएपछि झिक्नू । यसमा एक प्रस्थ (करिब ७६८ ग्राम) घिउ र एक गर्भ (बीस तोला) त्रिफला घोलेर हाली पुन मन्द आँचमा पकाउनू । पानी सुकेर घिउ मात्र बाँकी भएपछि झिक्नू । त्यसपछि छानेर एउटा सफा भाँडामा भण्डारण गर्नू । "पञ्चतिक्तघृत" तयार हुन्छ । यो घिउको नस लिने गर्नाले पिनासलाई सूर्यले अन्धकारलाई नाश गरेजसरी नै नाश गर्दछ । (थोरै बनाउँदा यही नापको समानुपातिक हुने किसिमले घटाउँदै ओखती मिसाउनू) ।

नौसादर आदिको प्रयोग

(क) योग रत्नाकर :

समानं कलिकाचूर्णं सूक्ष्मं सञ्चूर्णितं द्वयम् । गुञ्जामात्रं तु तच्चूर्णं नस्यं प्रधमनं चरेत्॥
नश्यन्त्यनेन नस्येन प्रतिश्यायशिरोरुजः । प्रतिश्यायेषु सशिरःपीडेषु नवसागरम्॥

नौसादर र चून बराबर मिसाई मसिनो धूलो बनाएर एक रत्ती प्रधमन नस्य दिनू । यसले प्रतिश्याय र टाउकाका रोग नाश गर्दछ ।

पञ्चमूल आदिको प्रयोग

(क) गरुड महापुराण, चक्रदत्त, भैषज्य रत्नावली :

पञ्चमूलीश्रृतं क्षीरं स्याच्चित्रकहरीतकी । सर्पिर्गुडः षडङ्गश्च यूषः पीनसशान्तये ॥

पिनासको रोगमा पञ्चमूल हालेर पकाइएको दूध, चितू, हर्रो, घिउ, सक्खर र षडङ्ग सुप (आयुर्वेदीक ओखतीविशेष) मध्ये कुनै एक पिउन दिनू ।

(ख) योग रत्नाकर : पञ्चमूल्यादियूष

पञ्चमूलीयुतं क्षीरं किंवा स्याच्चित्रकाभया ।
सर्पिर्गुडो विडङ्गश्च यूषः पीनसशान्तये ॥३९॥

पिनासको रोगमा पञ्चमूल हालेर पकाइएको दूध अथवा चितू र हर्रो हालेर पकाइएको काँढापानी अथवा घिउ, सक्खर वायुविडङ्ग यूषमा हालेर पिउन दिनू ।

(ग) वङ्गसेन आयुर्वेद :

पञ्चमूलीश्रृतं क्षीरं चित्रकञ्च हरीतकी । सर्पिर्गुडं षडङ्गश्च यूषः पीनसशान्तये ॥१६॥

पिनासको रोगमा पञ्चमूल हालेर पकाइएको दूध, चितू, हर्रो, घिउ, सक्खर र षडङ्ग सुप (आयुर्वेदीक ओखतीविशेषण मध्ये कुनै एक पिउन दिनू ।

(घ) शार्ङ्गधर संहिता :

.. सपीनसात् ॥ मुच्यते ... पीत्वा पञ्चमूलीशृतं पयः ।

लघुपञ्चमूल (वनगहते, सतिबयर, बिही, कण्टकारी र ओदानेकाँडो) का जरालाई कुटेर आठ गुना दूध र दूधको चार गुना पानी हालेर उमाल्नू । दूध मात्र बाँकी भएपछि झिकेर छान्नू । यो दुग्धरसले पिनास नाश गर्दछ ।

(ङ) हारीत संहिता :

लघुपञ्चमूलीक्वथितः कषायश्छिन्नोद्भवायाः सह पिप्पलीभिः ।
जीर्णज्वरे श्वासकफामयघ्नो मन्दाग्निशूलारुचिपीनसानाम् ॥

लघु पञ्चमूलको काँढा अथवा गुर्जोको काँढामा पिप्लाको धूलो मिसाएर पिउनाले थाङ्नेजरो, दम, कफविकार, कमजोर पाचनशक्ति, अरुची र पिनास नाश हुन्छ ।

पानीको प्रयोग

(क) आयुर्वेद महोदधि :

...पीनसे निगदितं तुर्यांशमुष्णं जलम्॥

उमालेर चार भागको एक भाग बाँकी रहेको पानी पिउने गर्नु पिनासमा अति नै लाभदायक हुन्छ ।

(ख) गरुड महापुराण :

रक्तपित्तं हरेत्पीतो वासकस्य रसो मधु । प्रातः काले तोयपानात्पीनसं दारुणं हरेत्॥

असुरोको रसमा मह मिसाएर खानाले रक्तपित्त तथा बिहान बिहान (खालिपेटमा) पानी पिउने गर्नाले पुरानो पिनास नाश हुन्छ ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

यः पिबति शयनकाले शयनारूढः सुशीतलं भूरि । सलिलं पीनसयुक्तः समुच्यते तेन रोगेण॥

जो मानिस सुत्नेबेलामा ओछ्यानमा बसेर चिसोपानी प्रशस्त पिउने गर्दछ, उ पीनास रोगबाट मुक्त हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

पिनास भएको बेलामा चिसो पानी नपिउनू । थोरै पानी पिउनू ।

(ङ) मदनपाल निघण्टु :

पिनास हुँदा चिसो पानी नपिउनू । पिनास भएका बेलामा थोरैथोरै पानी पिउनू । जो मानिस हरेक दिन बिहान अरुणोदय हुँदा आठ प्रसृति (एक प्रसृतिमा ९६ मि.लि.हुन्छ, ७६८ मि.लि.) पानी पिउने गर्दछ त्यो मानिसलाई पिनास हुँदैन ।

(च) रसरत्नाकर :

यः पिबति शयनकाले शयनारूढः सुशीतलं भूरि ।
सलिलं पीनसयुक्तः सोऽपि मुच्यतेऽत्र योगेन॥

जो मानिस सुत्नेबेलामा ओछ्यानमा बसेर चिसोपानी प्रशस्त पिउने गर्दछ, उ पीनास रोगबाट मुक्त हुन्छ ।

(छ) राजनिघण्टु :

शरद् ऋतुको नदीको पानीमा पिनास नाशगर्ने गुण हुन्छ । पिनासमा चिसो पानी नपिउनू ।

(ज) वैद्य रहस्य :

यः पिबति शयनकाले कोष्णमर्द्धश्रृतं पुरुषः । सलिलं पस्नसयुक्तः समुच्यते तेन रोगेण ॥

जो मानिस रातमा सुत्नेबेलामा उमालेर मनतातो हुनेगरी सेलाएको पानी पिउने गर्दछ उ पिनास रोगबाट मुक्त हुन्छ ।

शय्यारूढो जलं शीतं निद्राकाले पिबेत्तुयः । तस्य पीनसजं दुःखं शमं याति दिनत्रयात् ॥

सुत्ने बेलामा ओछ्यानमा बसेपछि जसले चिसो पानी पिउने गर्दछ उसको पिनासजन्य पीडा तीन दिनमा शान्त हुन्छ ।

पिप्ला आदिको प्रयोग

(क) गरुड महापुराण :

पिप्पलीत्रिफलाचूर्णं मधुना लेह्येन्नरः । नश्यते पीनसः कासः श्वासश्च बलवत्तरः ॥

मानिसले पिप्ला र त्रिफलाको धूलो महमा मिसाएर चाट्ने गर्नू । यसो गर्नाले कडाखालको पिनास, खोकी र दम नाश हुन्छ ।

पिप्पलीत्रिफलाचूर्णं मधुसैन्धवसंयुतम् । सर्वरोगज्वरश्वासशोषपीनसहृद्भवेत् ॥

पिप्ला र त्रिफलाको धूलो मह र सिँधेनुन मिसाएर खाने गर्नाले सबै रोग, जरो, दम, सुकेनास पिनास नाश गर्दछ ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर :

पिप्पल्यः शिग्रुबीजानि विडङ्गं मरिचानि च । अवपीडः प्रशस्तोऽयं प्रतिश्यायनिवारणः ॥

पिप्ला, सजिवनका बीज, वायुविडङ्ग र कालो मरिच : यी ओखतीको धूलो बाराबर लिएर त्यसको नस हाल्नाले प्रतिश्याय नाश हुन्छ ।

(ग) भावप्रकाश संहिता :

पिप्पल्यः शिग्रुबीजानि विडङ्गमरिचानि च । अवपीडः प्रशस्तोऽयं प्रतिश्यायनिवारणे ॥

पिप्ला, सजिवनका बीज, वायुविडङ्ग र मरिच मिसाई निचोरेर नस्य दिनाले प्रतिश्याय नाश हुन्छ ।

(घ) शार्ङ्गधर संहिता :

पिप्पली मरिचं शुण्ठी त्रिभिस्त्र्यूषणमुच्यते । ...पीनसनाशनम् ॥

पिप्ला, कालो मरिच र सुठोको सम्मिश्रणलाई त्र्युषण भनिन्छ । यो धुलोले पिनास नाश गर्दछ ।

बर्रो आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

बिभीतकफलं किञ्चिद् घृतेनाभ्यज्य लेपयेत् । गोधूमपिष्टेनाङ्गारैर्विपच्चेत्पुटपाकवत्॥
ततः पक्वं समुद्धृत्य त्वचन्तस्य मुखे क्षिपेत् । ...प्रतिश्यायः..जयेत्ततः ॥

बर्रोका गेडालाई हल्का घिउ दलेर त्यसमाथि गहुँको पिठोको लेप दली पुटपाक बनाउनू । त्यसपछि यसलाई निकालेर टुक्रा पारी मुखमा लिएर रस चुस्ने गरे पिनास ठिक गर्दछ ।

बिहीँ आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

निदिग्धिकाऽमृताशुण्ठीकषायं पाययेद्भिषक् । पिप्पलीचूर्णसंयुक्तं ...पीनस..च्छिदम् ।

बिही, गुर्जो र सुठोको काँढामा पिप्लाको धुलो मिसाएर पिउने गर्नाले पिनास नाश गर्दछ ।

(ख) हारीत संहिता :

निदिग्धिकानागरिकामृतानां क्वाथं पिबेन्मिश्रितपिप्पलीकम् ।
जीर्णज्वरारोचनकासशूलश्वासाग्निमान्द्यार्दितपीनसेषु ॥

कण्टकारी, सुठो र गुर्जोको काँढामा पिप्लाको धूलो मिसाएर पिउनाले जीर्णज्वर (थाङ्नेजरो), अरुची, खोकी, शूल, दम, कमजोर पाचनशक्ति, अर्दित (पक्षाघात) र **पिनास** नाश हुन्छ ।

बेतलौरी आदिको प्रयोग

(क) योग रत्नाकर : षड्बिन्दुघृत

भृङ्गं लवङ्गं मधुकं च कुष्ठं सनागरं गोघृतमिश्रितं च ।
षड्बिन्दु नासास्थिगतं च पीनसं शिरोगतं रोगशतं च हन्ति ॥

बेतलौरी (वा भृङ्गिराज), ल्वाङ, जेठीमधु, कूट र सुठो पिसी हालेर विधिपूर्वक गाईको घिउ पकाउनू । यो षड्बिन्दु घिउ नाक भित्र हालेर सुँघ्नाले टाउकामा हुने पिनास आदि सैयौं थरी रोग नाश गर्दछ ।

बेसार आदिको प्रयोग

(क) भावप्रकाश निघण्टुको टीका :

पिनासका रोगीलाई हलेदो वा बेसार दूधमा उमालेर सक्खर मिसाएर खुवाउनू । भर्खर पिनास लागेका व्यक्तिलाई यसको धूलो बालेर धूप सुँघाउनू र एकाध घण्टासम्म पानी पिउन नदिनू ।

बोझो आदिको प्रयोग

(क) योग रत्नाकर :

सवचाचूर्णमाघ्राय वाससा पोटलीकृतम् । कारवी वस्त्रबद्धा वा प्रतिश्यायमपोहति ॥

बोझोको धूलो कपडामा पोकोपारी सुँघ्ने गर्नाले अथवा कालो जीराको धूलो कपडामा पोको पारी सुँघ्ने गर्नाले प्रतिश्याय नाश हुन्छ ।

(ख) हारीत संहिता :

वचा यवानी त्रिफला सविश्वा क्वाथो निशायां कफजे ज्वरे वा ।
सपाचनं स्यान्मनुजस्य दोषे शूले प्रतिश्यायकपीनसेषु ॥

बोझो, ज्वानु, त्रिफला र सुठो मिसाई काँडा बनाएर कफजन्य जरोमा रातमा खाने गर्नू । शूल, जरो र पिनास भए पनि यही काँडा खानू ।

भाङ आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

पुटपक्वं जयापत्रं सिन्धुतैलसमायुतम् । प्रतिश्यायेषु सर्वेषु शीलितं परमौषधम् ॥

भाङका पातलाई पुटपाक विधिले पकाएर रस निचोर्नू, त्यसमा सिँधेनुन र सर्सिउँको तेल मिसाएर सबै किसिमका प्रतिश्यायका रोगीलाई पिउन दिनू ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

पुटपक्वं जयापत्रं तैलसैन्धवसंयुतम् । प्रतिश्यायेषु सर्वेषु शीलितं परमौषधम् ॥
(जया विजया भङ्ग इतियावत् । शीलितं भुक्तम्) ।

भाङका पातलाई पुटपाक विधिले पकाएर तेल र सिँधेनुनसँग खाने गर्नाले सबै प्रकारका प्रतिश्याय अवश्य नै नाश हुन्छन् ।

(ग) वङ्गसेन आयुर्वेद :

पुटपाकं जयापत्रं सिन्धुतैलसमन्वितम् । प्रतिश्यायेषु सर्वेषु शीलितं परमौषधम् ॥

भाङका पातलाई पुटपाक विधिले पकाएर रस निचोर्नू, त्यसमा सिँधेनुन र सर्सिउँको तेल मिसाएर सबै किसिमका प्रतिश्यायका रोगीलाई पिउन दिनू ।

मदिराको प्रयोग

(ख) अर्कप्रकाश :

...वारुणी लघ्वी पीनस...नुत्। भाङ्गर्या हरेत्...पीनसः....॥

वारुणी नामक मदिरामा पिनास नाश गर्ने गुण हुन्छ। चिन्डेको अर्कले पिनास नाश गर्दछ।

पुनर्नवाशिलापिष्टैर्विहिता वारुणी च सा। संहितैस्ताल हर्जूररसैर्या सा च वारुणी॥
सुरावद्वारुणी ... पीनस...नुत्।

पुनर्नवालाई पत्थरमा पिँधेर बनाइने तथा ताडी वा कैथको मदिरालाई पनि "वारुणी" भनिन्छ। वारुणी पनि सुरा सरह नै पिनास नाशक हुन्छ।

कट्फलं पौष्करं शृङ्गी व्योषं यासश्च कारबी॥
एतदर्कः शृङ्गवेर रसयुक्तो गदान् हरेत्। पीनसं ... विनाशयेत्।

काफल, अँडिरको मूल जरो (वा पुष्करमूल), गुनाभा (वा कर्कटश्रृङ्गी), त्रिकटु अर्थात् पिप्ला मरिच र सुठो, सिस्नु (वा दुरालभा) र कालो जीरा मिसाएर अर्क निकाली अदुवाको रससँग पिउनाले पिनास निको हुन्छ।

मर्दयेत्कट्फलार्कन्तु श्लेष्मनाशाय मस्तके।

काफलको फलको वा रूखका बोक्राको अर्क टाउकामा दल्ने गरिए टाउकामा जमेको कफ नाश हुन्छ।

मरिच आदिको प्रयोग

(क) काश्यप संहिता :

मरिचानि मुखे नित्यं धारयेदापरिक्षयम् ।

प्रतिश्याय रोग निको नहुँदासम्म हरदम मुखमा मरिच राखेर चुस्ने (चपाउने होइन) गर्नु पर्दछ ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली :

सोषणं गुढसंयुक्तं स्निग्धदध्यम्लभोजनम् । नवप्रतिश्यायहरं विशेषत्कफपाचनम् ॥

कालो मरिचको धूलो, सक्खर, चिल्ला पदार्थ, दही, अमिला पदार्थ भोजन गर्नाले ताजा प्रतिश्याय नाश हुन्छ र विशेषगरी कफ पाक्दछ ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

सर्वेषु सर्वकालं पीनसरोगेषु जातमात्रेषु । मरिचं गुडेन दध्ना भुञ्जीत नरः सुखं लभते ॥

सबै खालका पिनास रोग लाग्नासाथ तुरुन्त मरिचको धूलो सक्खर र दहीसँग मिसाएर खाने गर्नाले मानिसलाई सुख प्राप्त हुन्छ ।

मास आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

भक्षयति भुक्तमात्रे सलवणसुस्विन्नमाषमत्युष्णम् ।
स जयति सर्वसमुत्थं चिरजातं च प्रतिश्यायम् ॥

खाना खाएपछि लगत्तै सिँधेनुन हालेर उसिनेको मास तातो हुँदै खानू । यसले धेरै पुरानो सबै खालको प्रतिश्याय नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

भक्षयति भुक्तमात्रे सलवणं सुस्विन्नमाषमत्युष्णम् ।
शमयति सर्वसमुत्थं चिरजातं च प्रतिश्यायम् ॥

खाना खाएपछि लगत्तै सिँधेनुन हालेर उसिनेको मास तातो हुँदै खानू । यसले धेरै पुरानो सबै खालको प्रतिश्याय शान्त हुन्छ ।

रसाञ्जन आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद : रसाञ्जनतैल

रसाञ्जने सातिविषे मुस्तायां देवदारुणि । तैलं विपक्वं नस्यार्थे विदध्याच्चात्र बुद्धिमान्॥

रसाञ्जन, अतीस, नागरमोथे र देवदारको धूलो हालेर विधिपूर्वक पकाइएको तेलको नस्य दिनाले प्रतिश्याय नाश हुन्छ ।

लाहा आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

लाक्षाकरञ्जमरिचवेल्लहिङ्गुकणागुडैः ॥ अविमूत्रद्रुतैर्नस्यं कारयेद्वमने कृते ।

विशेषगरी बान्ता गराएपछि लाहा, करञ्जका गेडा, मरिच, वायुविडङ्ग, हिङ, पिप्ला र सक्खरलाई भेडाको मूत्रमा घोलेर अपीनसका रोगीलाई नस्य दिनू ।

(ख) शार्ङ्गधर संहिता :

लाक्षाढकं क्वाथयित्वा जलस्य चतुराढकैः । चतुर्थांशं शृतन्नीत्वा तैलप्रस्थे विनिक्षिपेत् ॥
मस्त्वाढकञ्च गोदध्नस्तत्रैव विनियोजयेत् । शतपुष्पामश्वगन्धां हरिद्रां देवदारु च ॥
कटुकां रेणुकां मूर्वां कुष्ठञ्च मधुयष्टिकाम् । चन्दनं मुस्तकं रास्नां पृथक्कर्षप्रमाणतः ॥
चूर्णयित्तत्र निक्षिप्य साधयेन्मृदुवह्निना । अस्याभ्यङ्गात्प्रशाम्यन्ति ..प्रतिश्यायः ...।

(बयर वा इन्द्रजौको) लाहा एक आढकलाई चार आढक पानीमा पकाई एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । यो रसमा तिलको तेल एक प्रस्थ हाल्नू । गाईको दहीको पानी (मस्तु) एक आढक हाल्नू । अनि सुप, अश्वगन्धा, हलेदो, देवदारु, कटुकी, शीतलचिनी, मरुई लहरो, कूट, जेठीमधु, सेतो चन्दन, नागरमोथे र फ्याक्सेकन्द सबै एक एक कर्ष लिई धुलो बनाएर त्यसैमा हाल्नू । यसपछि मन्द आँचमा यसलाई पकाउनू । जब तेलमात्र बाँकी रहन्छ तब झिकेर छान्नू । यसले प्रतिश्याय नाश गर्दछ ।

ल्वाङ आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

लवङ्गं शुद्धकर्पूरमेलात्वङ्नागकेशरम् । जातीफलमुशीरञ्च नागरं कृष्णजीरकम् ॥
कृष्णागरुस्तुगाक्षीरी मांसी नीलोत्पलं कणा । चन्दनं तगरं बालं कङ्कोलञ्चेति चूर्णयेत् ॥
समभागानि सर्वाणि सर्वेभ्योऽर्धा सिता भवेत् । लवङ्गाद्यमिदञ्चूर्णं ... पीनसम् ...नाशयेत् ॥

ल्वाङ, शुद्ध कपुर, अलैंची, दालचिनी, नागकेसर, जाइफल, खस, सुठो, कालोजीरा, कालोधूपी, वंशलोचन, जटामसी, नीलकमल, पिप्ला, रक्तचन्दन, तगर, सुगन्धवाल र फलकपुर बराबर मात्रामा मिसाई धुलो बनाएर यसमा आधा मिस्री मिसाउनू । यो चूर्णलाई लवङ्गादि चूर्ण भनिन्छ । यो चूर्णले पिनास नाश गर्दछ ।

वायुविडङ्ग आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

विडङ्गं सैन्धवं हिङ्गु गुग्गुलुः समनःशिलः । बचैतच्चूर्णमाघ्रातं प्रतिश्यायं विनाशयेत् ॥
घृततैलसमायुक्तं शक्तुधूमं पिबेन्नरः । स धूमः स्यात्प्रतिश्यायकासहिक्काहरः परः ॥

वायुविडङ्ग, सिँधेनुन, हिङ, गोकुलधूप, मैनसिला र बोझोको धूलो सुँघ्नू, प्रतिश्याय नाश हुन्छ । घिउ वा तेल मिसाएको सातुको धुवाँ पिउनाले प्रतिश्याय, खोकी र बाडुली अवश्य नै नाश हुन्छ ।

(ख) योग रत्नाकर : वेल्लगोधूमयोग

वेल्लगोधूमभोजी च निद्रकाले च शीतलम् । जलं पिबति यो रोगी पीनसान्मुच्यते नरः ॥

वायुविडङ्गको धूलो गहुँको पिठोमा मिसाएर खानू र सुत्ने बेलामा चिसो पानी पिउनाले मानिस पिनासबाट छुटकारा पाउँदछ ।

विडङ्गं सैन्धवं हिङ्गु गुग्गुलुः समनःशिलः ॥
प्रतिश्याये वचायुक्तं शक्त्या धूमं पिबेन्नरः । एतच्चूर्णं समाघ्रातं प्रतिश्यायं विनाशयेत् ॥

वायुविडङ्ग, सिँधेनुन हिङ, गोकुलधूप, मनसिला र बोझो मिसाई पिसेर सुप्लोमा दली धूमपान गराउनू । यसैको धूलोको नस्य दिनू । प्रतिश्याय नाश हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

विडङ्गं सैन्धवं हिङ्गु गुग्गुलुः समनःशिलाः । प्रतिश्यायो वचायुक्तं चूर्णमाघ्राय नश्यति ॥

वायुविडङ्ग, सिँधेनुन, हिङ, गोकुलधूप, मनसिला र बोझो मिसाई पिसेर सुँघ्नाले प्रतिश्याय नाश हुन्छ ।

सखर आदिको प्रयोग

(क) योग रत्नाकर, वैद्य रहस्य :

गुडमरिचविमिश्रं पीतमाशु प्रकामं हरति दधि नराणां पीनसं दुर्निवारम् ।

सक्खर, कालो मरिचको धूलो मिसाएर दही पिउनाले कडा खालको पिनास पनि नाश गर्दछ ।

(ख) वङ्गसेन आयुर्वेद :

गुडान्वितं चार्द्रमथादिशन्ति शुक्तोषितं तत्परिपाचनाय॥

सक्खरसँग अदुवा खानाले अथवा शुक्त नामक काँजी पिउनाले प्रतिश्याय पाक्दछ ।

सैजन आदिको प्रयोग

(क) अष्टाङ्ग हृदय :

शिग्रुसिंहीनिकुम्भानां बीजैः सव्योषसैन्धवैः ॥ सवेल्लसुरसैस्तैलं नावनं परमं हितम् ।

पिनासको रोगमा सैजन, कण्टकारी, अजपालको बीज, त्रिकटु, सिँधेनुन, वायुविडङ्ग र तुलसी हालेर विधिपूर्वक पकाइएको तेलको नस्य अति लाभदायक हुन्छ ।

हर्रो आदिको प्रयोग

(क) शार्ङ्गधर संहिता :

हरीतकीशतं भद्रं यवानामाढकन्तथा ॥ पलानि दशमूलस्य विंशतिश्च नियोजयेत् ।
चित्रकः पिप्पलीमूलमपामार्गः शटी(ठी) तथा ॥ कपिकच्छूः शङ्खपुष्पी भार्ङ्गी च गजपिप्पली ।
बला पुष्करमूलञ्च पृथग्द्विपलमात्रया ॥ पचेत् पञ्चाढके नीरे यवैः स्विन्नैः शृतन्नयेत् ।
तच्चाभयाशतं दद्यात्क्वाथे तस्मिन्विचक्षणः ॥ सर्पिस्तैलाष्टपलकं क्षिपेद्गुडतुलान्तथा ।
पक्त्वा लेहत्वमानीय सिद्धे शीते पृथक्पृथक् ॥ क्षौद्रञ्च पिप्पलीचूर्णं दद्यात् कुडवमात्रया ।
हरीतकीद्वयं खादेत्तेन लेहेन नित्यशः ॥ ...पीनसान् । ...नाशयेत्ये(दे)ष ...।

ठूलो जातका हर्रो सय वटा र जौ तीन दशमलव सात तीन किलो (एक आढक) लिनू । पहिला जौलाई कुटेर चार गुना पानीमा हाली पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । छोक्रा फाल्नू । यसपछि दशमूल बीस पल (चार सय ग्राम); चितू, पिप्लाको जरा, दतिवन, कपुरहलेदो, काउछो, शङ्खपुष्पी, भारङ्गी, चाभा, बलु र अरिडको मूल जरा वा कमलको जरा सबै अस्सी अस्सी ग्राम लिई पिँधेर धुलो बनाउनू । यसमा करिब बीस लिटर (पाँच आढक) पानी हाली पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । यसलाई पहिलेको जौको पानीमा मिसाउनू । अनि हर्रो हाल्नू, घिउ र तिलको तेल दुवै तीन सय बीस ग्राम हाल्नू । चार दशमलव आठ किलो मिस्री हाल्नू । अनि फेरी पकाउनू । बाक्लो भएपछि झिक्नू । सेलाएपछि पिप्लाको धुलो र मह दुवै सोह्र सोह्र तोला हाल्नू । यो अगस्त्य ऋषिले बताएको अवलेहलाई अगस्त्यहरीतकी भनिन्छ । यसमा दुई वटा हर्रो मिसाएर खानाले पिनास नाश हुन्छ ।

हिङ आदिको प्रयोग

(क) चक्रदत्त, योग रत्नाकर : हिङ्ग्वादि तैल

हिङ्गुव्योषविडङ्गकट्फलवचारुक्तीक्ष्णगन्धायुतै-
र्लाक्षाश्वेतपुनर्नवाकुटजजैः पुष्पोद्भवैः सौरसैः ।
इत्येभिः कटुतैलमेतदनले मन्दे समूत्रं शृतं
पीतं नासिकया यथाविधि भवेन्नासामयिभ्यो हितम्॥

हिङ, त्रिकटु, वायुविडङ्गकाफल, बोभ्फो, कूट, सैजनका बीज, लाहा, सेतो पुनर्नवा, इन्द्रजौ, र तुलसीका बीज सबै मिसाएर एक पल लिनू । सर्सिउँको तेल आठ तेल र गहुँत बत्तीस पलमा उल्लेखित ओखती हालेर विधिपूर्वक तेल पकाउनू । नाकका रोगीका लागि यो तेलको नस्य लिनू अत्यन्त हितकर हुन्छ ।

(ख) रसरत्न समुच्चय :

जलेन पेषयेद्धिङ्गुह्यञ्जनात्कामलां जयेत्॥

हिङलाई पानीमा राम्ररी पिसी आँखामा गाजल जसरी प्रयोग गर्नाले नाकका रोगका कारण हुने कमलपित्त रोग नाश हुन्छ ।

(ग) वैद्य रहस्य :

हिङ्गुव्योषविडङ्गकट्फलवचारुक्तीक्ष्णगन्धायुतै-
र्लाक्षाश्वेतुपुनर्नवाकुटजजैः पुष्पोद्भवैः सौरसैः ।
इत्येभिः कटुतैलमेतदनले मन्दे समुत्रं श्रृतं
पीतं नासिकया यथाविधिभवेन्नासामयिभ्यो हितम्॥

हिङ, त्रिकटु, वायुविडङ्ग काफल, बोभ्फो, कूट, लाहा, सेतो पुनर्नवा र इन्द्रजौको धूलो हाली सर्सिउँको तेलमा गहुँत मिसाएर मन्द आँचमा विधिपूर्वक तेल पकाउनू । यो तेलको नस्य लिनृ गर्नाले सबै खालका नाकका रोगहरू नाश हुन्छन् ।

हिराभस्म आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

वज्रं मरकतं पुष्पमिन्द्रनीलं सुचूर्णितम् । रसहिङ्गुलगन्धं च कज्जलीं कारयेद्भिषक् ॥
द्रावयेत्तां लोहपात्रे पर्पटाकारतां नयेत् । निर्गुण्डीतुलसीशिग्रुधतूररविवह्निजः ॥
रसैर्व्योषवरारम्भासुरसैरपि भावयेत् । आर्द्रकस्य रसेनापि सप्तधा परिभावयेत् ॥
एवं सिद्धोरसो नाम्ना विख्याता मणिपर्पटी । सेविता गुञ्जया तुल्या निहन्यान्नासिकागदान् ॥
पथ्योपचारादिवशात्सर्वव्याधीन्विशेषतः ॥

राम्ररी धूलो पारिएका हीराभस्म, पन्नाभस्म, पुष्पराजभस्म र नीलमभस्म; पारो, सिंगरफ र गन्धक बराबर लिई पहिले गन्धकलाई पिसेर लेप बनाउनू । यसपछि फलामको कराहीमा घिउ राखेर त्यसमा त्यो लेप हाल्नू अनि मन्द आँचमा पगाल्नू । पग्लेर धेरै पातलो भएपछि त्यसमा माथि बताइएको रत्नको धूलो मिसाएर केराका पातमा राखी पातला पाप्रा बनाउनू । त्यो पाप्रा पिसी निर्गुण्डी, तुलसी, सजिवनको बोक्रा, धतुरो, आँक, चितू, त्रिकटु, त्रिफला र केरा : यी हरेकको रसमा क्रमैले एक एक पटक भिजाउनू । फेरी अदुवाको रसमा सात पटक भिजाएर सुखाई सुकेपछि राम्ररी पिसेर धूलो बनाउनू । यसरी "मणिपर्पटी" नामक रस तयार हुन्छ । यसलाई हरेक दिन एक एक रत्तिका दरले उपर्युक्त अनुपानसँग खाने गर्नाले नाकका सबै रोग नाश गर्दछ । अनि पथ्य आदि उपचार विधि विशेषरूपले पालना गरी फरकफरक अनुपानले प्रयोग गर्नाले सबै खालका रोगहरू नाश हुन्छन् ।

समष्टिगत उपचार खण्ड

पीनस, अपीनस र प्रतिश्यायको समष्टिगत उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

सर्वेष्वादौ पीनसेषु स्नेहस्वेदवमनधूमगण्डूषस्निग्धोष्णभोजननिवातशयनासनानि सेवेत॥

सबै प्रकारका पिनासका रोगमा रोगीलाई शुरुमा चिल्लो सेवन गराउने, सेकेर पसिना निकाल्ने, ओखती खुवाएर बान्ता गराउने, ओखतीले धूमपान गर्न लगाउने, चिल्लो र तातो खाना खुवाउने र हावाले नहान्ने स्थानमा बसाउने वा सुताउने गर्नुपर्दछ ।

पाचनार्थं च गुडार्द्रकक्षीरत्रिकटुकाजमांसमद्याम्लभोजनानि॥

खानपिनलाई पचाउनका लागि रोगीले सक्खर, अदुवा, त्रिकटु, दूध, बोकाको मासु, मदिरा र अमिला पदार्थ खानु पर्दछ ।

व्याख्या : पहिले अदुवा वा त्रिकटु हालेर दूध उमाल्नू र सक्खर सेलाए पछि हाल्नू ।

रोहिषाजाजीवचाचोरकोपकुञ्चिकातर्कारीचातुर्जातकरजो वस्त्रावबद्धं मुहुर्मुहुरुपजिघ्रेत् ।
घृताक्तसक्तून् मल्लकसम्पुटे कृत्वा धूमं च पिबेत्॥

रोहिष नामको झारविशेष, जीरा, बोझो, गन्धपालाविशेष, सुकुमेल, वज्रदन्ती, नागकेसर, अलैंची, तेजपात र दालचिनीको धूलो कपडामा पोको पारी पटकपटक सुँघिरहने गर्नू । घिउ मिसाइएको सातू मकलमा बालेर धूमपान गर्नू ।

पक्वे तु शिरोविरेचनमवपीडं च युञ्ज्यात्॥

पिनास पाकेमा शिरोविरेचन र अवपीडन नस्य दिनू ।

रक्तजे पैत्तिको रक्तपित्तोक्तश्च विधिः॥

रक्तजन्य प्रतिश्यायमा पित्तजन्य रक्तपित्त रोगको जसरी उपचार गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

कफपीनसवत्...अपीनसयोः क्रिया ।

पूतिनासा र अपीनस रोगमा कफजन्य पिनासको जसरी उपचार गर्नू ।

यक्ष्मकृमिक्रमं कुर्वन् यापयेद् दुष्टपीनसे ।

बिग्रेको पिनासमा राजयक्ष्मा र कृमिरोग जसरी उपचार गर्दै यसलाई स्थिर राख्नू ।

सर्वेषु पीनसेष्वादौ निवातागारगो भजेत् । स्नेहनस्वेदवमनधूमगण्डूषधारणम् ॥
वासो गुरूष्णं शिरसः सुघनं परिवेष्टनम् । लघ्वम्ललवणं स्निग्धमुष्णं भोजनमद्रवम् ॥
धन्वमांसगुडक्षीरचणकत्रिकटूत्कटम् । यवगोधूमभूयिष्ठं दधिदाडिमसाधितम् ॥
बालमूलकजो यूषः कुलत्थोत्थश्च पूजितः । कवोष्णं दशमूलाम्बु जीर्णां वा वारुणीं पिबेत् ॥
जिघ्रेच्चोरकतर्कारीवचाजाज्युपकुञ्चिकाः ।

सबै किसिमका पिनासका रोगमा सबभन्दा पहिले रोगीले हावा नलाग्ने खालको घरभित्र बस्नू, खुल्ला हावामा आकाश मुनि नघुम्नू, नबस्नू, नसुत्नू । त्यसपछि स्नेहन, स्वेदन, वमन, धूमपान, मुख कुल्ला जस्ता कार्य गर्नू । (यसो गर्नाले कफ पाकी फुक्लेर बाहिर आउँदछ) । हरपल बाक्लो र ताता लुगा लगाउनू । टाउकामा बाक्लो कपडा बेरिरहनू । पचाउन सहज हुने खालका तथा अमिलो, नुनिलो, चिल्लो, तातो र रस नभएको रुखोसुखो कुरा खानू । जाङ्गलजीवको मासु, सखर, दूध, बोक्रासहित भुटेको चना, त्रिकटुयुक्त जौ वा गहुँको रोटी आदि, दहि दारिम हालेर तयार पारिएका वा अनार मिसाइएका परिकार, सागपात आदि तर्कारी, कलिलो मूलाको रस, गहतको रस, दशमूलको काँढापानी पिउनु लाभदायक हुन्छ । वारुणी नामको सुरा पिउनू । समयो (वृक्ष), गिनेरी वृक्षको बोक्राको धूलो, बोझो र जीरा वा कालोजीराको धूलो कपडामा बेरी पोको बनाएर सुँघ्ने गर्नू ।

शताह्वात्वग्बलामूलं स्योनाकैरण्डबिल्वजम् ॥
सारग्वधं पिबेद् धूमं वसाज्यमदनान्वितम् । अथवा सघृतान् सक्तून् कृत्वा मल्लकसम्पुटे ॥

सुप, दालचिनी, बलुको जरा, टटेलो, अँडिर र बेलको जरा तथा राजवृक्षको धूलोमा बोसो, घिउ वा मैनफल मिसाएर अथवा सातु मात्र घिउमा मिसाएर चिलिममा भरी धूमपान गर्नू ।

त्यजेत् स्नानं शुचं क्रोधं भृशं शय्यां हिमं जलम् ।

पिनास हुँदा चिसो पानीले नुहाउन, शोक गर्न, रिसाउन, धेरै सुत्न र चिसो पानी पिउन बन्द गर्नू । (वर्द्धमान गुडाऽऽर्द्रक योगले पिनास नाश गर्दछ ।) ।

(ग) काश्यप संहिता :

तत्र श्लोकाः-
वातश्लेष्मोत्तरः प्रायः प्रतिश्यायस्त्रिदोषजः । बलाग्निवर्णशमनो निहन्ता चाप्युपेक्षितः ॥

वात र कफको बाहुल्यता हुने पिनास प्रायः त्रिदोषजन्य हुन्छ । यस्तो पिनासले मानिसको बल, पाचनशक्ति र शरीरको वर्णलाई कम पार्दछ । यसको उपेक्षा गरिए यसले मानिसको ज्यान पनि जान सक्दछ ।

तस्मात् प्रथमतस्तस्मिन्ननुपवासः प्रशस्यते । सुखोष्णं दीपनीयाम्बु पिबेद्वा पाञ्चमूलिकम्॥

यसैले यस्ता रोगीलाई शुरुदेखि नै उपवास बस्न लगाउनु पर्दछ । अथवा उसलाई पञ्चमूलको दीपनी र मनतातो काँढा खुवाउनु पर्दछ ।

यथाशक्त्य....दकेऽपि वा । यवागूं रक्तशालीनामुष्णां त्रिलवणान्विताम्॥
पिबेद्यवानामथवा दृष्ट्वा दोषबलाबलम् ।

रोगको दोष र रोगीको बल हेरी रातोमार्सीको तातो जाउलोमा सिँधेनुन, सौवर्चल नुन र बिड्नुन मिसाएर पिउन दिनू अथवा जौको यवागू खान दिनू ।

अग्निप्रावरणोपेतो निवातशयनासनः । लघ्वन्नमुष्णं भुञ्जानो मुच्यते नातिसंपिबेत्॥
वेष्टनं धूमपानं च...गुडहरीतकीम् ।

जुन मानिसको सुत्ने र बस्ने ठाउँ आगो वा ताता वस्त्रले युक्त छ तथा सोझै हावाले हान्दैन, जसले पचाउन सहज हुने र ताता अन्न नै खाने गर्दछ उ प्रतिश्यायबाट मुक्त हुन्छ । प्रतिश्यायका रोगीले धेरै पानी पिउन हुँदैन । उसले शरीरलाई (न्याना) वस्त्रले ढाक्नु पर्दछ तथा विधिपूर्वक धूम्रपान गर्ने र सखर र हर्रो खाने गर्नुपर्दछ ।

जीर्णे च सर्पिषः पानं निशि भुक्त्वा प्रशस्यते । अशाम्यमाने तेनापि पुराणं पाययेद्घृतम्॥
षट्पलं पञ्चगव्यं वा कल्याणकमथाभयम् । यवान्नं च सदाऽत्युष्णं लवणस्नेहवर्धितम्॥
पिप्प...सं पिबेद्वा मरिचान्वितम्॥

पुरानो प्रतिश्यायमा रातको खाना खाएपछि घिउ पिउनु पर्दछ । यसले पनि ठिक नभए छ पल ? पञ्चगव्य, कल्याणक तथा अभय घृत सेवन गर्नुपर्दछ । साथै, सिँधेनुन र चिल्लो हालिएको जौको भात खानु पर्दछ । यसबेला मरिच र पिप्ला हाली पकाइएको काँढापानी पिउनु पर्दछ ।

सैन्धवोष्णोदकोपेतां पिबेच्छुण्ठीं विमुच्यते॥

प्रतिश्याय रोग निको नहुँदासम्म नित्य सिँधेनुन र सुठो हाली तातोपानी पिउनु पर्दछ ।

पिप्पलीवर्धमानं वा युञ्जानो वा गुडाभयाम् । पथ्याशी रोगतत्त्वज्ञः सात्म्यज्ञश्च विमुच्यते॥

रोगको वास्तविकता र त्यसका लागि उपयुक्त आहारविहारका बारेमा जान्ने व्यक्तिले पथ्य खानपिन, वर्धमान पिप्पली नामक उपचार विधि र हर्रो-सखर खाने गर्नाले उ रोगबाट मुक्त हुन्छ ।

पटोलपत्रत्रिफला...प्रतिश्यायाद्विमुच्यते ।

परबरका पात, त्रिफला,...(आदिको सेवन गर्नाले) पिनासबाट मुक्ति मिल्दछ ।

अपानं सर्पिषाऽभ्यज्य निवाते स्वेदयेत् सदा । विष्टम्भिगुरुशीतान्नं दिवास्वप्नं च वर्जयेत्॥

प्रतिश्याय हुनेले पानी त्याग गर्नू (कम पिउनू), शरीरमा घिउ दलेर विधिपूर्वक सेकी पसिना निकाल्नू, कब्जियत गर्ने खानपिन नगर्नू, पचाउन कठिन हुने खानपिन नगर्नू, चिसो खानपिन नगर्नू र दिउस नसुत्नू ।

प्रतिश्यायस्य यत् प्रोक्तमेतत् सर्वं चिकित्सितम्॥ अतिबालस्य तत् सर्वं धात्री कुर्यादशङ्किता । इति ह स्माह भगवान् कश्यपः॥ (इति चिकित्सास्थाने प्रतिश्यायचिकित्सितम्)

पिनासका सबै उपचारका विधि बताइए । अति साना बालकका लागि तिनलाई दूध चुसाउने आमाले यी उपचार विधि कुनै शङ्का नगरी गर्नू । यस्तो भगवान् कश्यपले बताउनु भएको थियो । (चिकित्सास्थान अन्तर्गत पिनासको उपचार विधि समाप्त भयो) ।

(घ) चक्रदत्त, भावप्रकाश संहिता :

शिरसोऽभ्यञ्जनैः स्वेदैर्नस्यैर्मन्दोष्णभोजनैः । वमनैर्घृतपानैश्च तान्यथास्वमुपाचरेत्॥

स्वेदन, टाउकामा तेल दलेर मालिस गर्ने कार्य, नस्य, हल्का तातो भोजन, बान्ता गराउने कार्य र घिउ पियाउने कार्यले रोगीको क्षमता अनुसार प्रतिश्यायको उपचार गर्नू ।

(ङ) चरक संहिता :

सर्वजित्पीनसे दुष्टे ...।

दुष्ट पिनासमा त्रिदोष नाशक उपचार गर्नू ।

(च) भावप्रकाश संहिता :

**कृमिघ्ना ये क्रमाः प्रोक्तास्तान्वै कृमिषु योजयेत् ।
नावनानि कृमिघ्नानि भेषजानि च बुद्धिमान्॥**

प्रतिश्यायमा यदि कीरा परेमा बुद्धिमान् वैद्यले कीरा नाशक जे जे उपाय, नस्य वा ओखती बताएका छन् तिनको प्रयोग गर्नू ।

(छ) भावप्रकाश संहिता, योग रत्नाकर :

प्रतिश्यायेषु सर्वेषु गृहं वातविवर्जितम् । वस्त्रेण गुरुणा तेन शिरसो वेष्टनं हितम्॥

सबै खालका प्रतिश्यायमा हावाले नहान्ने घरमा बस्नु तथा टाउको बाक्लो कपडाले बेर्नु हितकर हुन्छ ।

(ज) भैषज्य रत्नावली :

सर्वेषु पीनसेष्वादौ निर्वातागारगो भवेत् । स्नेहनस्वेदवमनं धूमगण्डूषधारणम्॥

सबै खालका पिनासमा पहिले रोगीलाई हावाले नहान्ने स्थानमा राखी त्यसपछि स्नेहन, स्वेदन, धूमपान र बमन गराई गण्डूष (मुखमा ओखती पानी लिइरहन लगाउने) धारण गर्न लगाउनू ।

वासो गुरूष्ण शिरसः सुघनं परिवेष्टनम् । लघूष्णं लवणं स्निग्धमुष्णभोजनमद्रवम्॥

पिनासका रोगमा भारी, तातो र बाक्लो कपडाले टाउकालाई राम्ररी बाँध्नू । भोजनमा हल्का, तातो, नुनिलो, चिल्लो र पातलो नभएको पदार्थ मनतातो भएपछि खाने गर्नू ।

चव्यादिचूर्ण नामक ओखतीले पिनास नाश गर्दछ ।

पित्तरक्तोत्थयोः पेयं सर्पिर्मधुरकैः श्रृतम् । परिषेकान्प्रदेहांश्च कुर्यादपि च शीतलान्॥

पित्तजन्य र रक्तजन्य प्रतिश्यायमा काकोल्यादिगणका ओखती हाली घिउ पकाएर पिउनू । शीतल पदार्थले पखाल्ने र लेप बनाई दल्ने गर्नू ।

(झ) योग रत्नाकर :

सर्वेषु पीनसेष्वादौ निवातागारगो भवेत् । शिरसोऽऽभ्यञ्जनैः स्वेदैर्नस्यैर्मन्दोष्णभोजनैः॥
वमनैघृतपानैश्च तान्यथास्वमुपाचरेत्॥

सबै खालका प्रतिश्यायमा हावाले नहान्ने घरमा बस्नू । स्वेदन, टाउकामा तेल दलेर मालिस गर्ने कार्य, नस्य, हल्का तातो भोजन, बान्ता गराउने कार्य र घिउ पियाउने कार्यले रोगीको क्षमता अनुसार प्रतिश्यायको उपचार गर्नू ।

बालमूकयोर्यूषः कुलत्थोत्थश्च पूजितः । स्वेदोष्णं च हितं भोज्यं पाचनाय प्रशस्यते॥
ततः पक्वं कफं ज्ञात्वा हरेच्छीर्षविरेचनैः ।

कलिलो मूलाको वा गहतको तात्तातो यूष (सुप) कफजन्य प्रतिश्याय पकाउनका लागि हितकर हुन्छ । सेकेर पसिना निकाल्नू हितकर खानपिन गराउनू । कफ पाकेको थाहा भएपछि शिरोविरेचन

गरी कफलाई बाहिर निकाल्नू ।

(ञ) वङ्गसेन आयुर्वेद :

सर्वेषु पीनसेष्वादौ निवातागारगो भवेत् । शिरसोऽभ्यञ्जनैः स्वेदैर्नस्यैकट्वम्लभोजनैः ॥ वमनैर्घृतपानैश्च नासारोगानुपाचरेत् ॥

सबै खालका पिनासमामा हावाले नहान्ने घरमा बस्नू । टाउकामा तेल दलेर मालिस गर्ने कार्य, सेकेर पसिना निकाल्ने कार्य, नस्य, अमिला पदार्थ खुवाउने कार्य, बान्ता गराउने कार्य र घिउ पियाउने कार्यले रोगीको क्षमता अनुसार उपचार गर्नू ।

स्निग्धस्य छर्दनैर्दोषान्निर्हरेद्वातपीनसे ।

वातजन्य पिनासमा रोगीलाई पहिले चिल्लो बनाएर त्यसपछि बान्ता गराई शुद्ध बनाउनू ।

पित्ते सर्पिः पिबेत्सिद्धं श्रृङ्गवेरेण वा पयः ॥

पित्तजन्य पिनासमा घिउ पिउनू अथवा दूधमा सुठो हालेर पकाई पिउने गर्नू ।

देयं कफघ्नमुष्णञ्च भोजनं रूक्षणं हितम् । विरेकं वमनं ह्यादौ लङ्घनं कफपीनसे ॥

कफजन्य पिनास रोगमा पहिले कफ नाशगर्ने खालका तथा ताता र रुखा भोजन अनि विरेचन, विमन र उपवासका उपचार विधि अपनाउनू ।

स्नेहसेकश्च वा कार्य्यो लिप्ते शिरसि सर्षपैः । लशुनं मुद्गचूर्णैश्च व्योषक्षारयुतैर्हितः ॥

शरीर चिल्लो बनाउने, सेक्ने, टाउकामा सर्सिएको तेल दल्ने तथा लशुन, मुगीको धूलो, त्रिकटुको धूलो र जवाखार खानु हितकर हुन्छ ।

सकासे पीनसे पूतिघ्राणे स्रावे सकण्डुरे । धूमः शस्तोऽवपीतश्च कटुभिः कफपीनसे ॥

कफजन्य पिनास रोगमा खोकी, गनाउने सिङान बग्ने र चिलाउने समस्या भएमा पिरा ओखतीले धूमपान गराउनू ।

कफघ्नमन्नं वार्त्ताकं कुलित्थाढकिमुद्गजाः । यूषाः प्रशस्ताः सव्योषास्तथा तोयोष्ण सेवनम् ॥

कफ नाशगर्ने अन्न, भन्टा, गहत, रहर र मुगी हाली यूष (सुप) बनाएर त्रिकटुको धूलो हालेर पिउने गर्नू तथा तातोपानी पिउनू ।

प्रतिश्यायेषु सर्वेषु गृहं वातविवर्जितम्। वस्त्रेण गुरुणोष्णेन शिरसो वेष्टनं हितम्॥

सबै खालका प्रतिश्यायमा हावाले नहान्ने घरमा बस्नु तथा टाउको बाक्लो र तातो कपडाले बेर्नु हितकर हुन्छ ।

(ट) वैद्य रहस्य :

अष्टाङ्गलेहिकाश्चूर्णं क्वाथं वाऽऽर्द्रकजै रसैः । पीनसे स्वरभेदे च तमके स हलीमके ।
सन्निपाते कफे वाते कासे श्वासे च शस्यते ।

अथवा अष्टाङ्गावलेह वा अष्टाङ्गचूर्ण वा यसको काँढापानीमा अदुवाको रस मिसाएर पिउनाले पिनास, स्वर बसेको, तकम, दम, हलीमक, सन्निपात, कफविकार, वातविकार र सामान्य दम पनि नाश हुन्छ ।

(ठ) शार्ङ्गधर संहिता :

बलवन्तं ...पीनस...षु । ... वमनं कारयेद्भिषक्। नस्यं त्यजेद्... नवप्रतिश्यायी ...।

बलियो पिनासका रोगीलाई वैद्यले बान्ता गराउनू । भर्खर पिनास लाग्न शुरु भएका मानिसले नाकमा नस नहाल्नू ।

नस्येष्वासिच्यमानेषु शिरो नैव प्रकम्पयेत्॥ न कुप्येन्न प्रभाषेत नोच्छिन्देन्न हसेत्तथा ।
एतैर्हि विहितः स्नेहो नैवान्तः सम्प्रपद्यते॥ ततः कासप्रतिश्यायशिरोऽक्षिगदसम्भवः ।

नाकमा नस हालेपछि टाउको नहल्लाउनू, नरिसाउनू, कसैसँग नबोल्नू, बल गरी गरी हाच्छिउँ नगर्नू, नहाँस्नू । यदि यी काम गरियो भने हालिएको नसको चिल्लो टाउकाको भित्रसम्म पुग्दैन (तलतिर जान्छ वा बाहिर निस्कन्छ) । यसो गर्नाले झन् खोकी लाग्ने, प्रतिश्याय हुने (वा बढ्ने) तथा टाउको र आँखा दुख्ने जस्ता समस्या देखिन्छन् ।

...प्रतिश्यायान्...हन्याद्धूमः सुयोजितः । ...प्रतिश्याये ... नस्यं वैरेचनं हितम्॥

विधिपूर्वक गरिएको धूमपानले प्रतिश्यायसम्बन्धी विकार पूरै नष्ट हुन्छ । प्रतिश्यायमा विरेचन नस्य दिनु लाभदायक हुन्छ ।

(ड) सुश्रुत संहिता :

नवं प्रतिश्यायमपास्य सर्वमुपाचरेत् सर्पिष एव पानैः ।
स्वेदैर्विचित्रैर्वमनैश्च युक्तैः कालोपपन्नैरवपीडनैश्च॥

भर्खर शुरु भएको प्रतिश्यायलाई छाडी बाँकी सबै प्रतिश्यायमा रोगीलाई घिउ पिउन लगाउनू । अनेक

किसिमका पसिना निकाल्ने विधिको प्रयोग गराउनू । विधिपूर्वक बान्ता गराउनू र अवपीडन नस्य दिनू ।

अपच्च्यमानस्य हि पाचनार्थं स्वेदो हितोऽम्लैरहिमं च भोज्यम् ।
निषेव्यमाणं पयसाऽऽर्द्रकं वा संपाचयेदिक्षुविकारयोगैः ॥

नपाकेको प्रतिश्यायमा पकाउनका लागि सेकेर पसिना निकाल्नू । अमिलो र तातो भोजन दिनू । दूधसँग अदुवा वा उखुले बनेका पदार्थ खुवाएर पकाउनू ।

पक्वं घनं चाप्यवलम्बमानं शिरोविरेकैरपकर्षयेत्तम् ।
विरेचनास्थापनधूमपानैरवेक्ष्य दोषान् कवलग्रहैश्च ॥

कफ (सिङान) पाकेको वा बाक्लो भएको र जम्मा हुने गरेको प्रतिश्यायमा त्यो सिङानलाई शिरोविरेचनका माध्यमले बाहिरतिर तान्नू । रोग हेरी दिसा लगाउने, आस्थापन वस्ति दिने, धूप सुँघाउने, नस्य दिने र मुख कुल्ला गर्न लगाउने जस्ता उपाय अपनाउनू ।

निवातशय्यासनचेष्टनानि मूर्ध्नो गुरूष्णं च तथैव वासः ।
तीक्ष्णा विरेकाः शिरसः सधूमा रूक्षं यवान्नं विजया च सेव्या ॥

हावाले सोझै नहाउने स्थानमा बस्नू, सुत्नू र रहनू । टाउकोमा तातो र बाक्लो कपडा बेर्नू । तिक्खर ओखतीले शिरोविरेचन लिनू । ओखतीको धूमपान गर्नू । रुखा पदार्थ, जौ र हर्रो खाने गर्नू ।

शीताम्बुयोषिच्छिशिरावगाहचिन्तातिरूक्षाशनवेगरोधान् ।
शोकं च मद्यानि नवानि चैव विवर्जयेत् पीनसरोगजुष्टः ॥

चिसो पानी, मैथुन, टाउको नुहाउने कार्य, चिन्ता, अति रुखा खानपिन, दिसा पिसाब आदिको वेग रोक्ने कार्य, शोक र भर्खर बनाएका मदिरा पिउने कार्य : यी कुरा पिनास रोग हुनेले (रोग पूरा ठिक नहुँदासम्म) बार्नू ।

छर्द्यङ्गसादज्वरगौरवार्तमरोचकारत्यतिसारयुक्तम् ।
विलङ्घनैः पाचनदीपनीयैरुपाचरेत् पीनसिनं यथावत् ॥

वाकवाकी, जीउ दुख्ने, जरो, शरीरको भारीपन, अरुचि, बेचैनी र छेरपटी हुने पिनासका रोगीको उपचार उपवास तथा दीपन र पाचन रोगका अनुसार उपचार गर्नू ।

समूत्रपित्ताश्चोद्दिष्टाः क्रियाः कृमिषु योजयेत् । यापनार्थं कृमिघ्नानि भेषजानि च बुद्धिमान् ॥

बुद्धिमान् वैद्यले कृमिनाशक उपचार गहुँत र गोरोचन मिसाएर तथा सुरसादि गणका कृमिनाशक उपचार कृमिरोग भएको प्रतिश्यायका लागि गर्नू ।

(ढ) **हारीत संहिता :** प्राणमोदक नामक ओखतीले पिनास नाश गर्दछ ।

विविध

नाकमा कीरा परेको उपचार

(क) चक्रदत्त, भैषज्य रत्नावली :

समूत्रपिष्टाश्चोद्दिष्टाः क्रियाः कृमिषु योजयेत् । नावनार्थं कृमिघ्नानि भेषजानि च बुद्धिमान् ॥

नाक पाकेर कीरा पर्न गए कीरानाशक ओखती गहुँतमा पिसेर नस्य दिनू । अथवा सुरसादिगणका ओखतीको काँढापानी पकाएर नस्य दिनू । नाकमा परेका कीरा तुरुन्त नाश हुन्छन् ।

(ख) योग रत्नाकर :

कृमिघ्ना ये क्रमाः प्रोक्तास्तान्वै कृमिषु योजयेत् ।
धावनानि कृमिघ्नानि भेषजानि च बुद्धिमान् ॥

कृमिनाशक उपचारका क्रममा बताइएका विधि नाकमा कीरा पर्दा पनि प्रयोग गर्नू । कृमिनाशक काँढापानीले नाक सफा गर्ने गर्नू ।

रक्ताम्रस्वरसः शुद्धस्तक्रेण सह नस्यतः । तस्य पर्णानि पिष्ट्वा च बध्नीयान्नासिकामुखे ॥
पतन्ति कीटकाः सद्यो योगोऽयं त्रिदिनैर्हितः । पीनसान्मुच्यते रोगी शतशोऽनुमितं त्विदम् ॥

रातो आँपको शुद्ध (छानेको) रस मोहीमा मिसाएर नस्य दिन दिनू । त्यही आँपको पात पिसेर नाक र मुखमा बाँध्नू । यसो गर्नाले तीन दिनमा नै नाकका कीरा बाहिर खस्दछन् । रोगी पिनासबाट मुक्त हुन्छन् । यो एक अनुभव सिद्ध प्रयोग हो ।

(ग) वङ्गसेन आयुर्वेद :

गोमूत्रपिष्टाश्चोद्दिष्टाः क्रियाः कृमिषु योजयेत् । धावनानि कृमिघ्नानि भेषजानि च बुद्धिमान् ॥

कृमिनासा रोगमा कृमिनाशक ओखती गहुँतमा पिसेर नाक पखाल्ने गर्नू ।

नाकका रोगमा हितकर (पथ्य) कुराहरू

(क) भैषज्य रत्नावली :

स्थितिर्निर्वातनिलये प्रगाढोष्णीषधारणम् । गण्डूषो लङ्घनं नस्यं धूमश्छर्दिं शिराब्यधः ॥
कटुचूर्णं नासारन्ध्रे निक्षिप्यान्तः प्रवेशनम् । स्वेदः स्नेहः शिरोऽभ्यङ्गः पुराणा यवशालयः ॥
कुलत्थमुद्गयोर्यूषो ग्राम्यजाङ्गलजा रसाः । वार्त्ताकुः कुलकं शिग्रुः कर्कोटं बालमूलकम् ॥
लशुनं दधि तप्ताम्बु वारुणी च कटुत्रयम् । कट्वम्ललवणं स्निग्धमुष्णं लघु च भोजनम् ॥
नासारोगे पीनसादौ सेव्यमेतद्यथामलम् ॥

हावाले नहान्ने स्थानमा बस्नु, शिरमा पगरी वा बाक्लो कपडा बाँध्नु, मुखमा ओखती पानी केहीबेर लिने गर्नु, भोको बस्नु, ओखतीको धूमपान, वमन, शिरावेध (नसा छेडेर रगत निकाल्ने कार्य), पिरा ओखतीको धूलो नाकका प्वालमा राखी हाच्छिउँ गर्नु, स्वेदन (सेकेर पसिना निकाल्नु), स्नेहन (चिल्लो खानु), टाउकोको मालिस, पुरानो जौ, मार्सीचामल, गहत र मुगीको सुप, ग्रामीण र जाङ्गल जीवको मासुको रस, भन्टा, परबर, सजिवन, चठेल, कलिला मूला, लसुन, दही, तातो पानी, वारुणी नामक मदिरा, त्रिकटु, पिरो, अमिलो, नुनिलो, चिल्लो, तातो, हलुका भोजन आदि कुरा दोष अनुसार सेवन गर्नाले पिनास र नाकका अन्य रोगमा हित गर्दछ ।

(ख) योग रत्नाकर :

स्नेहः स्वेदः शिरोभ्यङ्गः पुराणा यवशालयः । कुलित्थमुद्गयोर्यूषो ग्राम्या जाङ्गलजा रसाः ॥
वार्ताकं कुलकं शिग्रु कर्कोटं बालमूलकम् । लशुनं दधि तप्ताम्बु वारुणी च कटुत्रयम् ॥
कट्वम्ललवणं स्निग्धमुष्णं च लघु भोजनम् । नासारोगे पीनसादौ सेव्यमेतद्यथामलम् ॥

चिल्लो खुवाउने वा दल्ने, सेकेर पसिना निकाल्ने, टाउकामा तेल आदि दलेर मालिस गर्ने, पुरानो जौ र मार्सीधानको चामल, गहत र मुगीको यूष, ग्राम्य र जाङ्गल पशुपंक्षीको मासुको रस, भन्टा, परबर, सैजन, काँको, कलिलो मूला, लसुन, दही, तातोपानी, वारुणी नामको मदिरा, त्रिकटु; पिरो, अमिलो, नुनिलो, चिल्लो र तातो सजिलै पच्ने भोजन : यी सबै पिनास आदि नाकका रोगमा दोषको अवस्था हेरी खानु पर्दछ ।

कफघ्नमन्नं वार्ताकं कुलत्थाढकिमुद्गजाः । यूषाः ससैन्धवव्योषाः शस्ताश्चोष्णास्तु पीनसे ॥

पिनास रोगमा कफविकार नाशगर्ने खालका अनाज तथा भन्टा, गहत, रहर, मुगीको रसमा सिँधेनुन र त्रिकटुको धूलो मिसाएर तात्तातै पिउनु हितकर हुन्छ ।

नाकका रोगमा अहितकर (अपथ्य) कुराहरू

(क) अष्टाङ्ग सङ्ग्रह :

निदानोक्तानि च वर्जयेत् । विशेषेण शीताम्बुस्नानपानात्युच्चोपधानानुपधानक्रोधशोकान्॥

पिनास रोग हुनेले निदान खण्डमा बताइएका गर्न नहुने कुरा नगर्नू । विशेषगरी चिसो पानीले नुहाउने, चिसो पानी पिउने, अग्लो तकियामा सुत्ने, तकिया नहाली सुत्ने, रिसाउने र शोक गर्ने कार्य नगर्नू ।

(ख) भैषज्य रत्नावली :

विरुद्धानि दिवास्वप्नमभिष्यन्दि गुरूणि च । स्नानं क्रोधं शकृन्मूत्रबाष्पवेगाञ्शुचं द्रवम्॥
भूशय्यामपि यत्नेन नासारोगी परित्यजेत्॥

परस्पर विरोधी खानपिन गर्न, दिउस दिउस सुत्न, कफ बढाउने र पचाउन कठिन हुने कुरा खानपिन गर्न, (नित्य धेरैबेर लगाएर) नुहाउन, रिसाइरहन, दिसा पिसाब र आँशुको बेग रोक्न, शोक गरिरहन, पातला कुरा पिउन र भुइँमा सुत्न नाकका रोगीले प्रयत्नपूर्वक छाड्नू ।

(ग) योग रत्नाकर :

स्नानं क्रोधं शकृन्मूत्रवातवेगान्शूचं द्रवम् । भूमिशय्यां च यत्नेन नासारोगी परित्यजेत्॥

(नित्य धेरैबेर लगाएर) नुहाउन, रिसाइरहन, दिसा पिसाब र आँशुको बेग रोक्न, शोक गरिरहन, पातला कुरा पिउन र भुइँमा सुत्न नाकका रोगीले प्रयत्नपूर्वक छाड्नू ।

तौल र नापो (श्रोत : आयुर्टाइम्स डटकम)

आयुर्वेदीक नापो	आधुनिक नापो (करिब)
१ परमाणु	०.००१६ मिलिग्राम
१ ध्वंशी वा वंशी वा त्रसरेणु	०.०५ मिलिग्राम
१ मरीचि	०.३२ मिलिग्राम
१ रक्तसर्षप	१.९५ मिलिग्राम
१ तुण्डल	१५.६२ मिलिग्राम
१ धान्याम्श	३१.२५ मिलिग्राम
१ यव	६२.५ मिलिग्राम
१ रत्ती	१२५ मिलिग्राम
१ अण्डिका	२५० मिलिग्राम
१ माषक वा माषा	१ ग्राम
१ शाण	३ ग्राम
१ कोल	६ ग्राम
१ तोला	१२ ग्राम
१ कर्ष	१२ ग्राम
१ शुक्ति	२४ ग्राम
१ पल	४८ ग्राम
१ छतङ्क	६० ग्राम
१ प्रसृति	९६ ग्राम
१ छटक	१८६ ग्राम
१ कुडव	१९२ ग्राम
१ पाउ	२४० ग्राम
१ माणिका	३८४ ग्राम
१ प्रस्थ	७६८ ग्राम
१ सेर	९६० ग्राम
१ आढक	३.७३ किलोग्राम
१ तुला	४.८ किलोग्राम
१ द्रोण	१२.२२८ किलोग्राम
१ सु(सू)र्प	२४.५७६ किलोग्राम
१ द्रोणी	४९.१५२ किलोग्राम
१ भार	९६ किलोग्राम
१ खारी	१९६.६०८ किलोग्राम

॥ समाप्त ॥